
सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

३ भदौ २०८०, आइतबार (20 Aug 2023, Sunday) ■ नेपाल संवत् ११४३ ■ वर्ष १७ ■ अंक १२९ ■ पृष्ठ १२ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. ५/-

'मिसन ८४' अभियानमा जनमत पार्टी



२३ जिल्लामा संगठन विस्तार, समानुपातिक मत २० लाख पुऱ्याएर मधेसको पहिलो शक्ति बन्ने लक्ष्य

(विस्तृत पृष्ठ ३)



नयाँ पत्रिका Lifestyle

बाल्यावस्थाले मानिसको समग्र जीवनमा प्रभाव पर्छ। त्यसैले हामीले बालबालिकाको शारीरिक तथा मानसिक विकासका क्रममा देखिने चुनौतीलाई पहिल्याएर यसको समाधान खोज्नुपर्छ।

● डा. अनिलराज ओझा
वरिष्ठ बालविकास विशेषज्ञ
पाटन अस्पताल

(पृष्ठ ५)

ल्याटिन अमेरिका बन्न सक्छ कमोडिटी महाशक्ति



सन् २०३२ सम्ममा यहाँको कुल खाद्यान्न निर्यातले एक खर्ब अमेरिकी डलर नाघ्नेछ र विश्वकै सबैभन्दा ठूलो निर्यात गर्ने देश हुनेछ

(विस्तृत पृष्ठ ७)

आयल निगम सर्वाधिक नाफा गर्ने संस्थान, प्राधिकरण दोस्रो

दुई आर्थिक वर्ष नोक्सानी खेपेको आयल निगम गत आवमा अन्तर्राष्ट्रिय बजारअनुसार नेपालमा पेट्रोलियमको मूल्य नघटाउँदा चर्को नाफा आर्जन गर्न सफल

सरकारको पूर्ण तथा आंशिक लगानीमा सञ्चालित ४२ मध्ये केही संस्थान मात्रै नाफामा गएर सरकारलाई लाभांश दिन सक्षम

(विस्तृत पृष्ठ ९)

NIMB नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि. NEPAL INVESTMENT MEGA BANK LTD.

एकै वर्षमा २० प्रतिशतले बढ्यो अपराध

०७८/७९ मा ४६,९०२ मुद्दा प्रहरीकहाँ पुगेकामा ०७९/८० मा ५६,३१९ दर्ता, वर्षौंदेखि जनशक्ति भने उही

करिब ८० हजार जनशक्ति रहेको प्रहरीमा अपराध अनुसन्धानमा भने २३९२ मात्र प्रत्यक्ष अबद्ध, एकजनाको भागमा वर्षमा औसत २३ मुद्दा, चाप हुने जिल्लामा त ५० वटासम्म

आर्थिक र सामाजिक अपराध बढेका छन्



● डिआइजी कुबेर कडायत, प्रवक्ता, नेपाल प्रहरी

तथ्यांकमा अपराध धेरै बढेको देखिए पनि गम्भीर किसिमका अपराध बढेका छैनन्, कतिपय त घटेका छन्। आर्थिक र सामाजिक अपराध, खासगरी चेक बाउन्ससँग सम्बन्धित जाहेरी प्रहरीमा बढेका छन्। हत्या, अपहरण, डकैतीजस्ता जघन्य प्रकृतिका अपराध कम नै छन्। बलात्कारका घटना उच्च नै छन्। साइबर अपराधका घटना पनि धेरै छन्। अपराधको संख्या बढेपछि स्वाभाविक रूपमा प्रहरीको कार्यबोझ बढ्छ। अपराध अनुसन्धानमा जनशक्ति बढाउँदै लैजाने प्रहरीको योजना छ।

- आर्थिक, लागुऔषध र सामाजिक अपराध उच्च
- हत्या र जुवाका घटनामा कमी
- दैनिक १९ जनाले गर्छन् आत्महत्या

नवराज मैनाली/नयाँ पत्रिका


पछिल्लो एक वर्षमा अघिल्लो वर्षभन्दा करिब १० हजारभन्दा धेरै अपराधका घटना प्रहरीमा दर्ता भएका छन्। यो अघिल्लो वर्षको तुलनामा २० प्रतिशतले बढी हो।

०७९/८० मा प्रहरीमा ५६ हजार तीन सय १५ अपराधका घटना दर्ता भएको प्रहरी प्रधान कार्यालयको तथ्यांक छ। जुन ०७८/७९ को तुलनामा २०.०७ प्रतिशतले बढी हो। उक्त वर्ष ४६ हजार नौ सय दुई अपराधका घटना दर्ता भएका थिए।

अपराध उच्चदरमा वृद्धि हुँदा पनि त्यसको अनुसन्धान गर्ने जनशक्तिको संख्या भने उही छ। अनुसन्धानमा न्यून जनशक्ति हुँदा प्रहरीमाथि अत्यधिक कार्यबोझ बढेको छ। करिब ८० हजार जनशक्ति रहेको नेपाल प्रहरीमा दुई हजार तीन सय ९२ जना मात्र अपराध अनुसन्धानमा प्रत्यक्ष आबद्ध छन्। जसअनुसार

» पृष्ठ ११ मा क्रमशः

अपराध तथ्यांक



कुन घटनाका कति मुद्दा दर्ता ?

विस्तृत तथ्यांक पृष्ठ ११

● बलात्कारसम्बन्धी घटनाको अवस्था लगभग उस्तै छ। जबर्जस्ती करणीका घटना ०७८/७९ मा दुई हजार तीन सय ८० रहेकामा ०७९/८० मा दुई हजार तीन सय ८७ दर्ता भएका छन्। त्यस्तै, जबर्जस्ती करणी उद्योगसम्बन्धी मुद्दा भने घटेका छन्। ०७८/७९ मा ६ सय ८८ दर्ता भएकोमा ०७९/८० मा पाँच सय १८ दर्ता भएका छन्।

● महिला हिंसाका उजुरी पनि उच्च छन्। एक वर्षमा १६ हजार पाँच सय १९ उजुरी दर्ता भएका छन्। महिला हिंसाका घटनामा थोरै मात्र अदालत जाने गरेको छ। बालयौन दुराचारका घटना भने बढेका छन्। अघिल्लो वर्ष तीन सय १४ रहेकोमा ०७९/८० मा तीन सय ४३ पुगेको छ। आपराधिक विश्वासघातका मुद्दा पनि बढेका छन्। ०७८/७९ मा सात सय ३९ वटा रहेकोमा ०७९/८० मा एक हजार एक सय पाँच पुगेको छ।

● एक वर्षमा साइबर अपराधसम्बन्धी करिब ६ हजार उजुरी प्रहरीमा दर्ता भएका छन्। साइबर ब्युरोका अनुसार पाँच हजार नौ सय पाँच उजुरी दर्ता भएका छन्। यद्यपि, साइबर अपराधसम्बन्धी मुद्दा अदालतमा भने एक सय ३३ वटा मात्र दर्ता भएका छन्। धेरै घटना प्रहरीमा पेन्डिङमा छन्।



एक वर्षमा ११ हजार फरार समातिए

एक वर्षको अवधिमा प्रहरीले ११ हजार नौ सय दुईजना फरार अपराधीलाई पक्राउ गरेको छ। अदालतबाट दोषी ठहर भइसकेकालाई पक्राउ गरी फैसला कार्यान्वयनका लागि अदालतमा पेस गरिएको प्रहरीले जनाएको छ। फरारहरूबाट चार हजार आठ सय ६६ वर्ष एक महिना २८ दिन कैद र ९९ करोड ३८ लाख २९ हजार जरिवाना असुल भएको छ। त्यस्तै, ट्राफिक कारबाहीबाट मात्र प्रहरीले एक अर्ब ९५ करोड २६ लाख राजस्व संकलन गरेको छ। एक वर्षमा २५ लाख ३८ हजार चालक कारबाहीमा परेका छन्।

■ बोटको स्याउ बोरामा



लमजुङमा **शान्ता कमली**

फागुन-चैतमा ढकमक्क फूल लागेका बोटमा यतिवेला पाकेका स्याउ लटरम्म छन्। किसानहरू स्याउ टिप्दै बोरा भर्दै छन्। हिमाली जिल्ला मनाङको तल्लो क्षेत्र नर्सौं गाउँपालिका- ८ ताचैका सोमराज गुरुङको परिवार हिजोआज बिहानैदेखि बर्गैचामा स्याउ टिप्न व्यस्त छ। उनको बारीमा गाला, गोल्डेन, फुजी र जोनाप्रिन्स जातका स्याउ छन्। अहिले गाजा जातिको स्याउ पाकेको छ। अबको एक सातामा फुजी र दुई सातामा गोल्डेन जातको पनि टिप्न तयार हुन्छन्। उनले २५ रोपनी जग्गा भाडामा लिएर व्यावसायिक स्याउ खेती गरेका छन्। सोमराजलगायत किसानले इटालीबाट बिरुवा ल्याएर हाइडेन्सिटी प्रविधिमा चार जातका स्याउ खेती गर्दै आएका छन्। यहाँको स्याउको बजार बैंसीसहर, पोखरा, काठमाडौं र चितवन हो। माथिल्लो मनाङमा भने स्याउ पाक्ने समय अझै भएको छैन।

एमाले संसदीय दलका उपनेता सुवास नेम्वाङको टिप्पणी

संसद्को अवरोध संविधान र नियमसंगत छैन

कमलराज भट्ट/नयाँ पत्रिका

प्रमुख प्रतिपक्षी दल एमाले संसदीय दलका उपनेता सुवासचन्द्र नेम्वाङले संसद्को अवरोध संविधान र नियमसंगत नभएको टिप्पणी गरेका छन्। आफ्नै दल एमालेले सुन तस्करी प्रकरण छानबिनका लागि उच्चस्तरीय समिति माग गरेर एक महिनादेखि निरन्तर सदन अवरुद्ध गरिरहेका वेला नेम्वाङले उक्त काम संविधान र नियमसंगत नभएको बताएका हुन्।

संविधानसभा अध्यक्षसमेत रहेका नेम्वाङले संघीय संसद् सचिवालयले आयोजना गरेको 'संसद्-सञ्चार सम्बन्ध' विषयक अन्तर्क्रियामा शनिबार काभ्रेको धुलिखेलमा भने, 'संसद्मा अवरोध नियमसंगत होइन, संविधानले अवरोध गर्ने कुरालाई अनुमति दिएको छैन, नियमले पनि अवरोधको कल्पना गर्दैन।'

नेम्वाङले नियमविपरीत अवरोधको अभ्यास गर्नेले त्यसको पुष्टि गर्नुपर्ने बताए। उनका अनुसार एमालेले अहिले गरिरहेको संसद् अवरोधको औचित्य पुष्टि गर्नुपर्छ। 'राजनीतिक दलहरूले कहिलेकाहीं संसद् अवरोध गर्छन्। अवरोध गर्दैनन् भनेर मैले भनेको छैन। तर, त्यो अवरोधको आवश्यकता पुष्टि गर्ने जिम्मेवारी सम्बन्धित दलकै हो। अहिले मेरो दल छ भने मेरो दलले त्यसलाई जस्टिफाई

» पृष्ठ ११ मा क्रमशः



अहिले एमालेले अवरोधको आवश्यकता पुष्टि गर्नुपर्छ

संसद्मा अवरोध नियमसंगत होइन। संविधानले अवरोध गर्ने कुरालाई अनुमति दिएको छैन। नियमले पनि अवरोधको कल्पना गर्दैन। राजनीतिक दलहरूले कहिलेकाहीं संसद् अवरोध गर्छन्। अवरोध गर्दैनन् भनेर मैले भनेको छैन। तर, त्यो अवरोधको आवश्यकता पुष्टि गर्ने जिम्मेवारी सम्बन्धित दलकै हो। अहिले मेरो दल छ भने मेरो दलले त्यसलाई जस्टिफाई गर्नुपर्छ।

■ सन्थाल र उराँवका लागि १३२ घर बनाउने पौने आठ करोडको योजना

जग्गा विवादले शिलान्यासको ३० महिनामा पनि निर्माण सुरु भएन



● गंगाप्रसाद खरेल,
मेयर, ऊर्लाबारी नगरपालिका

पटक-पटक वार्ता गर्दा पनि जग्गा विवाद टुंग्याउन सकिएको छैन। २४ असोजबाट समय सकिन्छ, छिटो ठाउँ खाली गर्न भनेर सरकारबाट भनिएको छ। दलहरूको सहमति जुटाउन खोजिरहेका छौं।

ऊर्लाबारी (मोरङ)मा **चिरञ्जीवी घिमिरे**

मोरङको उर्लाबारी नगरपालिका- ९ गुरुङटोलकी ७० वर्षीया गौरा मड्रीले अरूको जग्गामा जस्ताको छाप्रो बनाएकी छिन्। बर्खामा पानी चुहिन्छ, हिउँदको शीत पनि छेक्दैन। बर्खामा घरभित्र पानी पसेपछि ऋण गरेर त्रिपाल किनेर लगाएकी छिन्। अर्काको खेतमा कृषि मजदुरका रूपमा काम गर्ने गौरासँग घर बनाउने पैसा छैन, आफूसँग जग्गाजमिन पनि छैन।

गौराको छाप्रोदेखि पाँच सय मिटर उत्तरपश्चिमको रातेहोली खोलाको उकास क्षेत्रको चार बिघामा सन्थालका लागि एक सय ६ र उराँवका लागि २६ गरी

» पृष्ठ ११ मा क्रमशः



सन्थाल र उराँवका लागि एकीकृत नमुना बस्ती निर्माण गर्न शिलान्यास गरिएको रातेहोली खोलाको उकास क्षेत्र



ऊर्लाबारी- ९ गुरुङटोलकी गौरा मड्री र उनको छाप्रो

■ ठेक्का तोड्ने तयारी : ठेक्काको म्याद सकिनै लाग्दा जग्गा व्यवस्थापन नभएपछि एकीकृत बस्तीको ठेक्का तोड्ने तयारी गरिएको छ। सहरी विकास मन्त्रालयअन्तर्गत संघीय आयोजना कार्यान्वयन एकाइ कार्यालय विराटनगरका सूचना अधिकारी इन्जिनियर अशोकुमार रामले भने, 'अब जग्गा व्यवस्थापन हुने सम्भावना कम छ। म्याद सकिँदा पनि जग्गा व्यवस्थापन भएन भने ठेक्का तोड्नुपर्छ। ठेक्का तोड्दा निर्माण कम्पनीले लगेको अग्रिम भुक्तानी पनि फिर्ता आउँछ।' ऊर्लाबारी नगरपालिकाले अझै पनि जग्गा व्यवस्थापन गरेमा म्याद भने थप्न सकिने उनले बताए। बस्ती निर्माणका लागि सात करोड ८७ लाखमा बस्ती निर्माणका लागि ०७८ साल असार २४ मा सगुन क्षितिज जेभीले ठेक्का पाएको थियो। सम्झौताअनुसार निर्माण कम्पनीले २४ असोज ०८० मा बस्ती निर्माण गरिसक्नुपर्दथ्यो। निर्माण कम्पनीले ७७ लाख ६४ हजार रुपैयाँ अग्रिम भुक्तानीसमेत लगिसकेको छ।

नौजनाबाट १५ वर्षीया बालिकामाथि सामूहिक बलात्कार

६ महिनाकी गर्भवती भएको थाहा पाएपछि मात्रै बाहिरियो घटना

डोल्पामा **रामचन्द्र न्यौपाने**

डोल्पाको जगदुल्ला गाउँपालिकामा नौजना युवाले १५ वर्षीया बालिकामाथि बलात्कार घरेको घटना ६ महिनापछि बाहिरिएको छ। बालिका ६ महिनाको गर्भवती भएको थाहा पाएपछि परिवारले जिल्ला प्रहरी कार्यालयमा उजुरी दिएसँगै घटना बाहिरिएको हो।

जगदुल्ला- ६ बस्ने बालिकामाथि स्थानीय युवाहरूले पटक-पटक बलात्कार गरेको किटानी जाहेरी परिवारबाट जिल्ला प्रहरी कार्यालयमा आएपछि नौमध्ये तीनजनालाई पक्राउ गरिएको डिएसपी शिव बुढाथोकीले जानकारी दिए। दुईलाई जुम्लाबाट र एकलाई गाउँबाट नियन्त्रणमा लिएको तथा बाँकी ६ जनाको खोजी भइरहेको उनले बताए। प्रहरीका अनुसार पीडित बालिकालाई हेरचाह केन्द्रमा स्थानान्तर गर्नका लागि समन्वय भइरहेको छ। बालिकाको परिवार निम्नवर्गको भएकाले गाउँमै घटना मिलाउन दबाब दिइएको थियो। तर, बालिका गर्भवती भएको थाहा पाइसकेपछि परिवार प्रहरीमा पुगेको हो। पीडित बालिका कक्षा ७ मा पढ्दै थिइन्।

दक्षिण ललितपुरका साढे सात हजार घरधुरीमा सामुदायिक विद्युतीकरण

नयाँ पत्रिका

सामुदायिक विद्युतीकरणले दक्षिण ललितपुरको दैनिकी निकै सहज बनेको छ। यहाँका सात हजार पाँच सयभन्दा बढी घरधुरीमा सामुदायिक विद्युतीकरणले ल्याएको परिवर्तन देख्न सकिन्छ। गाउँघरमै उद्योग सञ्चालन भएका छन्, २४सै घन्टा निरन्तर विद्युत् उपलब्ध हुनुका साथै गाउँका कुना-कुनासम्म सहजै सञ्चार सम्पर्क हुन थालेको छ। करिब एक दशकअघिसम्म ललितपुरको दक्षिणी भेगका तत्कालीन १९ वटा गाउँ विकास समितिमा विद्युत् सेवा पुगेको थिएन। २ भदौ ०६१ देखि तत्कालीन देवीचौर गाउँ विकास समितिमा सहकारीमार्फत विद्युतीकरणको ग्राहक सेवा सुरु भएसँगै यो परिवर्तन सुरु भएको हो। देवीचौर अहिले गोदावरी नगरपालिका-७ भएको छ भने बाँकी बागमती, महाँकाल र कोन्ज्योसोम गाउँपालिकाको वडामा परिणत भएका छन्।

■ शक्तिबहादुर बस्नेत, ऊर्जामन्त्री



सरकारले सामुदायिक ग्रामीण विद्युतीकरण अभियानलाई साथ दिन्छ, संविधानले सार्वजनिक-निजी साझेदारीका साथै नागरिकको सहभागितामा गरिने विकासको अवधारणालाई प्रवर्द्धन गरेको छ। विद्युत् सहकारीले गरिरहेको कामलाई राज्यकै हिस्साका रूपमा बुझ्छौं।

■ 'ग्रामीण विद्युतीकरणलाई अभियानका रूपमा लैजान्छौं'

दक्षिण ललितपुर ग्रामीण विद्युत् सहकारी संस्था लिमिटेडमार्फत विद्युतीकरणको १९औं वर्ष पूरा भएको अवसरमा शनिबार आयोजित कार्यक्रममा ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री शक्तिबहादुर बस्नेतले जनतालाई विकास अभियानको साझेदार बनाउने पद्धतिलाई थप विस्तार गरिने बताए। सरकार सामुदायिक ग्रामीण विद्युतीकरण अभियानलाई थप व्यवस्थित गर्न तयार रहेको उनको भनाइ छ। उनले भने, 'विकासमा जनताको सहभागिता र अपनत्व, प्रतिफलमा साझेदारी सुनिश्चित हुनुपर्छ। हामीले यसलाई अझ बढी महत्त्व दिनुपर्छ।' मन्त्री बस्नेतले सामुदायिक विद्युतीकरणको महत्त्वपूर्ण भाग सहकारी भएको र यसले गरेको काम कदरयोग्य रहेको भन्दै सामुदायिक विद्युतीकरणको प्रशंसा गरे। बागमती प्रदेश सभा सदस्य मधुसूदन पौडेलले सामुदायिक विद्युतीकरणमा मन्त्री फेरिएपछि आइरहने समस्या समाधान हुनुपर्ने बताए। उनले नियमावलीमा समावेश गरेर नीतिगत रूपमै सहकारीमार्फत सञ्चालित सामुदायिक विद्युतीकरणलाई सहज हुने व्यवस्था राखिनुपर्नेमा जोड दिए।

जिल्ला समन्वय समितिका प्रमुख ऋषिदेव फुँयालले प्रत्येक नागरिकलाई खुसी बनाएर सेवा प्रदान गर्नेतर्फ ध्यान दिन आग्रह गरे। उनले सामुदायिक विद्युतीकरणमा जिल्ला विकासले गरेको जस्तै अहिले समन्वय समितिले पनि सहयोग, समन्वय र सहजीकरण गर्ने बताए। नेपाली कांग्रेस बागमती प्रदेशका सहमहामन्त्री ऋषिराम घिमिरेले तत्कालीन समयमा स्थानीय जनप्रतिनिधि हुँदा दक्षिण ललितपुर विद्युत् सहकारी संस्था गठनका बेला संस्थापक उपाध्यक्ष भएर काम गरेको स्मरण गरे।

कोन्ज्योसोम गाउँपालिकाका अध्यक्ष कृष्णमान लामाले ललितपुरको सातदोबाटोमा भएको विकास र सेवालाई हेरेर दक्षिण ललितपुरलाई तुलना गर्न नहुने भन्दै सुविधासम्पन्न स्थानीय तह र प्राकृतिक प्रकोपले बर्सेनि समस्या थपिरहने पालिकालाई एउटै रूपमा हेरिन नहुने बताए।

संस्थाका पूर्वअध्यक्ष रामकृष्ण हुमागाईंले १७ साउन ०५७ मा सहकारी स्थापना हुँदा द्वन्द्वको चरम अवस्था रहेको स्मरण गर्दै सरकार र समुदायको आधा-आधा लगानीमा विद्युतीकरणको काम सञ्चालन भएको बताए। संस्थाका अध्यक्ष गोविन्दप्रसाद बजगाईंले सामुदायिक विद्युतीकरणले सुधारिएको चुलो, बायो ग्यासको प्रवर्द्धनलगायतमा प्रभावकारी काम भएको बताए।

अभियान लघुवित्त वित्तीय संस्था लिमिटेड
Aviyan Laghubitta Bittiya Sanstha Ltd.
नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजत प्राप्त राष्ट्रियस्तरको कार्यक्षेत्र भएको संस्था

केन्द्रीय कार्यालय, पनौती-४, काभ्रे, फोन नं.: ०११-४४१०२७, ४४१०२८
E-mail : aviyanlaghu@gmail.com, Website : www.aviyanlaghubitta.com

Unaudited Interim Financial Statement

Condensed Statement of Financial Position As on 31st Ashadh 2080

Amount in NPR

Particulars	This Quarter Ending	Immediate Previous Year Ending (Audited)
Assets		
Cash and cash equivalents	128,929,314.15	122,399,926.00
Statutory Balance and due from Nepal Rastra Bank	-	-
Placement with Bank and Financial Institutions	-	-
Derivative Financial Instruments	-	-
Other Trading Assets	-	-
Loans and advances to MFISs & Cooperatives	-	-
Loans and advances to customers	1,772,394,397.68	2,067,149,819.89
Investment securities	-	-
Current tax assets	-	-
Investment property	-	-
Property and Equipment	18,366,463.59	20,279,982.88
Goodwill and Intangible assets	1,369,062.50	1,392,719.42
Deferred Tax Assets	582,542.00	1,195,679.60
Other assets	40,501,748.81	31,975,387.46
Total Assets	**1,962,143,528.73**	**2,244,393,515.25**
Liabilities		
Due to Bank and Financial Institutions	1,453,454,644.25	1,690,868,923.35
Due to Nepal Rastra Bank	-	-
Derivative Financial Instrument	-	-
Deposits from customers	208,425,262.29	311,574,394
Borrowings	-	-
Current Tax Liabilities	3,685,394.34	364,349.40
Provisions	-	-
Deferred Tax Liabilities	-	-
Other liabilities	19,211,713.70	62,047,401.14
Debt securities issued	-	-
Subordinated Liabilities	-	-
Total Liabilities	**1,684,777,014.58**	**2,064,855,067**
Equity		
Share Capital	250,000,000.00	152,500,000.00
Share Premium	-	-
Retained Earnings	(6,361,519.65)	4,564,233.59
Reserves	33,728,033.80	22,474,214.24
Total Equity	**277,366,514.15**	**179,538,447.82**
Total Liablities and Equity	**1,962,143,528.73**	**2,244,393,515**

Condensed Statement of Profit or Loss For the quarter ended 31st Ashadh 2080

Amount in NPR

Particulars	Current Year		Previous Year Corresponding	
	This Quarter	Upto this Quarter (YTD)	This Quarter	Upto this Quarter (YTD)
Interest income	302,559,658	532,997,497	223,577,744	285,531,691
Interest expense	263,000,474	437,675,055	160,646,554	182,371,213
Net interest income	**39,559,184**	**95,322,442**	**62,931,190**	**103,160,478**
Fees and commission income	363,227	19,959,459	(1,980,955)	26,372,252
Fees and commission expense	-	-	-	-
Net fee and commission income	**363,227**	**19,959,459**	**(1,980,955)**	**26,372,252**
Net interest, fee and commission income	**39,922,411**	**115,281,901**	**60,950,235**	**129,532,731**
Net trading income	-	-	-	-
Other operating income	-	-	-	-
Total operating income	**39,922,411**	**115,281,901**	**60,950,235**	**129,532,731**
Impairment charge/(reversal) for loans and other losses	1,120,990	(1,276,578)	(13,752,228)	4,011,651
Net operating income	**38,801,421**	**116,558,479**	**74,702,463**	**125,521,080**
Operating expense	28,535,817	116,230,413	68,928,059	108,796,825
Personnel expenses	19,229,884	72,353,609	39,387,729	67,847,599
Other Operating expenses	8,400,038	40,426,963	28,599,206	37,184,731
Depreciation and Amortization	905,895	3,449,841	941,124	3,764,495
Operating Profit	**10,265,604**	**328,066**	**5,774,404**	**16,724,255**
Non-operating Income	(20,637,015)	-	-	-
Non-operating expense	-	-	-	-
Profit before income tax	**(10,371,411)**	**328,066**	**5,774,404**	**16,724,255**
Income tax expense	-	-	7,269,520	8,012,296
Current tax	-	-	7,474,793	8,217,569
Deferred Tax	-	-	(205,274)	(205,274)
Profit for the period	**(10,371,411)**	**328,066**	**(1,495,116)**	**8,711,959**

Condensed Statement of Comprehensive Income

Amount in NPR

Particulars	Current Year		Previous Year Corresponding	
	This Quarter	Upto this Quarter	This Quarter	Upto this Quarter
Profit or loss for the Period	**(10,371,411)**	**328,066**	**(1,495,116)**	**8,711,959**
Other Comprehensive Income	-	-	-	-
Total Comprehensive Income for the period	**(10,371,411)**	**328,066**	**(1,495,116)**	**8,711,959**
Basic earnings per share		**0.13**	-	-
Diluted earnings per share		0.13	-	-

Ratios as per NRB Directive

Particulars	Current Year		Previous Year Corresponding	
	This Quarter	Upto this Quarter	This Quarter	Upto this Quarter
Capital Fund to RWA		13.59%		8.56%
Non-Performing Loan (NPL) to total Loan		4.89%		2.60%
Total loan loss provision to Total NPL		37.82%		57.83%
Cost of funds		13.55%		11.19%
Credit to Deposits and Borrowing Ratio		106.65%		666.19%
Base rate		22.42%		20.90%
Interest Rate Spread		0.85%		3.64%

Statement of Distributable Profit or Loss

Amount in NPR

Net profit For the end of 31st Ashadh 2080	**328,066**
1. Appropriation	
1.1 Profit required to be appropriated to:	**72,175**
a. General Reserve	65,613
b. Capital Redemption Reserve	
c. Exchange Fluctuation Fund	
d. Corporate Social Responsibility Fund	3,281
e. Employee Training Fund	
f. Client Protection Fund	3,281
g. Other	
1.2 Profit required to be transferred to Regulatory Reserve	**11,181,645**
a. Transferred to Regulatory Reserve	11,181,645
b. Transferred from Regulatory Reserve	
Net Profit for the period end of 31st Ashadh 2080 Available for Distribution	**(10,925,753)**

Notes :

1. Above financial statements are prepared in accordance with Nepal Financial Reporting Standards (NFRS).
2. Loan and advances are stated at net of impairment charge and included interest receivable on loan.
3. Above figures may vary upon otherwise direction made by Statutory auditor and Regulators.
4. Figures has been regrouped/rearranged/restated whereever necessary..
5. The interim financial statements has been uploaded in the website www.aviyanlaghubitta.com

धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ को अनुसूची १४ नियम २६ को उपनियम (१) संग सम्बन्धित आ.व. २०७९/०८० को चौथो त्रैमासिक प्रतिवेदन

१. **प्रमुख वित्तीय विवरण :**

क) त्रैमासिक अवधिको वासलात, नाफा-नोक्सान हिसाब सम्बन्धी विवरण : यस वित्तीय संस्थाको आ.व. ०७९/८० को चौथो त्रैमासिक अवधिको अपरिष्कृत (unaudited) वासलात तथा नाफा नोक्सान सम्बन्धी विवरण यसैसाथ प्रकाशित गरिएको छ। साथै, उल्लेखित वित्तीय विवरण यस संस्थाको आधिकारिक वेवसाइट www.aviyanlaghubitta.com मा समेत प्रकाशन गरिएको छ।

ख) प्रमुख वित्तीय अनुपातहरू :

प्रति शेयर आम्दानी (वार्षिक)	मूल्य आम्दानी अनुपात (गुणा)	प्रति शेयर नेटवर्थ	प्रतिशेयर कूल सम्पत्तिको मूल्य	तरलता अनुपात
०.१३	५३७.९२	११०.९५	७८४.८६	५५.०९

२. **व्यवस्थापकीय विश्लेषण :**

क) त्रैमासिक अवधिमा संस्थाको मौज्दात, आम्दानी र तरलता कुनै परिवर्तन भएको भए सो को प्रमुख कारण सम्बन्धी विवरण : चालु आ.व. २०७९/०८० को चौथो त्रैमास अवधिका वित्तीय कारोबारहरु प्रक्षेपण गरिएको व्यवसायिक योजना अनुरुप नै रहेको छ। वित्तीय कारोबारहरुमा केही क्रमिक सुधार भई बैंकको मौज्दात, आम्दानी र तरलतामा सन्तोषजनक रुपमा वृद्धि भएको छ।

ख) व्यवसायिक योजना सम्बन्धमा व्यवस्थापनको विश्लेषणात्मक विवरण : नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजत प्राप्त राष्ट्रिय स्तरको यस लघुवित्त वित्तीय संस्थाले शुरु देखि नै वित्तीय पहुंच अभिवृद्धि गराई नेपालको गरिबी घटाउने, जीवनस्तरमा गुणस्तरयुक्त परिवर्तनका साथै लघु उद्यमशिलताको विकास गर्ने उद्देश्यले नेपाल भरि नै लघुवित्त सेवा प्रदान गर्ने अठोटका साथ अगाडी बढिरहेको छ। हाल २१ वटा जिल्लाहरुमा ६० वटा शाखा कार्यालय अन्तर्गत २९,७८६ जना सदस्यहरु लघुवित्तमा आवद्ध रहेका छन्, संस्थाले सदस्यहरुको क्षमता अभिवृद्धि, उद्यमशिलता विकास र व्यवसाय विस्तार गर्न व्यवसायिक साक्षरता तथा सिप विकास तालिम प्रदान गर्ने कार्यक्रमहरु गर्दै आईरहेको छ। आगामी अवधिमा प्रभावकारी रुपमा व्यवसायिक उपलब्धि हासिल गर्नका लागि संस्था प्रयत्नशील रहेको छ। पूँजीको आधार बलियो बनाई थप संस्थागत विकास र व्यवसायिक प्रगति हासिल गर्न उपयुक्त लघुवित्त वित्तीय संस्थासंग समन्वय गरी मर्जर तथा एक्विजिशन गर्ने समेत संस्थाको आगामी योजना रहेको छ।

ग) विगतको अनुभवबाट संगठित संस्थाको मौज्दात, नाफा वा नगद प्रवाहमा तात्विक असर पार्न सक्ने घटना अवस्था आदि भएमा सो सम्बन्धी विश्लेषणात्मक विवरण : हालको परिस्थितिमा सम्पूर्ण बैंकिङ प्रणाली नै तरलता अभावका माझ जुधिरहेको अवस्थामा समीक्षा अवधिमा वित्तीय संस्थाको कोषको लागत बढ्न गई नाफा र वित्तीय स्रोत परिचालनमा प्रत्यक्ष प्रभाव पार्ने देखिएको छ। यस अवधिमा कर्जा विस्तार बचत संकलन तथा नाफामा अपेक्षित नतिजा प्राप्त भएको छैन। नेपाल राष्ट्र बैंकको हालैको निर्देशन अनुसार धितो तथा विना धितो कर्जा समान सीमा तथा एउटा ऋणीलाई एउटा मात्र लघुवित्त वित्तीय संस्थाले कर्जा प्रवाह गर्नुपर्ने व्यवस्थाको कारण दोहोरोपनामा परेका ऋणीहरुले कर्जा तिर्न नसकी भाखा नाघ्न जाने, ऋणी संख्यामा कमी आउने र कर्जा लगानीमा थप संकुचन आउने देखिन्छ।

३. **कानूनी कारवाही सम्बन्धी विवरण :**

क) चौथो त्रैमासिक अवधिमा संस्थाले कसै विरुद्ध मुद्धा दायर गरेको छैन र संस्था विरुद्धमा मुद्धा दायर भएको कुनै सूचना जानकारी प्राप्त भएको छैन।

ख) वित्तीय संस्थाको संस्थापक वा संचालकले वा संस्थापक वा संचालकको विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौजदारी सम्बन्धी कुनै मुद्दा दायर गरेको वा भएको जानकारी प्राप्त भएको छैन।

ग) कुनै संस्थापक वा संचालक विरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर भएको जानकारी प्राप्त भएको छैन।

४. **संगठित संस्थाको शेयर कारोबार सम्बन्धी विश्लेषण:**

क) यस संस्थाको शेयर कारोबारको अवस्था, दोस्रो बजारसंग सकारात्मक रहेको छ।

ख) नेपाल स्टक एक्सचेन्जको वेभसाइट अनुसार मिति २०८०/०१/०१ देखी २०८०/०३/३१ सम्मको अवधिमा शेयर कारोबार निम्न बमोजिम रहेको छ।

अधिकतम मूल्य	न्युनतम मूल्य	अन्तिम मूल्य	कारोबार भएको कूल दिन	कारोबार संख्या	शेयर संख्या
७६०	५४९	६९९	६३	७४६३	२७८,७६६

५. **समस्या तथा चुनौती :**

सम्पूर्ण क्षेत्रमा छाएको मन्दीका कारण संस्थाका सदस्यहरु र ऋणीहरुले समयमा बचत र कर्जाको किस्ता भुक्तानी नियमित गर्न सकिरहेका छैनन्। हाल देखिएको दोहोरोपना, बहु बैंकिङ तरलता संकट, बैंक तथा वित्तीय संस्थाहरुबाट उपलब्ध कर्जाको ब्याजदरमा उच्च वृद्धिका कारण लागतमा वृद्धि, कार्यस्थलमा कर्मचारीको सुरक्षा र लघुवित्त विरोधी गतिविधिहरु, नियमनकारी निकायको परिवर्तित निर्देशनले व्यवसायमा पार्ने प्रभाव, कर्मचारीहरु पलायन हुने जोखिम, अप्रत्यासित रुपमा सृजना हुनसक्ने प्रतिकूल अवस्था आदि वित्तीय संस्थाको समस्या तथा चूनौतीहरु हुन्।

६. **संस्थागत सुशासन :**

संस्थागत सुशासन, संस्था विकासको मेरुदण्ड भएकोले यसलाई मार्गदर्शनको रुपमा लिई संस्थागत सुशासन लगायतका निर्देशनहरु पालना गर्नुका साथै प्रचलित ऐनहरु कम्पनी ऐन २०६३, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, नेपाल राष्ट्र बैंक ऐन २०५८, धितोपत्र सम्बन्धी ऐन २०६३, आयकर ऐन २०५८ तथा श्रम ऐन २०७४ पालना गरिएको छ। आवश्यकता अनुसार विभिन्न नीति, निर्देशिका तथा कार्यविधीहरु निर्माण गरी सोको कार्यान्वयन गर्दै आइरहेको छ।

७. **सत्य, तथ्यता सम्बन्धमा प्रमुख कार्यकारी अधिकृतको उद्घोषणः**

आजका मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्बन्धमा म संस्थाको तर्फबाट उत्तरदायित्व लिन्छु। साथै म यो उद्घोष गर्दछु कि यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य, तथ्य र पूर्ण छन् र लगानीकर्ताहरुलाई सुसूचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाइएको छैन।

ललितपुरमा समानान्तर पार्किङ सुरु



ललितपुर/ ललितपुर महानगरपालिकाले पार्किङ व्यवस्थित गर्न समानान्तर पार्किङ नियम लागू गरेको छ। शनिबारदेखि लागू हुने गरी जावलाखेलस्थित खरिबोटबाट भनिमण्डलतर्फको सडकमा यो नियम लागू गरिएको हो। यस सडकको एक साइटमा सवारी समानान्तर किसिमले पार्किङ गर्नुपर्नेछ। महानगरका नगर प्रहरी प्रमुख सीताराम हाछेथूले सीधा पार्किङ गर्दा जाम हुने समस्या भएकाले यस्तो नियम लागू गरिएको जानकारी दिए। उनका अनुसार समानान्तर पार्किङले सडक चौडातर्फको थोरै ठाउँ मात्रै ओगट्छ। पहिलो चरणमा खरिबोट-भनिमण्डलमा मात्रै गरिएको यो नियम क्रमशः अन्य ठाउँमा पनि लागू गरिनेछ। त्यस्तै, महानगरभित्रका चार लेन सडकमा यसरी पार्किङ गर्न दिँदा सडक जाम हुने समस्या कम हुन्छ।

शनिबार उपत्यकामा

कोटेश्वर : काठमाडौं महानगरपालिका-३२, कोटेश्वरस्थित सडकमा बा.१७च ९६९ नम्बरको हात्ती गाडीको ठक्करबाट काठमाडौं, कोटेश्वर बस्ने ७६ वर्षीय पदमनाथ त्रिपाठीको मृत्यु भएको छ। दुर्घटनमा गम्भीर घाइते भएका उनको बिएन्डबी अस्पताल ग्वार्को ललितपुरमा उपचारका क्रममा मृत्यु भएको हो। गाडीचालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ।

रामशाहपथ : सवारीसाधनमा कपडाको झल्लर, डोरी र रिबन नराख्न तथा स्टिकर नटाँस्न काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालयले अनुरोध गरेको छ। यस्ता खालका सामग्रीका कारण दुर्घटनाको जोखिम बढ्ने भएकाले सवारीसाधनमा नियमविपरीत यी सामग्री राखेको तथा टाँसेको पाइएमा कारबाही गर्ने चेतावनी दिएको छ। काठमाडौं उपत्यकामा सञ्चालन हुने सवारीसाधनमा राखिएका झल्लर, डोरी, रिबन र स्टिकर हटाउने अभियान सञ्चालन भइरहेकाले आफ्नो सवारीसाधनमा राखेका यस्ता सामग्री तत्काल हटाएर सहयोग गर्न प्रहरीको अनुरोध छ।

कीर्तिपुर : काठमाडौंको कीर्तिपुरस्थित चोभारमा ट्राफिक प्रहरीले गरेको सवारी चेकिङका क्रममा लागुपदार्थ सेवन गरी सवारीसाधन चलाउँदै गरेका तीनजना चालकलाई नियन्त्रणमा लिएको छ। ना.१ज १८७१ नम्बरको सुमोचालक मकवानपुर हेटौंडा उपमहानगरपालिका-५, पदमपोखरीका २६ वर्षीय विनोद पुलामी मगर, ना.१ज ३६२५ नम्बरको सुमोचालक स्याङ्जाको भिरकोट नगरपालिका-८ का २५ वर्षीय प्रितम गुरुङ र प्रदेश ३-०२-००२प ६९२० नम्बरको मोटरसाइकलचालक ललितपुर मंगलबजारका ३७ वर्षीय सुमन नकर्मीलाई नियन्त्रणमा लिएको हो। नियन्त्रणमा लिएका तीनैजनालाई आवश्यक अनुसन्धान तथा कारबाहीका लागि प्रहरीवृत्त कीर्तिपुरमा पठाइएको छ।

बबरमहल : नेपाल प्रहरीले एमबिबिएस कोर्स अध्ययन गर्न जाने प्रयोजनका लागि शैक्षिक प्रमाणपत्र नक्कली बनाएको आरोपमा सातजनालाई पक्राउ गरेको छ। प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरोले नक्कली शैक्षिक प्रमाणपत्रविरुद्ध सञ्चालन गरेको 'अप्रेसन'मा एमबिबिएस अध्ययन गर्न जाने प्रयोजनका लागि आफ्नो शैक्षिक योग्यताको प्रमाणपत्र नक्कली बनाएकाले सातजनालाई पक्राउ गरी शुक्रबार राति सार्वजनिक गरेको हो। पक्राउ पर्नेमा अनु फार्मेसी विराटनगरमा कार्यरत मोरङका ३४ वर्षीय मनित चौधरी, त्रिभुवन विश्वविद्यालय शिक्षण अस्पताल महाराजगन्जमा कार्यरत बाराका ३४ वर्षीय अमित चौधरी, एमडी अध्ययनको तयारी गरेकी काठमाडौंकी २९ वर्षीया एरिना शाह, इसान बाल अस्पताल वसुन्धरामा कार्यरत ललितपुरकी ३३ वर्षीया श्रद्धा शिल्पकार, काठमाडौंका २८ वर्षीया पुनम थापा, बागमती अस्पताल रौतहटमा कार्यरत सिराहाका ३२ वर्षीय रामबाबु यादव र चितवन मेडिकल कलेजमा अध्ययनरत सप्तरीका २८ वर्षीय नसिम अख्तर रहेका छन्। ब्युरोका प्रवक्ता एवं प्रहरी उपरीक्षक सञ्जयसिंह थापाले शैक्षिक योग्यतामा अंक वास्तविकभन्दा थपघट गरी काम गरिरहेको र पढिरहेकाले पक्राउ गरिएको जानकारी दिए।

'नेपालमा महिलाको अवस्था' सार्वजनिक



काठमाडौं/ राष्ट्रिय महिला आयोगद्वारा प्रकाशित 'नेपालमा महिलाको अवस्था' नामक पुस्तक सार्वजनिक भएको छ। शनिबार आयोजित कार्यक्रममा प्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलियाले उक्त पुस्तक सार्वजनिक गरेका हुन्।

नेपालका विभिन्न क्षेत्रमा महिलाको अवस्था झल्काउने उद्देश्यले गत वर्षदेखि प्रकाशन सुरु गरिएको हो। यो दोस्रो प्रयास भएको महिला आयोगकी अध्यक्ष कमला पराजुलीले जानकारी दिइन्। महिला अधिकारबारे अध्ययन गर्न, विभिन्न क्षेत्रमा महिलाको अवस्था कस्तो छ भन्ने जान्न र महिला अधिकार र सशक्तीकरणका लागि काम गर्न, योजना बनाउन पुस्तक सहयोगी हुने विश्वास पराजुलीले व्यक्त गरिन्। पुस्तकमा निर्वाचित पदहरूमा महिलाको अवस्थाका साथै मन्त्रिपरिषद्, स्वास्थ्य क्षेत्र, न्याय क्षेत्र, निजामती, सुरक्षा निकाय, शिक्षा क्षेत्रजस्ता विविध क्षेत्रमा महिलाको अवस्था संख्यात्मक रूपमा उल्लेख छ।

‘मिसन ८४’ अभियानमा जनमत पार्टी

२३ जिल्लामा संगठन विस्तार, समानुपातिक मत २० लाख पुऱ्याएर मधेसको पहिलो शक्ति बन्ने लक्ष्य

अनिल यादव/नयाँ पत्रिका


०७९ को प्रतिनिधिसभा तथा प्रदेश सभाको निर्वाचनबाट मधेस प्रदेशको नयाँ शक्तिका रूपमा उदाएको सिके राउत नेतृत्वको जनमत पार्टी आफ्नो आधार क्षेत्र मधेसमा जनमत बढाउन आक्रामक अभियानमा जुटेको छ। चार वर्षपछि हुने निर्वाचनलाई केन्द्रमा राखेर जनमतले ‘मिसन ८४’ अभियान नै थालेको हो।

०७९ को निर्वाचनमा प्रतिनिधिसभामा पाँच, प्रदेश सभामा मधेस प्रदेशका १३ र लुम्बिनीका तीन गरेर १६ सिट जितेको जनमतले ०८४ को निर्वाचनमा कम्तीमा २० लाख समानुपातिक मत ल्याउने लक्ष्य लिएको छ। गत मंसिरमा सम्पन्न निर्वाचनमा प्रतिनिधिसभातर्फ तीन लाख ९४ हजार पाँच सय १६ समानुपातिक मत ल्याएर राष्ट्रिय दल बनेको जनमतले त्यसलाई पाँच गुणा बढाउने गरी संगठन विस्तारमा जुटेको हो।

‘समानुपातिक मतलाई पाँच गुणा बढाएर २० लाख पुऱ्याउने गरी संगठन विस्तारमा जुटिरहेका छौं,’ जनमत पार्टीका राष्ट्रिय सचिव बिपी साहले भने, ‘सोही हाराहारीको सदस्य बनाउन वडा सुदृढीकरण अभियान, कमिटी गठन र पुनर्गठन, नेता तथा कार्यकर्ता प्रशिक्षण अभियानलाई तीव्रता दिइरहेका छौं।’ उनका अनुसार अहिले मधेसका आठ, लुम्बिनीका ६, कोसीका तीन, गण्डकीको एक, सुदूरपश्चिमको दुई र बागमतीको मकवानपुर र सिन्धुली गरेर २३ जिल्लामा संगठन विस्तार र पार्टी सदस्यता वितरण भइरहेको छ। पार्टी सदस्यता लिनेको संख्या आठ लाख पुगेको जनमतले दाबी गरेको छ। ‘केन्द्रबाट पठाइएको आठ लाख सदस्यताको ठेली (रसिद) सकिएको छ,’ साहले भने, ‘सदस्यता दोहोरिएको छ कि भनेर रुजु भइरहेको छ। हाम्रो मिसन भेट्न ०८४ को चुनावसम्म २० लाख सदस्य पुऱ्याउन अब १२ लाख आवश्यक छ। चार वर्षभित्र प्रत्येक वर्ष अढाई लाख सदस्य थप्दा यो टार्गेट भेटिन्छ भन्ने हिसाबले हामी जुटेका छौं।’

निर्वाचनलगत्तै नेता तथा कार्यकर्ता प्रशिक्षण अभियानमा जुटेको जनमतले हालसम्म १८ जिल्लामा प्रशिक्षण कार्यक्रम सम्पन्न गरेको छ। जनमतले अहिले वडास्तरका कमिटी गठन र पुनर्गठन गरिरहेको जनाएको छ। वडा तहबाटै बलियो भए पार्टी बलियो हुने जनमतको बुझाइ छ। ‘स्थानीय तहको निर्वाचनमा होमिँदा हामीसँग २२ सयजति वडा कमिटी थिए,’ साहले भने, ‘तर मधेसमा सिके राउतको क्रेज र पार्टीप्रति जनलहरअनुसार स्थानीय तहमा अपेक्षित परिणाम आएन। त्यसपछि नै हामीले वडालाई सुदृढीकरण गरेर बलियो बनाउनुपर्छ भनेर समीक्षा गरेका थियौं। सोहीअनुसार अहिले वडास्तरको कमिटी पुनर्गठन भइरहेका छन्।’

अहिलेसम्म ९५२ वडा समिति पुनर्गठन भइसकेको साहले बताए। गाउँपालिकास्तरको वडा कमिटीमा न्यूनतम २१ सदस्यीय, नगरस्तरीय वडा कमिटीमा आवश्यकताअनुसार कमिटी भइरहेको उनको भनाइ छ। ‘एउटै वडामा तीन-चारवटा गाउँ र टोल हुने भएकाले सबै गाउँ टोल समेट्नुपर्दा समितिको आकार ठूलो हुन सक्छ,’ उनले भने, ‘एउटा वडामा दुई सय सदस्य पुगेपछि त्यहाँ वडा अधिवेशन गर्न सकिने हाम्रो विधान छ। दुई सय पुऱ्याउन वडा कमिटीलाई बुथ कमिटी, महिला र युवा कमिटी गठन गर्न निर्देशन दिइएको छ।’ ०७९ को स्थानीय तहको निर्वाचनमा कुल १३६ मध्ये ११८ पालिकामा उम्मेदवार उठाएको जनमतको अहिले दुई सय कमिटी भए पनि यसलाई सक्रिय र बलियो बनाउन पुनर्गठनको तयारी गरिएको जनाएको छ।



■ एक केन्द्रीय सदस्य, एक पालिका

हालै ५३ सदस्यीय केन्द्रीय समितिलाई २२० पुऱ्याएको जनमतले संगठन विस्तारलाई व्यापक बनाउन पालिकामा केन्द्रीय तहकै नेतालाई खटाउने निर्णय गरेको छ। एक केन्द्रीय सदस्यलाई एक पालिकाको जिम्मेवारी दिने निर्णय भएको सचिव साहले बताए। ‘अब सबै केन्द्रीय सदस्य फिल्डमा खटिनुहुनेछ,’ उनले भने, ‘सबैले जिम्मा दिइएको पालिकामा पार्टी प्रवेश कार्यक्रम गराउनुपर्ने निर्देशन छ। अहिले बर्खा लागेकाले भदौपछि यो अभियानले तीव्रता लिनेछ।’

■ **बिपी साह**, सचिव, जनमत पार्टी



समानुपातिक मतलाई पाँच गुणा बढाएर २० लाख पुऱ्याउने गरी संगठन विस्तारमा जुटिरहेका छौं। सोही हाराहारीको सदस्य बनाउन वडा सुदृढीकरण अभियान, कमिटी गठन र पुनर्गठन, नेता तथा कार्यकर्ता प्रशिक्षण अभियानलाई तीव्रता दिइरहेका छौं।

करिब चार लाख समानुपातिक मत ल्याएको जनमतले निर्वाचनपछिको आठ महिनामा २३ जिल्लाका आठ लाखले पार्टी सदस्यता लिएको दाबी गरेको छ। जसअनुसार जनमतले यसबीचमा थप चार लाख शुभेच्छुक बढाएको देखिन्छ। सचिव साहले अधिकांश मधेसकेन्द्रित दलमा रहेकाहरू नै भित्रिरहेको बताए। ‘लोसपाबाट सबैभन्दा धेरै आइरहेका छन्,’ उनले भने, ‘दोस्रोमा जसपा, तेस्रोमा माओवादी र त्यसपछि कांग्रेसबाट आउनेहरू छन्। कतिपय ठाउँमा त लोसपाको पूरै कमिटी सदस्यहरू नै जनमतमा मर्ज भएको उदाहरणसम्म छ।’

लोसपाका नेता डा. शरदसिंह यादव र जसपाका पूर्वसांसद नर्सिङ चौधरी जनमत प्रवेश गरेका छन्। दुवैजना जनमतको १७ सदस्यीय सचिवालय कमिटीमा आबद्ध छन्। माओवादीबाट आएका पूर्वप्रदेश सांसद प्रह्लाद गिरी, जसपाबाट पूर्वराज्यमन्त्री करिमा बेगम, शशीकपुर मिया आएका छन्। माओवादीबाट आएका महेश यादव अहिले मधेस प्रदेशका शिक्षामन्त्री नै छन्। लोसपाबाट भित्रिएका सतीशकुमार सिंह मधेश प्रदेशका सांसद छन्। माओवादीबाट आएका रामगमन साह सप्तरी जिल्ला इन्चार्ज, जसपाबाट आएका विनोद यादव सिराहा जिल्ला इन्चार्ज, जसपाबाट आएका सुरेन्द्र मण्डल जनमतको धनुषा जिल्ला इन्चार्ज छन्। धनुषामा जसपाबाट आएका सुरेन्द्र मण्डल जिल्ला इन्चार्ज छन्। सचिव साहले केही जिल्लामा रवि लामिछाने नेतृत्वको राष्ट्रिय स्वतन्त्र पार्टीका मधेस प्रदेशका नेताहरू पनि प्रवेश गरेको बताए।

■ जनमतप्रति डाक्टर र इन्जिनियरको आकर्षण

युवा र बौद्धिक नेतृत्वलाई प्राथमिकतामा राखेको जनमतमा मधेसमा कार्यरत डाक्टर र इन्जिनियर पढेका व्यक्तिहरूको आकर्षण बढ्दो छ। ‘यहाँ भविष्य छ, अवसरका लागि क्युमा बस्नुपर्दैन भनेर धेरैजसो डाक्टर-इन्जिनियरहरू जोडिएका छन्,’ उनले भने, ‘चिकित्सक जनमत संघ त हाम्रो सक्रिय जनवर्गीय संगठनका रूपमा चिनिन्छ। एउटा जिल्लामा ५० भन्दा बढी डाक्टर सम्मिलित कमिटी बनेको छ। रौतहटमा ५३ सदस्यीय समिति बनेको छ, जब कि जिल्लाभर ६० हाराहारीमा चिकित्सक छन्। पर्सामा पनि त्यस्तै छ।’ जनमत पार्टीमा अहिले २३ जनवर्गीय संगठन छन्। तर, धेरैजसो विघटित छन्। विद्यार्थी जनमत संघ सक्रिय छ। युवा जनमत संघलगायत विघटित संगठनहरूको तदर्थ समिति घोषणाको तयारी भइरहेको साहले जानकारी दिए।

जनमतका धनुषा जिल्ला इन्चार्ज सुरेन्द्र मण्डल आफ्नो पार्टीमा आकर्षण देखिनुको कारण डा. सिके राउतको व्यक्तित्वको प्रभाव र त्यसले जगाएको नयाँ आशा मुख्य कारण मान्छन्। ‘पुराना दलसँगको वितृष्णाका कारण मधेसका जनताले जनमतलाई नयाँ आशाका रूपमा हेरेका छन्,’ उनले भने, ‘ठूला दलदेखि पुराना मधेसी दलले समेत काम गरेनन् भनेर यहाँका जनता रिसाएका छन्। यही वेला डा. सिके राउतको शालीन र बौद्धिक व्यक्तित्वलाई यहाँका जनतामा विश्वास जगाएको छ। हामीले उठाएको भ्रष्टाचार र किसानका मुद्दाप्रति मान्छेहरूको विश्वास बढेको छ।’

राष्ट्रिय सचिव बिपी साह अन्य मधेसकेन्द्रित दलका नेतामा सत्तालिप्सा देखिएका वेला डा. राउत त्यो छविबाट मुक्त देखिएका कारण पनि पार्टी सदस्यतामा आकर्षण बढिरहेको बताउँछन्। ‘प्रायः पार्टीको नेतृत्वमा स्वार्थ देखिन्छ, नेतृत्व आफैं सरकारमा जान, मन्त्री हुन लोभ गरेको देखिन्छ। तर, हाम्रो पार्टी अध्यक्षज्यूमा त्यस्तो कुनै लोभलालच देखिन्न। मधेसमा उहाँको पढेलेखेको र बौद्धिक भन्ने छवि छ। जनताले पत्याएका पनि छन्,’ उनले भने। शिक्षा, स्वास्थ्य, रोजगारी र कृषक जनमत पार्टीको मुख्य प्राथमिकता रहेको उनले बताए।

जनमत पार्टीको सदस्यता लिएका र लिन इच्छुक धेरैजसो अध्यक्ष सिके राउतकै हातबाट सदस्यता लिन इच्छुक देखिन्छन्। त्यसैले राउत स्वयं जिल्लामा पार्टी प्रवेश कार्यक्रममा दौडिरहेका छन्। एक साताअघि मात्रै उनले सप्तरी पुगेर करिब तीन सयलाई पार्टीमा प्रवेश गराए। अघिल्लो महिना वीरगन्जको टाउन हलमा करिब एक हजारलाई आफ्नै हातबाट पार्टी प्रवेश गराए। सचिव साहका अनुसार पार्टी प्रवेश कार्यक्रममा राउतको माग बढेका कारण भदौमा उनी पूर्वदेखि पश्चिमसम्म पार्टी प्रवेश अभियानमा दौडने तयारी छ। ‘डा. साबकै हातबाट प्रवेश गर्न चाहने धेरै नेता कार्यकर्ताहरू हुनुहुन्छ,’ उनले भने।

मधेसलाई बेग्लै देश बनाउने एजेन्डाका कारण चर्चामा आएका राउत पहिलोपटक १८ चैत ०६८ मा खुलामञ्चको आमसभामा भाषण गर्न मधेसी बुद्धिजीवीका रूपमा उभिएका थिए। तत्कालीन लोकतान्त्रिक मधेसी मोर्चाको कार्यक्रममा उनले मधेसलाई अलग देश बनाउने विखण्डनकारी एजेन्डा सारेका थिए। त्यतिवेला मधेसकै मूल मुद्दालाई कमजोर बनाएको आरोप खेपेका राउत स्वतन्त्र र स्वायत्त मधेस अभियानका कारण सन् २०१४ देखि तीन वर्षको अवधिमा करिब २४ पटक हिरासत, दुईपटक जेल परेका थिए। राज्यविरुद्धको अपराधमा मुद्दा खेपिरहेका उनलाई जनकपुरमा कालो दिवस मनाएको १० दिनपछि २१ असोज ०७५ मा प्रहरीले घरमै ताल्चा फोडेर पक्राउ गरेको थियो। त्यसपछि करिब चार महिना जेल बसेका उनी २५ फागुन ०७५ मा तत्कालीन प्रधानमन्त्री केपी ओलीको पहलमा सरकारसँग ११ बुँदे सहमति भएपछि छुटेका थिए। त्यसपछि मूलधारको राजनीतिमा आएर ४ चैत ०७५ मा उनले जनमत पार्टी गठन गर्ने निर्णय गरेका हुन्। गत प्रतिनिधिसभाको निर्वाचनमा जसपाका अध्यक्ष उपेन्द्र यादवलाई सप्तरी २ मा भारी मतान्तरले हराउँदै उनी संसद् प्रवेश गरेका हुन्।

जनप्रतिनिधिको ‘एप्रुभल रेटिङ’:
एक वडाध्यक्षको विपक्षमा बढी मत



शनिबार जनकपुरधाममा प्रदेश सांसदहरूको एप्रुभल रेटिङका लागि मतदान गर्दै जनमतका कार्यकर्ता। **तस्बिर : हदिश खुद्दार/नयाँ पत्रिका**

जनमत पार्टीप्रति आकर्षित नेता-कार्यकर्ता तथा शुभेच्छुकले ‘राइट टु रिकल’को एजेन्डा मन पराएका छन्। यही व्यवस्थाअनुसार जनमतले २७ साउनमा आफ्नो दलबाट निर्वाचित स्थानीय जनप्रतिनिधिहरूको जनताको चाहनाअनुसार काम गरे-नगरेको मूल्यांकन गर्न मतदान गराएको थियो। जसमा सप्तरी, सिराहा, धनुषा, महोत्तरी, रुपन्देही, कपिलवस्तु र बर्दियाका २२ स्थानमा निर्वाचित भएका जनप्रतिधिको मूल्यांकन गर्न सम्बन्धित पालिकाका पार्टी सदस्यले मतदान गरेका थिए।

पालिका र वडाका अध्यक्ष गरेर २२ जनप्रतिनिधिको अनुमोदन रेटिङ भएको थियो। जसमध्ये २१ जनाको पक्षमा बढी मत आएका छन्। तर, सिराहा कल्याणपुर नगरपालिका- ९ का वडाध्यक्ष विनोदकुमार यादवको विपक्षमा मत आएको जनमतका सचिव बिपी साहले जानकारी दिए। खसेको कुल २४२ मतमध्ये १०३ मत पक्षमा आयो भने १३५ मत विपक्षमा परेको छ। यादवलाई धेरै खराब रेटिङ नभएकाले पहिलोपटक नसिहत दिने र विशेष स्पष्टीकरण सोध्ने साहले बताए। ‘अर्को वर्ष पनि यस्तै रेटिङ आयो भने फिर्ता बोलाएर पुनः मतदानको अवस्था सिर्जना गरिनेछ,’ साहले भने।

यस्तै, जनमत पार्टीले आफ्नो पार्टीका प्रदेश सांसदहरूको एप्रुभल रेटिङ गरेको छ। प्रदेश सांसदहरूले निर्वाचित भएदेखि अहिलेसम्म गरेको कामको विषयमा जनमतले शनिबार बिहान १० देखि ५ बजेसम्म एप्रुभल रेटिङ अर्थात् अनुमोदन मूल्यांकन गराएको हो। मधेस प्रदेशका जनमतको समानुपतिकसहित १३ लुम्बनीमा तीन गरी १६ जना प्रदेश सांसद छन्। १६ सांसदले अहिलेसम्म गरेको कामको मूल्यांकनका लागि पार्टीले आन्तरिक मतदान गरेको जनमतका उपाध्यक्ष बसन्त कुश्वाहाले जानकारी दिए। शनिबार भएको अनुमोदन मूल्यांकन मतदानमा पार्टीका साढे तीन हजार सक्रिय सदस्य सहभागी भएको उनले बताए। ‘प्रदेश सांसदका लागि अनुमोदन मूल्यांकन पहिलोपटक हो,’ उनले भने, ‘यसमा कमीकमजोरी भएकोलाई सुधार गर्ने मौका पाउँछन्। दोस्रोपटक एक वर्षपछि पुनः अनुमोदन मूल्यांकन हुन्छ, त्यसमा ५१ प्रतिशतभन्दा कम मत ल्याएमा राइट टु रिकलको प्रावधान लागू हुने छ,’ उनले भने।

■ ज्येष्ठ नागरिक महासंघमा आर्थिक पारदर्शिता नभएको भन्दै छानबिन समिति गठन

काठमाडौं/ वृद्धवृद्धाका निम्ति खोलिएको राष्ट्रिय जेष्ठ नागरिक महासंघमा आर्थिक पारदर्शिताका विषयमा प्रश्न उठेपछि छानबिनका लागि गठित समितिले अध्ययन प्रतिवेदन तयार पारेको छ। समितिले तयार प्रतिवेदन आगामी साता बस्ने बैठकमा पेस गर्ने तयारी भएको छ। जेष्ठ नागरिकको नाममा गरिएका कार्यक्रम पारदर्शिता नभएको भन्दै उपाध्यक्ष शारदादेवी चन्दले प्रश्न उठाएपछि महासंघले उनकै संयोजकत्वमा तीन सदस्यीय छानबिन समिति गठन गरेको थियो। गत १९ साउनमा गठन गरिएको समितिलाई छानविनका लागि तीन दिनको म्याद दिइएको थियो। निर्धारित समयभित्र छानविन हुन नसकेपछि पुनः पाँच दिनको म्याद थप गरिएको थियो।

समितिकी संयोजक चन्दले आर्थिक विषयमा प्रश्न उठेपछि छानबिन समिति गठन भएको र प्रतिवेदन आगामी बैठकमा पेस गरिने बताइन्। ‘महासंघले जेष्ठ नागरिकलाई लक्षित गरेर मुलुकव्यापी विभिन्न कार्यक्रम गऱ्यो। त्यसको समीक्षा बैठक पनि भयो। बैठकमा हामीले आर्थिक प्रतिवेदन पनि पेस गर्न भनेका थियौं। तर, हुन सकेन। यही विषयमा महासंघले गठन गरेको छानविन समितिले प्रतिवेदन तयार पारेको छ। आगामी बैठकमा प्रतिवेदन पेस हुनेछ,’ उनले भनिन्।

महासंघले संघीय र प्रदेश सरकारबाट प्रत्येक वर्ष ३५ लाख रुपैयाँ अनुदान पाउँदै आएको छ। उक्त रकमबाट महासंघले बृद्धबृद्धाको स्याहारलगायतका विषयमा कार्यक्रम गर्दै आएको छ। यही सन्दर्भमा चितवन, कञ्चनपुर र सर्लाहीमा गरिएका कार्यक्रममा आर्थिक पारदर्शिता नदेखिएको भन्दै प्रश्न उठ्ने गरेको छ।

■ कांग्रेस कमजोर हुँदा उपलब्धि गुम्ने खतरा : सिंह

काठमाडौं/ कांग्रेस नेता प्रकाशमान सिंहले कांग्रेस कमजोर हुँदा अहिलेसम्म प्राप्त राजनीतिक उपलब्धि नै खतरामा पर्न सक्ने बताएका छन्। शनिबार कांग्रेस काठमाडौं-१ को सम्मेलन उद्घाटन गर्दै उनले कांग्रेसले पनि कार्यशैली परिवर्तन गर्नुपर्ने आवश्यकता रहेको बताए। सिंहले कांग्रेसभित्र अस्वस्थ प्रतिस्पर्धा चलिरहेको भन्दै उनले एक कांग्रेसले अर्को कांग्रेसलाई प्रतिस्पर्धी देख्दै जाँदा यो अवस्था आएको जिकिर गरे। उनले परिवर्तन नरुचाएका तत्त्व सलबलाउन कोसिस गरिरहेकाले सबै मिलेर प्राप्त उपलब्धिको रक्षा गर्नुपर्ने बताए। ‘अहिलेको राजनीतिक परिवर्तन जोगाउन कांग्रेस सबल बन्नुपर्छ। सबै राजनीति शक्तिहरूलाई मिलाएर लैजान सक्ने पार्टी कांग्रेस मात्र भएकाले पनि कांग्रेसको काँधमा जिम्मेवारी आएको छ,’ उनले भने।

■ मोटरसाइकल दुर्घटनामा दुईजनाको मृत्यु

कास्की/ मोटरसाइकल दुर्घटनामा परी शनिबार कास्कीमा दुईजनाको मृत्यु भएको छ। मृत्यु हुनेमा लमजुङ दुधपोखरी गाउँपालिका- ६ बस्ने मोटरसाइकल चालक २९ वर्षीय कृष्ण गुरुङ र पछाडि बस्ने २४ वर्षीय अशोक गुरुङ रहेको जिल्ला प्रहरी कार्यालय कास्कीका प्रवक्ता श्रवणकुमार विकले जानकारी दिए।

कास्कीको रूपा गाउँपालिका- ६ निगालझाँप्रास्थित भित्री सडकखण्डमा पोखरा-३२ बाट रुपातालतर्फ जाँदै गरेको प्रदेश नम्बर ३-०२-००९ प ५२०५ नम्बरको मोटरसाइकल सोही सडकको घुम्तीको तल्लो बाटोमा खस्न गई दुर्घटना भएको थियो। मोटरसाइकल सडकको घुम्तीबाट अन्दाजी ८०/९० मिटर तल खसेको थियो। दिउँसो करिब ३:५० बजे दुर्घटना भएको जानकारी पाएसँगै इलाका प्रहरी कार्यालय शिशुवाबाट गएको प्रहरी टोलीले उनीहरूलाई उद्धार गरेको थियो। उद्धारपछि उपचारका लागि पश्चिमाञ्चल क्षेत्रीय अस्पताल ल्याएकोमा करिब सवा ५ बजेतिर दुवैको मृत्यु भएको विकले जानकारी दिए।

नयाँ पत्रिकाकर्मी यादवमाथि सांघातिक आक्रमण



राजविराजस्थित गजेन्द्रनारायण सिंह अस्पतालमा उपचार गराउँदै यादव।

काठमाडौं/ नयाँ पत्रिका दैनिकका सप्तरी संवाददाता सौरभ यादवमाथि सांघातिक आक्रमण भएको छ। शुक्रबार राति १० बजे राजविराज नगरपालिका- २ स्थित राजदेवी चोकमा दुईजनाले उनीमाथि आक्रमण गरेका हुन्।

राति पत्रकार यादवलाई टेलिफोन गरेर राजदेवी चोक बोलाएर उनीहरूले ‘हिरो बन्न खोजेको,’ डिभोर्ससम्बन्धी रिपोर्टिङ गर्न खोजेको’ भन्दै निर्घात कुटपिट गरेका थिए। यादवमाथि कुटपिट गर्नेमध्ये एकजना वब्बी भनिने आलोक यादव र दिपु यादव छन्। यादवलाई कुटपिट गरेलगत्तै प्रहरी घटनास्थलमा आए पनि कुटपिट गर्नेहरू फरार भएका थिए। कुटपिटबाट यादवको छातीमा चोट लागेको छ। राजविराजस्थित गजेन्द्रनारायण सिंह अस्पतालमा उपचारपछि उनी घर फर्किएका छन्।

सप्तरी प्रहरी प्रमुख नरेन्द्र कार्कीले कुटपिटमा संलग्नको खोजीकार्य भइरहेको जानकारी दिए। ‘पत्रकार यादवमाथि कुटपिटमा संलग्नको खोजीकार्यमा प्रहरी तीव्र ढंगले लागिरहेको छ। चाँडै पक्राउ पर्छन्,’ उनले भने।

नेपाल पत्रकार महासंघ सप्तरीले पत्रकार यादवमाथि कुटपिट भएको घटनाको निन्दा गर्दै संलग्नमाथि कानुनी कारबाहीको माग गरेको छ। ‘सूचनाको माध्यमबाट आमजनतालाई सूचित गराउने जिम्मेवारी बोकेका पत्रकार यादवमाथि कुटपिट गर्नेमाथि कारबाही गर्न जिल्ला प्रहरी कार्यालय सप्तरीसँग नेपाल पत्रकार महासंघ जोडदार माग गर्दछ,’ महासंघका सप्तरी सचिव रामनारायण विश्वासद्वारा जारी विज्ञप्तिमा भनिएको छ। महासंघले पत्रकारको सुरक्षाको वातावरण मिलाउन गृह मन्त्रालय, राष्ट्रिय मानव अधिकार आयोगसहितका सम्बद्ध निकायको ध्यानाकर्षण पनि गराएको छ।

प्रेस मञ्च नेपाल सप्तरीले पनि घटनामा संलग्न दोषीलाई तत्काल पक्राउ गरी कारबाहीको माग गरेको छ। ‘पत्रकार यादवमाथि भएको आक्रमणको प्रेस मञ्च नेपाल, सप्तरी घोर निन्दा एवं भर्त्सना गर्दै घटनामा संलग्न दोषीलाई तत्काल पक्राउ गरी कारबाहीको माग गर्दछ,’ सचिव विद्यानन्द रामद्वारा जारी विज्ञप्तिमा उल्लेख छ।

सुनकाण्डका दोषी सिआइबीले नै पत्ता लगाउँछ : गृहमन्त्री



कास्की/ उपप्रधान तथा गृहमन्त्री नारायणकाजी श्रेष्ठले सुनकाण्डका दोषी नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी)ले नै पत्ता लगाउने भएकाले उच्चस्तरीय छानबिन समिति आवश्यक नरहेको बताएका छन्। शनिबार पोखरामा प्रेस सेन्टर कास्कीले आयोजना गरेको पत्रकार सम्मेलनमा उनले सिआइबी अनुसन्धानकै लागि भनेर स्थापना भएको निकाय भएकाले यसले आफ्नै ढंगले सुनकाण्डको छानबिन गरी दोषी पत्ता लगाउनेमा सरकार विश्वस्त रहेको बताए। उनले सिआइबीले पत्ता लगाउन नसकेको विषय उच्चस्तरीय छानबिन समितिले पत्ता लगाउन नसक्ने दाबी गरे।

‘सिआइबीले स्वतन्त्र रूपमा आफ्नै ढंगले काम गरिरहेको अवस्थामा उसलाई बाइपास गरेर उच्चस्तरीय छानबिन समितिको माग गर्दै एमालेले संसद् अवरुद्ध गर्नु आफैंमा लज्जास्पद र दुःखद हो,’ श्रेष्ठले भने। समिति गठन गर्नु भनेको भरहेको अनुसन्धान कमजोर पार्दै दोषी पत्ता लगाउने विषयमा अलमल्याउने काम मात्र रहेकाले यस विषयमा सरकारसँगै गठबन्धनमा आबद्ध दलहरू विपक्षमा रहेको उनले दाबी गरे। अनुसन्धान र तथ्य प्रमाणका आधारमा दोषी देखिएका नछुटून् र निर्दोष कोही नपरून् भनी सिआइबीले काम गरिरहेको श्रेष्ठले बताए। सुनकाण्डको अनुसन्धानसँगै पाएको तथ्य प्रमाणअनुसार दोषी देखिएका कसैलाई पनि नछाड्ने दाबी गर्दै उनले आफ्नो पार्टी वा अन्य पार्टीका कसैलाई नछाड्ने उनको भनाइ थियो।

पाँच एआइजीको सरुवा

काठमाडौं/ नेपाल प्रहरीका पाँच अतिरिक्त महानिरीक्षक (एआइजी) को जिम्मेवारी पाँच महिनामै हेरफेर भएको छ। गत मंगलबारको मन्त्रिपरिषद्को निर्णयअनुसार एआइजीको सरुवा गरिएको हो।

नक्कली भुटानी शरणार्थीसम्बन्धी अपराधको नेतृत्व गरेर उच्चपदस्थसम्मलाई पक्राउ गर्न भूमिका खेलेका उपत्यका प्रहरी कार्यालयका प्रमुख एआइजी श्यामलाल ज्ञवालीलाई हटाइएको छ। उनलाई प्रहरी प्रधान कार्यालयको कार्य विभागमा सरुवा गरिएको छ। उपत्यका प्रहरी कार्यालयमा दीपक थापालाई जिम्मेवारी दिइएको छ। थापा प्रशासन विभागमा कार्यरत थिए।

प्रशासन विभागमा मिरा चौधरीलाई खटाइएको छ। चौधरी कार्यविभागमा कार्यरत थिइन्। मानव स्रोत विकास विभागका प्रमुख रहेका सन्दीप भण्डारीलाई राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठान र प्रतिष्ठानका टेकप्रसाद राईलाई मानव स्रोत विकास विभागमा हेरफेर गरिएको छ। यसरी एक्कासि प्रहरीका उच्च अधिकारीको सरुवालाई प्रहरीभित्र अस्वाभाविक मानिएको छ। प्रहरी प्रधान कार्यालयले अन्य उच्च प्रहरी अधिकारीको पनि सरुवाको तयारी गरिरहेको छ।

गृहमन्त्री श्रेष्ठले ललितानिवास जग्गा प्रकरणमा किर्ते तथा संगठित अपराधअन्तर्गत अनुसन्धान भइरहेकाले पूर्वप्रधानमन्त्री माधवकुमार नेपाल र डा. बाबुराम भट्टराईसँग बयान लिने-नलिने सम्बन्धमा सरकारले केही निर्णय नगरेको भन्दै बाहिर आएको विषय हल्ला मात्र रहेको बताए। गठबन्धनको बैठकमा अनुसन्धान र कारबाहीको सम्बन्धमा केही छलफल नभएको र पूर्वप्रधानमन्त्रीहरूको बयान लिने नलिने सन्दर्भमा कुनै बैठक नबसेको भन्दै उनले अनुसन्धानको क्रममा फलानालाई राख-नराख भन्न नमिल्ने बताए।

सवारीचालक नै लागुऔषध प्रयोगकर्ता

धनगढीमा **तेजराज भट्ट**

सार्वजनिक यातायातका सातजना चालकले लागुऔषध सेवन गर्ने गरेको पाइएको छ। जिल्ला ट्राफिक प्रहरी कार्यालय कैलालीले शुक्रबार र शनिबार गरेको परीक्षणमा सातजना चालकले ब्राउन सुगर, कोरेक्स, चरेस, गाँजालगायतका लागुऔषध सेवन गर्ने गरेको पाइएको हो।

किटमार्फत चालकको पिसाब परीक्षण गर्दा लागुऔषध सेवन गर्ने गरेको पाइएको जिल्ला ट्राफिक प्रहरी कार्यालयका प्रमुख ट्राफिक प्रहरी निरीक्षक वीरेन्द्रसिंह जोहारीले बताए। शनिबार बिहान १५ जना चालकको पिसाब परीक्षण गरिएका ६ जनाले लागुऔषध प्रयोग गरेको पाइएको उनले जानकारी दिए। शुक्रबार ३० जना चालकको पिसाब परीक्षण गरिएकोमा एकजनाले लागुऔषध प्रयोग गर्ने गरेको पाइएको छ।

उनीहरूलाई पक्राउ गरी थप कारबाहीका लागि जिल्ला प्रहरी कार्यालय कैलाली पठाइएको प्रहरी निरीक्षक जोहारीले जानकारी दिए। ट्राफिक प्रहरीले धनगढी उपमहानगरपालिका- १३, राजपुरस्थित मोहना-अत्तरिया ६ लेन सडकखण्डमा सार्वजनिक यातायात चलाइरहेका १५ जना चालकको पिसाब परीक्षण गरेको थियो।

टिपरचालक दिवाकर भुजेल र रमेश भट्टराई, बसचालक महादेव जोशी, फोर्स गाडीका चालक यादव बोहरा, विङगर चालकद्वय बिदुस राना र अर्जुन रावलले लागुऔषध प्रयोग गरेको पाइएको प्रहरीले जनाएको छ। शनिबार गरिएको परीक्षणमा टिपरचालक भीमराज अवस्थीले लागुऔषध सेवन गरेको पाइएको थियो। उनीहरूले परीक्षण गरेकै दिन लागुऔषध सेवन गरेको देखिएको प्रहरी निरीक्षक जोहारीले बताए।

ट्राफिक प्रहरीका अनुसार किटले लागुऔषध सेवन गरेको एक सातासम्म पोजेटिभ देखाउँछ। सार्वजनिक यातायातका चालकले लागुऔषध सेवन गर्ने गरेको गुनासो बढेपछि परीक्षण थालिएको ट्राफिक प्रहरीले जनाएको छ। ‘सार्वजनिक यातायातका चालकले लागुऔषध प्रयोग गर्ने गरेको गुनासो बढेको छ, तर सोधपुध गर्दा चालकले आफैं लागुऔषध प्रयोग गर्छु भन्ने कुरा भएन,’ उनले भने, ‘गुनासो बढेपछि किट मगाएर जाँच गर्न थालेका हौं।’ यसले दुर्घटना न्यूनीकरणमा मद्दत पुग्ने अपेक्षा गरिएको छ। भारतसँग सीमा जोडिका कैलाली, कञ्चनपुरमा लागुऔषधको अवस्था भयावह रूपमा फैलिएको छ।

लागुऔषधका कारोबारी र प्रयोगकर्ता दैनिकजसो पक्राउ पर्ने गरेका छन्। पछिल्लो समय प्रहरीले लागुऔषधविरुद्धको अभियानलाई तीव्रता दिएको छ। खुला सिमानाका कारण भारतबाट लुकिछिपी लागुऔषध ल्याउने गरिएको छ।

प्रदेशस्तरीय आमसभाको मिति टुंग्याउन समाजवादी मोर्चाको बैठक बोलाइयो

काठमाडौं/ सातै प्रदेशमा गर्ने प्रदेशस्तरीय आमसभाको मिति टुंगो लगाउन समाजवादी मोर्चाले संयोजन समितिको बैठक बोलाएको छ। मोर्चाको संयोजक एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपालले आइतबार साँझ ६ बजे बस्ने गरी मोर्चाको बैठक बोलाएका हुन्। बैठकले प्रदेशस्तरीय सभाको कार्यविधि तयार गर्नुका साथै मितिसमेत तोक्ने भएको छ।

प्रदेशस्तरीय सभा साउनमा गर्ने निर्णय भए पनि कार्यान्वयन भएको छैन। शीर्ष नेताहरूको व्यस्तताका कारण साउनमा गर्ने भनिएको सभा भदौमा गर्ने तयारी रहेको सचिवालयका सदस्यहरूले बताएका छन्। सडक, सदन र सरकार तीनै तहबाट आफ्ना मुद्दा स्थापित र कार्यान्वयन गर्ने रणनीतिसहित संसद्भित्र र बाहिरका चार दल मिलेर गत ४ असारमा समाजवादी मोर्चा गठन भएको हो। माओवादी, एकीकृत समाजवादी, जसपा र नेकपाको मोर्चा बनेयता हालसम्म दुईवटा मात्रै बैठक बसेको छ।

२३ असारमा बसेको पहिलो बैठकले संयोजनको जिम्मा एकीकृत समाजवादीका अध्यक्ष नेपाललाई दिएको थियो। ३० असारमा बसेको दोस्रो बैठकले चार-चार महिनामा मोर्चाको नेतृत्व परिवर्तन गर्ने र साउनभित्र सातै प्रदेशमा सन्देश सभा गर्ने निर्णय गरेको थियो। तर, प्रदेशस्तरीय सभाको मिति भने तोकिएको थिएन। दोस्रो बैठकले प्रदेश र जिल्ला तहमा पनि मोर्चाको संगठनात्मक संरचना विस्तार गर्ने निर्णय गरेको थियो। तर, हालसम्म प्रदेश र जिल्ला तहसम्म संरचना विस्तार भएको छैन। मोर्चाको सचिवालय सदस्यसचिव प्रमेश हमालले बैठकले सभाबारे निर्णय गर्ने जानकारी दिए।

एकीकृत समाजवादीको केन्द्रीय कमिटी बैठकपछि मोर्चाको प्रदेशस्तरीय सभा गर्ने तयारी छ। ५, ६ र ७ भदौमा एकीकृत समाजवादीको केन्द्रीय कमिटी बैठक बस्दै छ। मोर्चाको सचिवालय बैठकले कार्यविधि र सभाको मितिबारे बैठकमा प्रस्ताव गर्ने तयारी गरेको छ। सचिवालयमा माओवादी महासचिव देव गुरुङ, एकीकृत समाजवादीका उपाध्यक्ष प्रमेश हमाल, जसपाका वरिष्ठ नेता राजेन्द्र श्रेष्ठ, नेकपाका प्रवक्ता खड्गबहादुर विश्वकर्मा छन्।

एकीकृत समाजवादीको पोलिटब्युरो बैठक आजबाट



काठमाडौं/ एकीकृत समाजवादीको पोलिटब्युरो बैठक आइतबार सुरु हुँदै छ। दुईदिने बैठकमा वर्तमान परिस्थिति र पार्टीको आगामी कार्यभारबारे छलफल हुने प्रचार विभाग प्रमुख जगन्नाथ खतिवडाले जानकारी दिए। पोलिटब्युरो बैठकको व्यवस्थापनको तयारीबारे शनिबार सचिवालय बैठकमा छलफल भएको उनले बताए। सचिवालय सदस्य रामचन्द्र झाका अनुसार अध्यक्ष माधवकुमार नेपालले बैठकमा वर्तमान परिस्थितिबारे संक्षिप्त संशोधन गरेका छन्। उनले गठबन्धन दलहरूबीच अविश्वास नरहेको बताए। यद्यपि, सानातिना असन्तुष्टि हुनु भनेको स्वाभाविक भएको नेपालको भनाइ थियो।

'गठबन्धनमा पनि खासै समस्या छैन। पार्टीमा पनि समस्या छैन। सानातिना असन्तुष्टि हुन सक्छन्, त्यसलाई पनि व्यवस्थापन गर्दै लानुपर्छ,' नेपालको भनाइ थियो। नेपालले आइतबार समाजवादी मोर्चाको बैठक बस्ने पनि जानकारी दिए। 'आइतबार बिहान ११ बजे हाम्रो पोलिटब्युरो बैठक सुरु हुन्छ। साँझ ६ बजे समाजवादी मोर्चाको बैठक बोलाइएको छ,' नेपालले बैठकमा भने।

पोलिटब्यूरो बैठकपछि ५, ६ र ७ भदौमा केन्द्रीय कमिटी बैठक बस्दैछ। बैठकले महाधिवेशनबारे निर्णय लिने नेताहरूले बताएका छन्। महाधिवेशनले विचार, नीति, सिद्धान्तलाई स्पष्ट पार्ने र कार्यान्वयनका लागि नेतृत्व चयन गर्ने सम्मानित नेता झलनाथ खनालले जानकारी दिए। 'महाधिवेशनबाट विचार, नीति र सिद्धान्तलाई हामी सुस्पष्ट बनाउँछौं। केन्द्रीय कमिटी बैठकले महाधिवेशनको मिति तोक्छ। विचार, नीति र सिद्धान्तलाई सुस्पष्ट बनाएर महाधिवेशनले नयाँ नेतृत्व निर्माण गर्छ,' सचिवालय बैठकपछि खनालले भने।

बिजनेस नहुँदा बागमती प्रदेश सभा अन्योलमा

कानुन निर्माण प्रक्रिया सुस्त, संसदीय समितिले सभापतिसमेत पाएनन्

मुख्यमन्त्री शालिकराम जम्कट्टेल भन्छन्-
भदौमा संसदीय समितिलाई पूर्णता दिन्छौं



संसदीय समितिको संख्या थोरै र आकांक्षा धेरै हुँदा समितिको सभापति चयनमा ढिलाइ भएको छ। सत्ता साझेदार दलहरूभित्रै पनि कसलाई समितिको सभापति बनाउने भन्ने समस्या छ। साथीहरू छलफलमै हुनुहुन्छ। भदौभित्र सम्पूर्ण समितिको सभापति चयन प्रक्रिया टुंग्याउनेछौं। यसका लागि १०-११ भदौभित्र संसद् बैठक आह्वानको प्रक्रिया सुरु हुनेछ। सदनलाई बिजनेस दिने गरी सरकारले चारवटा विधेयक तयारी अवस्थामा राखेको छ।



मकवानपुरमा **पोष्टराज अधिकारी**

बागमती प्रदेश सभा बैठक ४५ दिन बितिसक्दा पनि बस्न सकेको छैन। यसअघि २१ असारमा चालू आर्थिक वर्ष ०८०/८१ को बजेट पारित गर्न प्रदेश सभा बैठक बसेको थियो। त्यसयता 'अनिश्चितकालका लागि स्थगित' भनिएको प्रदेश सभा बैठक बस्न सकेको छैन।

सरकारले पर्याप्त बिजनेस दिन नसक्दा सदन प्रभावहीन देखिएको छ। प्रदेश सभाले अहिलेसम्म मिनी संसद्को रूपमा लिइने संसदीय समितिको सभापति चयन गर्न सकेको छैन। महिनौंसम्म बैठक नबस्दा प्रदेशलाई आवश्यक पर्ने ऐन-कानुनको निर्माणमा समेत प्रभाव परेको छ।

गत १८ पुसमा विधिवत् रूपमा आफ्नो दोस्रो कार्यकाल सुरु गरेको बागमती प्रदेश पहिलो बैठकमै अघिल्लो सरकारले ल्याएको पाँचवटा अध्यादेश टेबुल गरेको थियो। त्यसयता हिउँदे र वर्षे गरी दुईवटा अधिवेशन सञ्चालन भएको प्रदेश सभामा ४६ वटा बैठक बसेको छ। ती बैठकबाट प्रदेश सभाले सरकारका तर्फबाट दर्ता भएका चारवटा विधेयक र चालू आर्थिक वर्षको आर्थिक बजेट पारित गरेको छ। प्रदेश सभाबाट दुईवटा अध्यादेशको प्रतिस्थापन र दुईवटा विधेयक पास भएका छन्।

बागमती प्रदेश सरकार सञ्चालनका लागि ९९ वटा कानुन आवश्यक रहेको पहिचान गरिए पनि कतिपय ऐनलाई एकीकृत गरी ८२ वटा ऐन निर्माण गर्नुपर्ने निष्कर्ष निकालिएको थियो। तर, कानुन निर्माण प्रक्रियामा निकै सुस्त रहेको बागमती प्रदेश सरकारले अहिलेसम्म जम्मा ६१ वटा मात्रै मूल कानुन बनाउन सकेको छ। यस्तै, १४ वटा कानुन संशोधन गरेको प्रदेश सरकारले अझै २१ वटा मूल कानुन बनाउन आवश्यक देखिन्छ।

मिनी संसद्को रूपमा लिइने संसदीय समितिलाई पूर्णता दिनसमेत बागमती प्रदेश असफल भएको छ। झन्डै आठ महिना बित्न लाग्दासमेत संसदीय समितिका सभापतिहरू चयन हुन सकेका छैनन्। ऐन-कानुन निर्माण र आवश्यक पर्दा सरकारको अनुगमन र आवश्यक निर्देशनसमेत दिनसक्ने संसदीय समितिलाई पूर्णता दिने विषयमा सरकारले उदासीन देखाएको छ। गत १२ असारमा पाँचवटा विभिन्न संसदीय समिति गठन गरेको सरकारले समितिमा रहने सदस्यहरूको नाम टुंग्याए पनि समितिको सभापति भने चयन गर्न सकेको छैन।

प्रदेश सभामा रहेका प्रदेश मामिला समिति, अर्थ तथा विकास समिति, सार्वजनिक लेखा समिति, शिक्षा, स्वास्थ्य तथा कृषि समिति र उद्योग पर्यटन तथा वातावरण समितिको सभापति चयनको विषयमा सत्ताधारी दलहरूबीच नै विवाद छ। संसदीय समितिले पूर्णता नपाउँदा सरकारले प्रदेश सभामा दर्ता गराएका विधेयकमा मिहीन ढंगबाट छलफल नहुँदा समस्या हुने गरेको संसद् सचिवालयका प्रवक्ता मनोज गुप्ताले बताए। उनले यसअघि संसदीय समिति नभएको अवस्थामा सरकारले विशेष समिति बनाएर प्रदेश र स्थानीय तहका कर्मचारीसम्बन्धी दुईवटा अध्यादेशको प्रतिस्थापन विधेयकमाथि छलफल चलाउनुपरेको जानकारी दिए।

गुप्ताले संसदीय समिति गठन नहुँदा यसअघि सरकारले ल्याएका पाँचवटा प्रतिस्थापन विधेयकमध्ये विशेष समितिमा छलफल गरिएका दुईवटा अध्यादेश पास भए पनि तीनवटा प्रतिस्थापन विधेयक त्यत्तिकै निष्क्रिय भएको जानकारी दिए। 'मिनी संसद्को रूपमा लिइने संसदीय समितिले प्रदेश सभाको धेरै कामलाई सहज र बलियो बनाउँछ। सभाले गर्न नसकेका कतिपय काम संसदीय समितिबाट गर्न सकिन्छ। समितिहरूमा मिहीन ढंगबाट छलफल भएका विधेयकमा विवादरहित हुन्छन् भने प्रदेश प्रमुख कार्यालयबाट फर्किने सम्भावना अति न्यून हुन्छ,' उनले भने।

■ संसद् बैठक बोलाउन प्रतिपक्षीको दबाब



● **जगन्नाथ थपलिया**
संसदीय दलका नेता, एमाले

सरकार जनता र सदन दुवैप्रति गैरजिम्मेवार भएर प्रस्तुत भएको छ। सरकारलाई न जनतालाई परेको समस्याप्रति चिन्ता छ, न सदन बिजनेसविहीन भइरहेकोमा चिन्ता छ।

लामो समयदेखि प्रदेश सभा निष्क्रिय भएको भन्दै प्रमुख प्रतिपक्षी दल एमालेले बैठक सञ्चालन गर्न माग गरेको छ। एमालेले गत आइतबार पत्रकार सम्मेलन गर्दै जनता रोग, भोक र प्राकृतिक प्रकोपजस्ता समस्याको सामना गरिरहँदासमेत सरकार मौन रहेको भन्दै जतिसक्दो चाँडो सदन सञ्चालन गर्न माग गरेको हो।

एमालेका बागमती प्रदेश संसदीय दलका नेता जगन्नाथ थपलियाले जनता रोग, भोक, महँगी र प्राकृतिक विपत्का कारण समस्यामा रहेका वेलासमेत सरकार कानमा तेल हालेर बसेको आरोप लगाए। उनले जनताका चासोका विषयमा सदनमा छलफल हुनुपर्ने भएकाले जतिसक्दो चाँडो सदन सञ्चालन गर्न माग गरे। 'सरकार जनता र सदन दुवैप्रति गैरजिम्मेवार भएर प्रस्तुत भएको छ। सरकारलाई न जनतालाई परेको समस्याप्रति चिन्ता छ, न सदन बिजनेसविहीन भइरहेकोमा चिन्ता छ,' उनले भने।

सम्पत्ति (जग्गा) बिक्री सम्बन्धी ३५ दिने सूचना


(प्रकाशित मितिः २०८०/०५/०३)


यस संस्थाको १४औं वार्षिक साधारण सभाको निर्णय बमोजिम सञ्चालक समितिलाई प्राप्त अख्तियारी र सञ्चालक समितिको मिति २०८०/०४/२८ मा सम्पन्न २१८औं बैठकको निर्णय बमोजिम संस्थाको नाममा रहेको तपसिल बमोजिमको सम्पत्ति (जग्गा) बढाबढमा बिक्री गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ।

(क) बिक्री हुने सम्पत्तिको विवरणः यस संस्थाको नाममा दर्ता कायम रहेको भक्तपुर जिल्ला, चित्तपोल गा.वि.स. वडा नं. ९, नक्शा सिट नं. ९(क) स्थित कित्ता नं. ६१४, ५३०, ४०४, ४०५, ४०६, ४०७, ४०८, ५३१ र ६१६, क्षेत्रफल क्रमशः ०-१०-०-१, ०-११-०-०, २-११-०-२, ०-११-३-०, ०-११-२-३, ०-११-२-३, ०-८-०-०, ०-११-०-० र ०-११-१-२ जग्गा (जम्मा क्षेत्रफलः ८ रोपनी १ आना)

(ख) न्यूनतम मुल्याङ्कनः बिक्री हुने सम्पत्तिको न्युनतम मुल्याङ्कन रु.९,०४,००,०००/- (अक्षेरुपी नौ करोड चार लाख मात्र) तोकिएको छ।

(ग) बिक्री हुने सम्पत्ति (जग्गा) को नापी नक्सा र लोकेसन म्यापः





(घ) शर्तहरूः

१. इच्छुक व्यक्ति, फर्म, संगठित संस्था वा कम्पनीले यो सूचना प्रकाशित भएको मितिले ३४ दिनभित्र कार्यालय समयमा रु.५,०००/- बुझाई बोलपत्र फाराम खरिद गर्न सकिनेछ।
२. यो सूचना प्रकाशित भएको मितिले ३५औं दिनको ३:०० बजेसम्म बोलपत्र पेश गर्नुपर्नेछ। यसरी पेश भएको बोलपत्रहरु सोही दिनको ४:३० बजे संस्थाको कार्यालयमा खोलिनेछ। बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थिति नभएमा पनि बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन। बोलपत्र पेश गर्ने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा उक्त कार्य सो को भोलिपल्ट हुनेछ।
३. बोलपत्र पेश गर्ने व्यक्तिको हकमा निजले नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपी र फर्म, संगठित संस्था वा कम्पनीले दर्ता प्रमाण-पत्र र स्थायी लेखा नं. प्रमाण पत्रको प्रमाणित प्रतिलिपीहरु बोलपत्रको साथ पेश गर्नुपर्नेछ।
४. इच्छुक व्यक्ति, फर्म, संगठित संस्था वा कम्पनीले कबुल गरेको अंकको १० (दश) प्रतिशतका दरले हुने रकम धरौटी बापत यस संस्थाको नाममा सानिमा बैंक लि. न्यूरोड शाखामा रहेको खाता नं. ००३०१००१०००१०९१ मा जम्मा गरी सो को सक्कल भौचर बोलपत्र साथ पेश गर्नुपर्नेछ।
५. रितपूर्वक नभरिएको, म्याद नाघी प्राप्त भएको वा न्यूनतम मूल्यांकन भन्दा घटी अंकित भएका वा शर्तहरु राखी पेश भएका बोलपत्रहरु उपर कुनै कारवाही हुने छैन।
६. बोलपत्र स्वीकृत भएको ४५ दिनभित्र सम्बन्धित व्यक्ति, फर्म, संगठित संस्था वा कम्पनीले कबुल गरेको अंकको बाँकी सम्पूर्ण रकम दाखिला गरी सो जग्गा नामसारी गराई लिनुपर्नेछ, अन्यथा धरौटीबापत जम्मा गरेको रकम स्वतः जफत भएको मानिनेछ।
७. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस संस्थामा सुरक्षित रहनेछ।
८. जग्गा नामसारी गर्दा लाग्ने सम्पूर्ण दै-दस्तुर खरिद गर्ने व्यक्ति, फर्म,संगठित संस्था वा कम्पनीले व्यहोर्नु पर्नेछ।
९. बोलपत्र स्वीकृत नभएमा सो को जानकारी प्राप्त भएको मितिले ४५ (पैतालीस) दिन भित्र सम्बन्धित बोलपत्रदाताले धरौटी बापत बैंकमा जम्मा गरेको रकम सोही बोलपत्रमा उल्लेख गरेको बैंक खातामा जम्मा हुने गरी फिर्ता गरिनेछ।
१०. बिक्री गरिने जग्गाको विस्तृत जानकारीका लागि संस्थामा सम्पर्क राख्न सकिनेछ। साथै, यो सूचना संस्थाको वेभसाइट www.chitcol.com मा हेर्न सकिनेछ।

चाइना ट्रेड बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड
का.म.पा. वडा नं. २२, महाबौद्ध, काठमाडौं
फोनः ५७१४००२, इमेलः info@chitcol.com

इन्टरनेशनल हिमालय हस्पिटालिटि एण्ड होटल लिमिटेडको विशेष साधारणसभा सम्बन्धी सूचना

(दोस्रो पटक सूचना प्रकाशित मितिः २०८० भाद्र ३ गते)

यस कम्पनिको मिति २०८० साल भाद्र १ गते बसेको सञ्चालक समितिको बैठकको निर्णय अनुसार यस कम्पनीको विशेष साधारणसभा देहायको मिति, स्थान र समयमा निम्न प्रस्ताव उपर छलफल गर्न बस्ने भएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ६७ (२) को प्रयोजनार्थ सबै शेयरधनी महानुभावहरुको जानकारीको लागि यो सूचना पठाइएको छ।

सभाहुने मितिः २०८०/०५/१९ (सन् सेप्टेम्बर ०५, २०२३) गते मंगलवार
स्थान : कम्पनिको रजिस्टर्ड कार्यालय, बसन्तपुर, काठमाडौं २३।
समय : बिहान ११:०० बजे

कम्पनीको बिशेष साधारणसभाको छलफलको बिषयसुचीः

क) बिशेष प्रस्ताव :
१) यस कम्पनीको अधिकृत तथा जारी पुँजीहरु थप गर्ने र सोको नेपाल सरकार, कम्पनी रजिष्ट्रार कार्यालयमा अभिलेख गर्ने बारे।
२) यस कम्पनीमा स्वतन्त्र संचालक नियुक्ति गर्ने बारे।

ख) विविध
संचालकहरु तथा शेयरधनीहरुले अनलाइन (भर्चुअल) माध्यमद्वारा पनि सहभागिता जनाउन सकिनेछ र सो सम्बन्धि जानकारी कम्पनीले प्रत्येक संचालकहरु तथा शेयरधनीहरुलाई इमेल द्वारा जानकारी तथा पुष्टिकरण गरिनेछ।

संचालक समितिको आज्ञाले
कम्पनी सचिव

एभी बचत तथा ऋण सहकारी संस्था लि. को वार्षिक साधारणसभासम्बन्धी सूचना

आदरणीय शेयरधनी महानुभावहरू !

यस संस्थाको **पन्ध्रौं वार्षिक साधारणसभा** निम्न मिति, समय र स्थानमा तपसिलका विषयहरूमा छलफल तथा निर्णय गर्न बस्ने हुँदा सम्पूर्ण शेयरधनी महानुभावहरूको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

सभा हुने मिति, समय र स्थान
मिति : २०८० असोज ०६ गते, शनिबार
समय : बिहान ९.०० बजे
स्थान : भिभा बैङ्क्विट, बुद्धबारी, टेकु, काठमाडौं

छलफलका विषयहरू
१. अध्यक्षज्यूको मन्तव्य तथा सञ्चालक समितिको पन्ध्रौं वार्षिक प्रतिवेदन प्रस्तुत एवं पारित।
२. कोषाध्यक्षद्वारा आ.ब. २०७९/०८० को लेखा परीक्षकको प्रतिवेदन प्रस्तुत एवम् पारित।
३. आ.ब. २०८०/०८१ का लागि लेखा परीक्षकको नियुक्ति तथा निजको पारिश्रमिक तोक्ने।
४. विविध।

AV SAVING & CREDIT CO-OPERATIVE LTD.

सञ्चालक समितिको आज्ञाले सचिव
एभी बचत तथा ऋण सहकारी संस्था लि.
चन्द्रागिरी न.पा.-१५, काठमाडौं, फोन. : ०१४३१५०३६, ०१४३१६०३६

गण्डकी प्रदेशमै पहिलोपटक ओपन हार्ट सर्जरी सेवा

कास्कीमा **रोहितराज पराजुली**

पोखराको चरक मेमोरियल हस्पिटलले गण्डकी प्रदेशमै पहिलोपटक ओपन हार्ट सर्जरी सेवा सुरु गरेको छ। स्वास्थ्य मन्त्रालयबाट एक महिनाअघि अनुमति पाएको हस्पिटलले त्रिवि चिकित्साशास्त्र अध्ययन संस्थानअन्तर्गतको मनमोहन कार्डियो थोरासिक एन्ड भास्कुलर तथा ट्रान्सप्लान्ट सेन्टरको सहयोगमा ४५ वर्षीय एक पुरुषको सफलतापूर्वक सर्जरी गरेको हो।

मनमोहनका कन्सल्टेन्ट कार्डियोभास्कुलर सर्जन डा. अनिल भट्टराई, कन्सल्टेन्ट कार्डियोलोजिस्ट डा. सूर्य देवकोटा, चरकका डा. कृष्ण बस्याल, पश्चिमाञ्चल क्षेत्रीय अस्पताल पोखराका डा. एसके जैसवाललगायतको टिमले करिब साढे चार घन्टा लगाएर ओपन हार्ट सर्जरी सफलतापूर्वक सम्पन्न गरेको अस्पतालले शनिबार आयोजना गरेको पत्रकार सम्मेलनमा जानकारी दिइयो।

यसअघि यो सेवा काठमाडौंस्थित सहिद गंगालाल हृदय रोग केन्द्र, मनमोहन कार्डियो थोरासिक एन्ड भास्कुलर तथा ट्रान्सप्लान्ट सेन्टर, चितवन, विराटनगर र धरानमा मात्र सञ्चालन हुँदै आएको थियो। चरकमा यो सेवा सुरु भएसँगै गण्डकीका ११ जिल्ला र आसपासका अन्य जिल्लाका बिरामी लाभान्वित हुने भएका छन्।

मुटुको दुईवटा नशाले काम नगरेका बिरामीको सर्जरी ठूलोमध्येको एक रहेको डा. भट्टाईले बताए। छाती चिरेर गरेको सर्जरीमा ती बिरामीको काम नगरेको दुई नशामध्ये एउटामा हातको र एउटामा छातीको नशा लगेर जोडिएको उनले जानकारी दिए। गत शुक्रबार सर्जरी गरिएका बिरामीको अवस्था हाल सामान्य रहेको र उनी आफैं हिँडडुलसँगै खाना खान सक्ने भएको उनले बताए।

पोखरामै सर्जरी गर्न चाहने बिरामीका लागि आफूलगायतको टिम पोखरा आएर गर्ने र बिस्तारै आवश्यक जनशक्ति तयार गर्ने गरी सहयोग गर्ने र यसका लागि आवश्यक काम सुरु भएको उनको भनाइ छ। मुटुको भल्व फेर्ने, भल्भ मर्मत गर्ने, प्वाल टाल्ने, मेसिन राख्ने, वाइपासलगायतका विभिन्न प्रकारका सर्जरी हुने गरेको उनले बताए। सर्जरीको प्रकार हेरेर नेपालमा दुईदेखि बढीमा ६ लाखमा हुने काम भारतमा जाँदा १६ लाखको हाराहारीमा खर्च हुने गरेको डा. भट्टाईको भनाइ छ।

मुटुको सर्जरी सेवाका लागि आवश्यक उपकरण खरिद गरी चरक अस्पतालले सर्जरी कक्ष तयार गरेको छ। यसका लागि तीन करोडभन्दा बढी खर्च गरेको चरकका प्रबन्ध निर्देशक कपिल पोखरेलले बताए। सेवा सुरुसँगै सर्जरीका लागि बिरामीलाई सरकारले दिने एक लाख रुपैयाँको सहायता चरकबाट समेत पाइने उनले बताए।

पत्रकार पन्थीको 'लेफ्ट-राइट' पुस्तकमाथि पाठक परिचर्चा

बुटवल/ पत्रकार नेत्र पन्थीको नयाँ पुस्तक 'लेफ्ट-राइट : सत्ता र शक्तिको 'अ'राजनीति' पुस्तकमाथि पाठक परिचर्चा गरिएको छ। केही साताअघि बजारमा आएको पुस्तकमाथि शनिबार बुटवलमा आयोजित कार्यक्रममा विभिन्न लेखक तथा साहित्यकारले चर्चा गरे। पुस्तकले नेपालको राजनीतिमा सत्ताका लागि भएका खेलहरूको अनेक अन्तरकथा तथ्यगत रूपमा समेटेको भन्दै पुस्तकका विभिन्न पक्षमाथि विचार-विमर्श गरेका थिए।



लेखक डिआर घिमिरेले पुस्तकको केन्द्र भागमा पुष्पकमल दाहाल प्रचण्डलाई राखेर सत्ता र शक्तिका लागि भएका खेल गहन र तथ्यगत रूपमा पुस्तकमा समेटिएको बताए। साहित्यकारहरू रामचन्द्र श्रेष्ठ, शंकर गाह, मनिकर कार्की, माधवकुमार पौडेल, टोप अस्लामी, विमल गिरीलगायतले पुस्तकमा समेटिएका विभिन्न पक्षमाथि धारणा राखेका थिए। उनीहरूले मुख्य दलका शीर्ष नेताहरू सत्ता र शक्ति प्राप्तिका लागि राजनीतिक मूल्य-मान्यता, इमानदारिताभन्दा बाहिर कसरी चलखेल गर्दै कस्ता-कस्ता कदम चाल्छन् भन्ने विषयवस्तु समेटिएको एउटा महत्त्वपूर्ण दस्तावेजका रूपमा पुस्तक रहेको बताए। पुस्तक राजनीतिमा रुचि राख्नेका लागि उपयोगी दस्तावेजका रूपमा रहेको भन्दै राजनीतिमा हुने खेल पुस्तकमा पढ्न पाइने उनीहरूले बताए। पुस्तकका लेखक तथा पत्रकार नेत्र पन्थीले संविधान जारीपछि नेताहरू जनताको चाहनाअनुरूप देश विकासमा केन्द्रित हुन्छन् भन्ने जनअपेक्षा भए पनि सोअनुरूप नभएको तथ्य पुस्तकमा समेटिएको बताए।

धरानमा डेंगु नियन्त्रणका लागि प्रदेश सरकारलाई आग्रह

धरान/ धरानमा महामारीको रूपमा फैलिएको डेंगु नियन्त्रण तथा बिरामीको उपचारका लागि स्थानीय राजनीतिक दलहरूले प्रदेश सरकारलाई आग्रह गरेका छन्। विभिन्न दल सम्मिलित प्रतिनिधिमण्डलले शनिबार कोसी प्रदेशका मुख्यमन्त्री उद्धव थापा, स्वास्थ्यमन्त्री निर्मला तावा तथा प्रमुख प्रतिपक्षी दलका नेता हिक्मत कार्कीलाई ध्यानाकर्षण पत्र बुझाएका हुन्।

ध्यानाकर्षण पत्र बुझाउनेमा कांग्रेस, एमाले, माओवादी, जनता समाजवादी पार्टी, राष्ट्रिय प्रजातन्त्र पार्टी र एकीकृत समाजवादी छन्।

ध्यानाकर्षण पत्रमा डेंगु नियन्त्रण तथा बिरामीको उपचारका लागि आवश्यक सामग्री तथा औषधि सहयोगका लागि माग गरिएको छ। धरान उपमहानगरपालिकाले डेंगु नियन्त्रणका लागि प्रभावकारी अभियान सञ्चालन गर्न नसकेको भन्दै प्रदेश सरकारले तत्काल पहल गर्नुपर्ने कांग्रेस धरान उपमहानगर सभापति श्याम पोखरेलले बताए।



अनेसास नेपाल च्याप्टरमा केसीको नेतृत्व

अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज (अनेसास) नेपाल च्याप्टरको अध्यक्षमा राजेन्द्र केसी चयन भएका छन् । शनिबार काठमाडौंमा सम्पन्न अधिवेशनबाट मञ्जिला अनिल प्रथम उपाध्यक्ष, निर्मलराज पराजुली द्वितीय उपाध्यक्ष र महासचिवमा रञ्जना निरौला निर्वाचित भएका छन् ।



ड्रिमगर्ल २ मा अनन्या

ड्रिम गर्ल २ मा आयुष्मान खुराना र अनन्या पाण्डे मुख्य भूमिकामा देखिँदै छन् । यसअघि ड्रिमगर्लमा नुसरत भरुचा आयुष्मानको अपोजिटमा थिइन् । २५ अगस्टमा रिलिज हुने यस फिल्मलाई राज सान्दिल्याले निर्देशन गरेका हुन् । फिल्ममा परेश रावलको पनि अभिनय छ ।

बालविकासमा देखिने चुनौतीको समाधान



डा. अनिलराज ओझा
वरिष्ठ बालविकास विशेषज्ञ
पाटन अस्पताल

बाल्यावस्थाले मानिसको समग्र जीवनमा प्रभाव पर्छ । त्यसैले हामीले बालबालिकाको शारीरिक तथा मानसिक विकासका क्रममा देखिने चुनौतीहरूलाई पहिल्याएर यसको समाधान खोज्नुपर्छ । महिना नपुगी जन्मिँदा, सुगरको मात्रा कम हुँदा, पोषणको कमी वा अन्य कुनै कडा संक्रमणको कारणले गर्दा पनि बालविकासमा अवरोध पुगेको हुन सक्छ ।



बोलीको विकास : बच्चाले एक वर्ष भएपछि शब्द उच्चारण थाल्नुपर्ने भए पनि कतिपय बालबालिकाको बोली ढिलो फुट्छ । वंशानुगत कारणले पनि यस्तो भएको हुन सक्छ, अन्य कारण पनि हुन सक्छन् । समयमै बोली फुटेन भने बालबालिकालाई चिकित्सककहाँ लगेर देखाउनुपर्छ ।

हिँडडुल : सामान्यतया १३ महिनामा बालबच्चा हिँडडुल गर्न सक्नुपर्छ । यस्ता कुरा आफ्ना बच्चाले गरेको छ कि छैन भनेर अभिभावकले ख्याल गर्नुपर्छ । हिँडडुल गर्न ढिला हुनुका कारण धेरै हुन सक्छन् । ढिलाइ भएमा चिकित्सकसँग परामर्श थाल्नुपर्छ ।

केही समस्या

■ **अटिजम** : ढिलो बोली फुट्नु वा सुन्ने शक्ति कमजोर हुनुको कारण अटिजम पनि हुन सक्छ । अटिजम भएका बालबालिकाको विकास अरूभन्दा पृथक् र ढिला गतिमा हुने गर्छ । उनीहरू अन्यसँग कम घुलमिल हुन्छन् । यस्ता बालबालिकालाई अभिभावकले विशेष ख्याल राख्नुपर्छ । विभिन्न थेरापीका माध्यमबाट उनीहरूलाई बोल्ने कला सिकाउन सकिन्छ । त्यस्तै, हिँडडुल गर्न उत्प्रेरित गर्न सकिन्छ । हामीले बुझ्नुपर्ने कुरा अटिजम भएको बच्चामा अन्य बच्चाको दाँजोमा ७० प्रतिशत बौद्धिक क्षमता बढी हुन्छ । त्यसैले उनीहरूलाई सानैदेखि विशेष हेरचाह गरेर सामाजिक कुराहरू सिकाउँदै गइयो भने हरेक कुरामा अब्बल बनाउन सकिन्छ । त्यसका लागि पहिले चिकित्सकसँग परामर्श गरेर बालबालिकाको परीक्षण गर्नुपर्ने हुन्छ ।

■ **डाउन सिन्ड्रोम** : कतिपय बालबालिकामा डाउन सिन्ड्रोम पनि हुन सक्छ । बच्चाको कुनै अंगको विकास ढिलो भएको हो वा समग्र विकास ढिलो भएको हो, कुन समस्याबाट बालबालिका प्रभावित छन् भनेर चिकित्सकले परीक्षणमार्फत निर्क्योल गर्न सक्छन् ।

■ **मनोपरामर्श** : कतिपय बच्चालाई लेख्न, पढ्न पनि समस्या भइरहेको हुन्छ । कोही बच्चामा आवश्यकताभन्दा धेरै चकचक गर्ने स्वभाव पनि हुन्छ । यसमा पनि अभिभावकले हैरानी मान्नुहुँदैन । उनीहरूको अवस्था र मनोभाव बुझ्ने प्रयास गर्नुपर्छ । मानसिक विकासमा देखिएका समस्याबारे मनोचिकित्सकसँग परामर्श गर्नुपर्ने हुन्छ ।

सम्भावित कारण

महिना नपुगी जन्मिँदा, सुगरको मात्रा कम हुँदा वा अन्य कुनै कडा संक्रमणको कारणले गर्दा पनि बालविकासमा अवरोध पुगेको हुन सक्छ । पौष्टिक तत्त्व जस्तै, भिटामिन 'ए', 'बी', आइरनलगायतको कमीले गर्दा पनि बालविकास ढिला भएको हुन सक्छ । त्यसैले यस्ता समस्यालाई बेवास्ता गर्नुहुँदैन । चिकित्सकसँग परामर्श लिनुपर्ने हुन्छ । उपचार प्रक्रिया थाल्ने हो भने समाधान पहिल्याउन सकिन्छ ।

समाधानका केही उपाय

बच्चा अल्छी भएमा कापीमा कोर्न लगाउने, खेलौनाहरू खेल्न दिनेलगायत काम गरेर सक्रिय बनाउन सकिन्छ । स्कुल जाने उमेर भएपछि साथीभाइसँग घुलमिल हुन प्रेरित गर्ने गर्नुपर्छ । यसो हुँदा बालविकास सहज हुन्छ । उनीहरूलाई बिस्तारै आफैँ हात धुन सिकाउने गर्नुपर्छ । बच्चालाई मानसिक रूपमा सुदृढ बनाउनका लागि विभिन्न कलर नम्बरहरू राखिएका पजल खेल्न सिकाउने गर्नुपर्छ । यसले उनीहरूलाई स्मार्ट बनाउँछ ।

उनीहरूलाई शारीरिक गतिविधिमा सक्रिय गराउनुपर्छ । बच्चाको इच्छाअनुसार विभिन्न खेल खेलाउन सकिन्छ । शारीरिक सक्रियताले हड्डी र मांसपेशी बलियो बनाउँछ, रक्तसञ्चार राम्रो बनाउँछ र मानसिक रूपमा सुदृढ बनाउँछ । पोषण, अभ्यास र निद्राले उनीहरूको विकासमा ठूलो भूमिका खेलेको हुन्छ । सामाजिक र भावनात्मक पक्षलाई उत्तिकै ख्याल गर्नुपर्ने हुन्छ । परिवारसँगै बसेर खेल्ने, गाउने, कुराकानी गर्नेलगायत बानीले उनीहरूलाई आत्मविश्वासी बनाउँछ ।

बच्चालाई स्नेह देखाउनुपर्छ । उनीहरूका कुरालाई बेवास्ता गर्नुहुँदैन, उनीहरूका रुचिमा अभिभावक संवेदनशील छन् भन्ने देखाउनुपर्छ । उनीहरूलाई एउटा निश्चित रुटिन बनाएर त्यसैको पालना गर्न सिकाउनुपर्छ । अनुशासन सिकाउनुपर्छ, तर अनुशासन सिकाउने नाममा धेरै कडा हुने वा हप्काउने गर्नुहुँदैन ।

वर्षामा दूषित पानीले फैलाउँछ यस्ता रोग





डा. प्रभात अधिकारी
संक्रामक रोग तथा आइसियू विशेषज्ञ
सेन्टर फर अमेरिकन मेडिकल स्पेसलिस्ट

वर्षामा दूषित पानीले धेरै समस्या निम्त्याउने गरेको पाइन्छ । बाढी-पहिरोका कारण पानीको मुहान प्रदूषित भएको हुन सक्छ । सहरी क्षेत्रमा ढल फुटेर खानेपानीमा मिसिनेलगायत विभिन्न समस्या देखिन्छन् । खुला रूपमा गरेको दिसा-पिसाब खोलानाला, पोखरीमा मिसिने र त्यहाँको पानी मानिसले पिउँदा विभिन्न रोग लाग्ने हुन्छ । दूषित पानी प्रयोगले सुरुमा बान्ता हुने, पेट दुख्ने, झाडापखाला लाग्ने हुन्छ । झाडापखाला गराउने भाइरस तथा ब्याक्टेरियाले हैजा, टाइफाइड हुन सक्छ । कसैकसैमा दिसामा आउँ पर्ने, रगत देखिने र कसै-कसैलाई ज्वरो आउनेसमेत हुन्छ । झाडापखाला, टाइफाइड, जन्डिस गराउने भाइरस (हेपाटाइटिस) पनि फोहोर पानीका कारणले हुने गर्छ । छालासम्बन्धी रोग पनि देखिन सक्छ ।

संक्रमित व्यक्तिले सावधानी नअपनाएमा अरू व्यक्तिमा सर्ने गर्छ । हामीले खोला, धारा, इनारबाट पानी प्रयोग गर्छौं । खानेकुरा त्यही पानीले पखाल्छौं, नपकाई खाने फलफूल तरकारी दूषित पानीले पखालेर खायौं भने पनि रोग सर्न सक्छ । संक्रमित व्यक्तिले सरसफाइमा ध्यान नदिँदा टाइफाइडजस्ता रोग अरूलाई सर्न सक्छ ।

कसरी बच्ने ?

- आफूले पिउने पानी कहाँबाट आएको हो, बुझ्नुपर्छ । इनारको पानी हो भने इनारवरपर पर्खाल लगाएर बगेर आउने पानी मिसिन दिनुहुँदैन । पाइपको पानी हो भने पाइप फुटेर फोहोर मिसिएको छ/छैन, जाँच गर्ने गर्नुपर्छ । पानी सधैँ उमालेर, फिल्टर गरेर वा शुद्धीकरण विधि अपनाएर मात्र पिउनुपर्छ ।
- खाना खानुअघि, चर्पी गएर आएपछि, साबुनपानीले सफासँग हात धुनुपर्छ ।
- काँचो फलफूल, सागसब्जी खानुहुँदैन । सफा पानीले धोएर मात्र खानुपर्छ । पखाल्दा पानी सफा हुनुपर्छ ।
- आफ्नो घरवरपरको वातावरण सधैँ सफा राख्नुपर्छ । फोहोर विसर्जन राम्रोसँग गर्नुपर्छ ।
- जथाभावी दिशा, पिसाब गर्नुहुँदैन । शौचालय सधैँ सफा राख्नुपर्छ ।
- जथाभावी फोहोर फाल्नुहुँदैन । उचित व्यवस्थापन गर्नुपर्छ ।

समस्या देखिएमा

- झाडापखाला लागेमा जीवनजल खानुपर्छ । यदि जीवनजल छैन भने नुन-चिनी-पानी उमालेर खानुपर्छ । झोलिलो खानेकुरा प्रशस्त खानुपर्छ ।
- दिनमा पाँचपटकभन्दा बढी पखाला लागे, बान्ता हुने, खान मन नलाग्ने भएमा स्वास्थ्य संस्थामा जानुपर्छ ।
- ज्वरो आएको अवस्थामा सिटामोल लिन सकिन्छ । यसबाहेक अन्य औषधि चिकित्सकको सल्लाह नलिई प्रयोग गर्नुहुँदैन ।
- थप समस्या आए चिकित्सकसँग परामर्श गर्नुपर्छ ।

महिलालाई सुहाउँछ यस्ता हेयर स्टाइल





गीता पौडेल
हेयर स्टाइलिस एन्ड मेकअप आर्टिस्ट

महिलाले पहिरनअनुसार सुहाउँदो हेयर स्टाइल गर्नुपर्छ । स्ट्रेट हेयर स्टाइल, कर्ली हेयर, सेमी कर्ली हेयर स्टाइल प्रायः चल्ने गरेको छ । कतिपयले कपाल लामो र खुला राख्छन् । कतिपयले लामो कपाल बाँध्न रुचाउँछन् । कतिपयले मध्यम तथा छोटा स्टाइल मन पराउँछन् ।

कामकाजी महिलाहरू फर्मल ड्रेसमा जानुपर्ने हुन्छ । उनीहरूले कपाल छोड्दाभन्दा जुरो बनाउँदा नै राम्रो देखिन्छ । यदि महिलालाई औपचारिक पार्टीमा जानु छ भने साडी-ब्लाउजमा कपाल खुला छाडेको राम्रो देखिन्छ । पछिल्लो समय कपाललाई केराटिन गरेर स्ट्रेट बनाउने, अनि खुला छाड्ने फेसन चलेको छ ।

कुर्था-सुरुवालमा खुला कपाल सुहाउँछ भने पेन्सिल स्कर्टमा अफिसियल शैलीको जुरो सुहाउँछ । आफ्नो पहिरनअनुसारको विभिन्न जुरो बनाउँदा पनि महिलाको व्यक्तित्व खुल्ने गर्दछ ।

पूजा, विभिन्न धार्मिक समारोह, तिजलगायतका चाडपर्व आदिमा कपाल बाटेको हेयर स्टाइल राम्रो हुन्छ ।

हिजोआज विभिन्न रसायनयुक्त रडको प्रयोगले गर्दा कपाल छोटो हुने, झर्ने क्रम बढेको छ । जसकारण ४० कटेका महिलाले कपाल छोटो राख्ने चलन पनि बढ्दो छ ।

■ युवतीका लागि हेयर स्टाइल

तन्नेरी पुस्ताका युवतीले प्रायः खुला शैलीको हेयर स्टाइल नै बढी रुचाउने गरेका छन् । केराटिन ट्रिटमेन्ट गरेर उनीहरूले कपाल खुला राख्न रुचाउँछन् ।

कपाललाई मिडियम साइजमा काटेर त्यसको केही भाग मात्र हाइलाइट गर्ने तथा तलको भाग मात्र रंग्याउने फेसन निकै चलेको छ । युवतीहरूले पनि विभिन्न सेमिनार, अफिसियल कामकाज, खेलकुदमा सहभागी हुँदा जुरो बनाउनु नै राम्रो देखिन्छ ।

हेयर स्टाइलका लागि ड्रेस र मेकअपको संयोजन पनि त्यत्तिकै महत्त्वपूर्ण हुन्छ ।

वायु शुद्ध गर्ने पीपल

पर्यावरणको रक्षा गर्ने र वायु शुद्ध गर्न वर-पीपलको विशेष भूमिका हुन्छ । यसमा पाइने विभिन्न औषधीय गुणका कारण रोगनिवारकको संज्ञा दिई पुजिने गरिन्छ । वर-पीपललाई विभिन्न रोगको अचुक औषधिका रूपमा आयुर्वेदमा उल्लेख गरिएको छ ।

- श्वासप्रश्वाससम्बन्धी समस्याका लागि पीपल एकदमै उपयोगी हुन्छ । पीपलको बोक्राको चूर्ण बनाएर वा यसको पातलाई दूधमा मिसाएर नियमित सेवन गर्दा श्वासप्रश्वास र दमका बिरामीलाई फाइदा पुग्छ ।
- पीपलको काँचो पातको रस बिहान-बेलुका एक-एक चम्चा खाएमा पेटमा ग्यास जम्मा हुने र कब्जियत निको हुन्छ ।
- पीपलको पात र बोक्राको चूर्ण दन्तमञ्जनमा मिसाएर प्रयोग गर्न सकिन्छ । यसले दाँत बलियो हुनुका साथै दाँतसम्बन्धी रोग निको हुन्छ ।
- छालामा आउने दाद, सुक्खापनका लागि पीपल लाभदायी छ ।
- रुघाखोकी र शरीरमा आउने विभिन्न घाउखटिराका लागि वर-पीपलको पात उपयोगी हुन्छ ।



- पीपलको पातमा भरपूर मात्रामा एन्टिअक्सिडेन्ट तत्त्व पाइन्छ । यसर्थ, नरम पात खाँदा तनाव कम गर्न सहयोग पुऱ्याउँछ । वर-पीपलको जरा पानीमा भिजाएर छालामा लगाएमा चम्किलो हुनुका साथै विभिन्न समस्याबाट राहत मिल्छ ।

पद्मश्री साहित्य पुरस्कारका लागि उत्कृष्ट ५ पुस्तक सार्वजनिक



पद्मश्री साहित्य पुरस्कार २०७९ को छनोटमा परेका पाँच पुस्तकको सूची सार्वजनिक गरिएको छ । आयोजक खेमलाल-हरिकला लामिछाने समाज कल्याण प्रतिष्ठानले सार्वजनिक गरेको उत्कृष्ट पाँच पुस्तकको सूचीमा सुबिन भट्टराईको 'इजोरिया', विवेक ओझाको 'ऐँठन', डा. देवीप्रसाद सुवेदीको 'मनु', प्रदीप रोदनको 'मफलर' र डा. नवराज केसीको 'शून्यको मूल्य' पुस्तक छन् ।

यसअघि प्रतिष्ठानले १८० पुस्तकमध्येबाट १५ वटा पुस्तक छानेर उत्कृष्ट विस्तारित सूची सार्वजनिक गरेको थियो । त्यसमध्ये ५ पुस्तक सर्टलिस्टमा परेका हुन् । यसैमध्येबाट एक पुस्तकले पद्मश्री पुरस्कार प्राप्त गर्नेछ । प्रतिष्ठानले ०६३ देखि पद्मश्री पुरस्कार प्रदान गर्दै आएको छ ।

खुसीसाथ जिउने कला

आफ्नो लक्ष्य प्राप्त गर्न अनवरत दौडँदा कहिले सफलता हात लाग्छ त कहिले असफलता । सफल हुँदा हामी खुसी हुन्छौं भने असफल हुँदा दुःखी । यसरी हाम्रो जीवन सकारात्मक र नकारात्मक सोचाइको चक्करमा अल्झिरहन्छ । दैनिक कार्य अगाडि बढाउँदा सकारात्मक सोच राख्न सकेमा सफलता प्राप्त गर्न सहज हुन्छ ।



सकारात्मक सोचाइ



विपुला श्रेष्ठ
मनोविज्ञ, होलिस्टिक माइन्ड्स एन्ड लाइफ सेलिब्रेसन सेन्टर

सोचाइ, परिवेश, वातावरणअनुसार सोच्ने तरिका फरक-फरक हुन्छ । त्यही सोचाइअनुसार नै जिन्दगी जिउने बानीको विकास हुन्छ । त्यसैले सकेसम्म सकारात्मक मात्र सोच्ने बानी बसाल्नुपर्छ । कुनै वेला नकारात्मक सोचाइ आइहालेमा पनि तुरुन्त सकारात्मक शब्दले भर्नु राम्रो हुन्छ । किनकि, हामी एउटै सोच जति दोहोऱ्याउँछौं, त्यो त्यति नै गहिरो रूपमा हाम्रो मस्तिष्कमा बस्छ ।

विचारको निरीक्षण गर्ने

मनमा कहिले राम्रा त कहिले नराम्रा विचार आउनु स्वाभाविक हो । जस्तो विचार, भावना मनमा आउँछ, त्यस्तै खालको व्यवहार प्रस्तुत गर्छौं । त्यसैले कस्तो वातावरण, कस्तो अवस्था हो, त्यसको विश्लेषण गरेर मात्र व्यवहार गर्न जरुरी हुन्छ । विचारलाई राम्रोसँग निरीक्षण गर्दै विवेकपूर्वक निर्णय गरेर मात्र व्यवहारमा उतार्नुपर्छ ।

आफूलाई प्रेम गर्ने

हिजोआज प्रेम शब्द धेरै नै प्रयोग गर्ने गरिन्छ । प्रेमका नाममा धेरै पीडा पाएको पनि सुन्न पाइन्छ । हामीले प्रेम सबैभन्दा पहिला आफैँलाई गर्नुपर्छ । यसो भन्दा स्वार्थीजस्तो पनि लाग्न सक्छ । वास्तवमा प्रेम सबैभन्दा पहिला आफूलाई नै गर्नुपर्छ । जसले आफूलाई प्रेम गर्दैन, अरूलाई उसले प्रेम गर्नै सक्दैन । त्यसैले त हाम्रो चाहनाअनुसारको परिणाम नआउँदा दुःखी हुन्छौं । आफूलाई नगरी अरूलाई गरेको प्रेममा स्वार्थ मिसिएको हुन्छ । जसले गर्दा आफूलाई प्रेम गर्न जान्ने मान्छेले अरूलाई प्रेम गर्दा आशक्ति हुँदैन ।

खुसीको बहाना खोज्ने

हामी अनेक बहानामा दुःखी भइरहन्छौं । यस्तो बानीले हरेक सकारात्मक कुरामा पनि नकारात्मकता देख्न सक्छौं । त्यसैले हामीले हरेक वातावरण, परिस्थितिमा खुसी हुने मौका खोज्नुपर्छ, बानी बसाल्नुपर्छ ।

सुरुसुरुमा अभिनय नै किन नहोस्, खुसी हुने बानी गर्नुपर्छ । पछि यो नै बानीमा परिवर्तन हुन्छ । त्यसपछि कुनै पनि अवस्थामा सहज रूपमा खुसी हुन सक्छौं । कसैले गल्ती गरेको थाहा पाउनासाथ उसलाई नकारात्मक रूपमा हेरिहाल्छौं । हामीले उक्त व्यक्तिलाई क्षमा दिन पनि सक्नुपर्छ ।

धन्यवाद ज्ञापन

हामीले प्रत्येक कुरा तथा कामका लागि धन्यवाद दिन जान्नुपर्छ । ठूलो कुराका लागि मात्र आभार प्रकट गर्ने तथा सानो कुरालाई बेवास्ता गर्ने धेरैको बानी हुन्छ । रान्डा ब्राइनले आफ्नो बहुचर्चित पुस्तक 'सिक्रेट'मा अस्तित्वको आकर्षणको नियमबारे उल्लेख गरेकी छिन् । उनका अनुसार हामीले जस्तो सोच्छौं, त्यस्तै अस्तित्वले पनि ऊर्जा फर्काइरहेको हुन्छ । त्यसैले सधैँ सकारात्मक भाव राख्ने गर्नुपर्छ । अस्तित्वबाट पनि सकारात्मक ऊर्जा नै दिइरहेको हुन्छ । हरेक कुरालाई अहोभाव प्रकट गर्ने बानी गरौं, चाहे सकारात्मक होस् या नकारात्मक होस् ।

योग र ध्यान गर्ने

हिजोआज योग, ध्यान विश्वव्यापी रूपमा प्रयोग भइरहेको छ । यसको बारेमा धेरै अनुसन्धान पनि भइरहेका छन् । नियमित योगा र ध्यानले शरीर, मन, भावनामा भएको नकारात्मक ऊर्जाहरू हटेर सकारात्मक ऊर्जा बढ्न थाल्छ । जीवनलाई हेर्ने दृष्टिकोणमा परिवर्तन आउन थाल्छ । हरेक जीवनको उतारचढावलाई राम्रोसँग सामना गर्ने शक्ति बढ्छ ।


चीन–अमेरिका टेक्नोलोजी युद्धका प्रभाव

आजको वैश्वीकृत र बहुध्रुवीय संसारमा विज्ञान र प्रविधि प्रणालीमा कुनै पनि राष्ट्रले विश्वव्यापी रूपमा एकल प्रभुत्व जमाउन सक्ने सम्भावना छैन



● पामिर गौतम

अग्रलेख



गतसाता बाइडेन प्रशासनले चिनियाँ कृत्रिम बुद्धिमत्ता (एआई), क्वान्टम कम्प्युटिङ र सेमीकन्डक्टरले अमेरिकी राष्ट्रिय सुरक्षालाई खतरामा पार्न सक्ने भन्दै यस्ता क्षेत्रमा चीनमा हुने कुनै पनि प्रकारको अमेरिकी लगानीलाई प्रतिबन्ध गरेको छ। चिनियाँ विदेश मन्त्रालयले यस कदमको आलोचना गर्दै राष्ट्रिय सुरक्षाका नाममा अमेरिकाले चीनलाई विकास अधिकारबाट वञ्चित गर्ने डिजाइन गरेको अनुचित कार्य बताएको छ। चिनियाँ वाणिज्य मन्त्रालयले पनि आफ्नो हित दृढतापूर्वक जोगाउन आफूसँग प्रतिकार गर्ने अधिकार सुरक्षित रहेको टिप्पणी गरेको छ।

एआई प्रविधिमा चीनले देखाएको अभूतपूर्व प्रगतिलाई कमजोर पार्न अमेरिकाले ७ अक्टोबर २०२२ मा चीनलाई उन्नत चिप्स बिक्रीमा प्रतिबन्ध लगाएपछि यी दुई देशबीच प्राविधिक प्रतिद्वन्द्विता चर्केको छ। हालैको अमेरिकी प्रतिबन्ध यसै प्राविधिक युद्धको अर्को संस्करण मात्र हो। अमेरिकाको दबाबमा जापान र नेदरल्यान्ड्सले पनि मार्च २०२३ मा चीनमा उन्नत सेमीकन्डक्टर उत्पादन उपकरणको निर्यात नियन्त्रण गर्ने घोषणा गरे। स्थानीय रूपमा निर्मित सेमीकन्डक्टर उपकरणले चिनियाँ बजारको १५ प्रतिशत हिस्सा मात्र ओगटेको छ, अन्य ८५ प्रतिशत मेसिन अमेरिका, नेदरल्यान्ड्स र जापानबाट आउँछन्। यी निर्यात नियन्त्रणद्वारा अमेरिकाले चीनलाई अमेरिकी चिपको पहुँचमा मात्र रोक लगाएन, चीप बनाउन आवश्यक उपकरणको पहुँचमै रोक लगाएर चीन स्वयंले द्रुत गतिमा चिप निर्माण गर्न सक्ने विकल्पमा अंकुश लगाएको छ। 'एड्भान्स्ड माइक्रो-फेब्रिकेसन इक्विपमेन्ट चाइना' (एएमइसी) का अध्यक्ष गेराल्ड यिनले एक सम्मेलनमा बोल्ने क्रममा अमेरिकाको वास्तविक लक्ष्य चीनको अत्याधुनिक चिप बनाउने प्रविधिलाई कम्तीमा पाँच पुस्ता पछाडि धकेल्ने रहेको बताएका छन्।

विज्ञान, प्रविधि र नवीनतम आविष्कारको क्षमताले राष्ट्रको भविष्य परिभाषित गर्छ। वर्तमान समयमा एआई टेक्नोलोजीको विकास, यसको प्रभाव र उपयोगिताका साथै यस प्रविधिको नेतृत्व आर्थिक र सैन्यशक्तिको भविष्यका लागि आधारभूत कुरा हो भन्ने विषयमा बेइजिङ र वासिंटन दुवैका नीति-निर्माता विश्वस्त छन्। अमेरिकी राजनीतिक दल, सैन्य र खुफिया प्रतिष्ठान तथा सञ्चारमाध्यमबीच साझा सहमति छ- चीन संयुक्त राज्य अमेरिकाका लागि रणनीतिक खतरा हो र यसलाई रोक्न अमेरिकाले अझ कडा प्राविधिक नियन्त्रणका रणनीति अपनाउनुपर्छ। अर्कातर्फ सन् २०१२ मा भएको चिनियाँ कम्युनिस्ट पार्टीको १८औँ राष्ट्रिय महाधिवेशनदेखि नै सी जिनपिङको नेतृत्वमा चीनले विज्ञान, प्रविधि र नवप्रवर्तन क्षेत्रलाई तीव्रतासाथ प्रवर्द्धन गरिरहेको छ।

चीनको अनुसन्धान र विकास खर्च सन् २०१२ मा १.०३ ट्रिलियन युआन थियो, जुन बढेर २०२२ मा ३.०९ ट्रिलियन युआन पुगेको छ। त्यस्तै चीनको राष्ट्रिय अनुसन्धान तथा विकास खर्चमा पनि कुल गार्हस्थ उत्पादन (जिडिपी) को अनुपातमा उल्लेखनीय वृद्धि भएको छ। २०१२ मा चीनको राष्ट्रिय अनुसन्धान तथा विकास खर्च देशको जिडिपीको १.९१ प्रतिशत थियो भने गत वर्ष यसले देशको जिडिपीको २.५५ प्रतिशत हिस्सा ओगटेको थियो। पश्चिमी प्रविधिमाथिको निर्भरता घटाउन चीनले सन् २०१५ मा 'मेड इन चाइना २०२५' पहल सुरु गरेको थियो भने केही समयअघि राष्ट्रपति सीले सिंगुआजस्ता प्रतिष्ठित चिनियाँ विश्वविद्यालयको भ्रमणका क्रममा चिनियाँ संस्थाले विदेशी मोडेलको नक्कल गर्नबाट जोगिनुपर्ने र आफ्नै नवीनतम आविष्कारमा केन्द्रित रहनुपर्नेमा जोड दिएका थिए। ट्रम्प प्रशासनको व्यापार युद्ध र विभिन्न चिनियाँ प्राविधिक फर्मलाई निर्यात नियन्त्रणका नीति अघि सारेपछि चिनियाँ नेताहरूले मेड इन चाइना २०२५ को आधारभूत 'आत्मनिर्भरता' लक्ष्यलाई अझ सुदृढ बनाएका हुन्। बाइडेन राष्ट्रपति हुनुअघि नै चिनियाँ राज्य परिषद्को जुलाई २०२० को सेमीकन्डक्टर नीतिले विदेशी सेमीकन्डक्टर उत्पादन उपकरणको आयातलाई 'अस्थायी' आवश्यकताका रूपमा वर्णन गरेको थियो।

विगत एक दशकमा चीनले क्वान्टम सूचना, आणविक ऊर्जा प्रविधि, एआई प्रविधिको विकास, अन्तरिक्ष अभियान, नयाँ वैज्ञानिक उपग्रह र समुद्री अन्वेषण उपकरणको विकासमा उल्लेखनीय उपलब्धि हासिल गरेको छ। 'ग्लोबल इनोभेसन इन्डेक्स'मा चीनको वरीयतामा भएको वृद्धिले विगत एक दशकमा विज्ञान प्रविधिको आविष्कारमा चीनले गरेको प्रगतिलाई प्रतिबिम्बित गर्छ। ग्लोबल इनोभेसन इन्डेक्समा चीनको च्याकिङ २०१२ मा ३४ थियो भने २०२२ मा चीन ११ थियो। मार्च, २०२३ मा 'अस्ट्रेलियन स्ट्रेटेजिक पोलिसी इन्स्टिच्युट'ले सार्वजनिक गरेको प्रतिवेदनअनुसार ४४ महत्त्वपूर्ण र उदीयमान प्रविधिमध्ये ३७ वटा विधामा चीनको नेतृत्व छ भने बाँकी सात प्रविधिमा अमेरिका अघि रहेको छ। चीनले रक्षा, अन्तरिक्ष, रोबोटिक्स, ऊर्जा, वातावरण, जैविक प्रविधि, आर्टिफिसियल इन्टेलिजेन्स र उन्नत सामग्री निर्माणजस्ता विभिन्न महत्त्वपूर्ण विषयका अनुसन्धान र प्रविधिको क्षेत्रमा अमेरिकालाई उछिनेको छ। केही प्रविधिका लागि विश्वका शीर्ष १० प्रमुख अनुसन्धान संस्था चीनमा अवस्थित छन्। सिसिपी नेतृत्वले सन् २०५० सम्ममा देशलाई विश्व विज्ञान महाशक्तिमा परिणत गर्ने लक्ष्य राखेको छ। मार्च २०२१ मा प्रकाशित १४औँ पञ्चवर्षीय योजना र २०३५ सम्मको दीर्घकालीन लक्ष्यले विज्ञान, प्रविधि र नवप्रवर्तनको क्षेत्रलाई चीनको आधुनिकीकरण अभियान र चिनियाँ राष्ट्रको कायाकल्पको आधारशिला मान्दै प्राथमिकतासाथ अघि सारेको छ। देशको पुनर्निर्माणका लागि देङ सियाओपिङले घोषणा गरेका 'चार आधुनिकीकरण'को चार स्तम्भमध्ये विज्ञान एक थियो। सुधार र खुलापन नीति सुरु भएदेखि चीन सरकारले यस सम्बन्धमा धेरै कार्यक्रम विकास गरेको छ, सी जिनपिङ प्रशासनले यसको विकास र प्रवर्द्धनलाई नयाँ उचाइमा पुऱ्याएको छ।

> यदि अमेरिका र चीन विज्ञान र प्राविधिक युद्धमा संलग्न भए र एक-अर्कासँग सहकार्य गर्न छोडे भने यसले वैज्ञानिक विचार र आविष्कारमा गम्भीर बाधा पुऱ्याउनेछ

एक विश्लेषक लेख्छन्, ऐतिहासिक रूपमा विज्ञानको विश्व केन्द्र धेरैपटक सरेको छ, पुनर्जागरण इटलीदेखि इंग्ल्यान्ड, फ्रान्स र जर्मनी हुँदै बीसौँ शताब्दीको प्रारम्भदेखि अमेरिका विज्ञानको केन्द्रको रूपमा कायम छ। तर, विश्वको विज्ञान र प्रविधि क्षेत्रमा प्रमुख खेलाडीका रूपमा उदीयमान चीनका कारण विज्ञानको केन्द्रका रूपमा आफ्नो स्थान गुम्ने विषयले धेरै अमेरिकीलाई चिन्तित बनाएको छ।

विज्ञान र प्रविधिका क्षेत्रमा चीनको उपलब्धि र प्रदर्शन भने आफैँमा नौलो होइन। मिङ राजवंशको प्रारम्भिक वर्षसम्म चीन विज्ञान र प्रविधिमा विश्वनेता थियो। प्राचीन चीनका चार प्रमुख आविष्कारका रूपमा रहेका पेपरमेकिङ, मुद्रण, कम्पास र गनपाउडरजस्ता चिनियाँ आविष्कारले पूर्वी एसिया, मध्यपूर्व र युरोपको आर्थिक विकासमा महत्त्वपूर्ण योगदान पुऱ्याएका थिए। पुरातात्विक प्रमाणअनुसार इपू पाँचौँ शताब्दीको प्रारम्भमा चीनमा फलाम गलाउने प्रविधि विकसित भइसकेको थियो। हान राजवंशको अभिलेखअनुसार १३२ इस्वीमा आविष्कारक झाङ हेङले भूकम्पको दिशा निर्धारण गर्ने सिस्मोग्राफ बनाएका थिए। सबैभन्दा पुरानो फाइबरमध्ये एक रेशम, ६ हजार वर्षपहिले चीनमा उत्पत्ति भएको थियो। रेशम, चुम्बकीय कम्पास, पेपरमेकिङ र पोर्सिलेनसम्बन्धी पश्चिमी ज्ञान सबै चीनबाटै व्युत्पन्न भएको थियो। तेह्रौँ शताब्दीमा चीन भ्रमण गरेका इटालीयन व्यापारी, अन्वेषक र लेखक मार्को पोलोले चिनियाँ प्रविधिको श्रेष्ठताबारे पश्चिमालाई सचेत गराएका थिए। चीन भ्रमण गर्ने हरकोहीलाई हजारौँ वर्ष पुराना चिनियाँ संरचनाले अचम्मित र आकर्षित गर्छन्।

हाई-प्रोफाइल चिनियाँ मूलका अमेरिकी वैज्ञानिक चीन फर्केको विषयलाई लिएर सन् २०१० मा न्युयोर्क टाइम्सले एक समाचार सम्प्रेषण गरेको थियो। उसले त्यसलाई प्रविधिको क्षेत्रमा अन्य विकसित राष्ट्रसँगको अन्तरलाई कम गर्ने चिनियाँ सरकारको चाहनाद्वारा प्रेरित भएको बताएको थियो। विज्ञान र प्रविधिलाई लिएर चीन सरकारको गम्भीरता, विदेशमा कार्यरत चिनियाँ वैज्ञानिक र प्रतिभालाई देश फर्काउन लिएको नीति र ट्रम्प प्रशासनयता अमेरिकी प्रतिष्ठानहरूले चिनियाँ मूलका अमेरिकी वैज्ञानिकलक्षित नीतिले चीन फर्किने विद्यार्थी र वैज्ञानिकको संख्या उल्लेखनीय रूपमा बढेको छ। २०२२ मा चिनियाँ अनुसन्धानकर्ताले अमेरिकी अनुसन्धानकर्ताका तुलनामा कृत्रिम बुद्धिमत्ता (एआई) मा तीन गुणा धेरै प्रकाशन प्रकाशित गरे। शीर्ष एक प्रतिशत सबैभन्दा धेरै उद्धृत एआई अनुसन्धानमा चिनियाँ लेख अमेरिकी लेखभन्दा दुई गुणा बढी छन्। न्यानो साइन्स, रसायन विज्ञान र यातायातका विधामा पनि शीर्ष एक प्रतिशत सबैभन्दा उद्धृत पेपरमा चीन अग्रस्थानमा छ। अस्ट्रेलियन स्ट्रेटेजिक पोलिसी इन्स्टिच्युटको रिपोर्टअनुसार चिनियाँ विज्ञद्वारा प्रकाशित उच्च प्रभावका प्रकाशनमध्ये सबैभन्दा बढी उद्धृत शीर्ष बीस प्रतिशत प्रकाशन अमेरिका, क्यानडा, बेलायत, अस्ट्रेलिया र न्युजिल्यान्डबाट फर्किएका चिनियाँ विज्ञबाट भएको छ।

वर्तमान वैश्वीकृत र बहुध्रुवीय संसारमा नेतृत्वको प्रकृति धेरै फरक प्रकारको छ। विज्ञान र प्रविधि प्रणालीमा कुनै पनि राष्ट्रले विश्वव्यापी रूपमा एकल प्रभुत्व जमाउन सक्ने सम्भावना छैन। विज्ञान, प्रविधि र नवप्रवर्तनमा चीनले हासिल गरेको उपलब्धि र देखाएको क्षमताले यस क्षेत्रमा उसको महत्त्वाकांक्षा र सम्भावित मार्गका लागि एउटा विचार बनाउन सहज हुन्छ। चीनले आफ्नै प्रतिस्पर्धात्मक उपकरण उद्योगको विकास गर्नु केही समयको कुरा मात्र हो। त्यसैले चिप बनाउने उपकरण वा प्राविधिक नियन्त्रणद्वारा चीनको प्रगतिलाई रोक्न खोज्नु उपलब्धिमूलक नहुन सक्छ। विज्ञान र प्रविधिको क्षेत्रमा चीन र अमेरिकाले विश्वको सबैभन्दा ठूलो बजेट र मानव संसाधन विनियोजन गरेका छन् र विज्ञान र प्रविधिसम्बन्धी अकादमिक साहित्यको सबैभन्दा ठूलो उत्पादक हुन्। यदि यी दुई देश विज्ञान र प्राविधिक युद्धमा संलग्न भए र एक-अर्कासँग सहकार्य गर्न छोडे भने यसले वैज्ञानिक विचार र आविष्कारमा अवश्य पनि बाधा पुऱ्याउनेछ। स्वास्थ्य, जलवायु र वातावरणजस्ता विश्वव्यापी चुनौतीलाई सम्बोधन गर्न वैज्ञानिक ज्ञान विकासका लागि दुई प्रमुख राष्ट्रबीचको सहयोग र सहकार्यबाट विश्वले फाइदा लिन सक्छ। विश्व राजनीति 'शून्य-राशि खेल'को मानसिकताबाट माथि उठ्न जरुरी छ।

---

३ प्रश्न

प्रधानमन्त्रीका राजनीतिक सल्लाहकार **हरिबोल गजुरेल**लाई



संसद्को अवरोध किन र कहिलेसम्म चलिरहने हो ?

सुन तस्करी प्रकरणको सुई आफ्ना नेतातिरै सोझिने खतरा देखेपछि प्रमुख प्रतिपक्षी दल एमालेले उच्चस्तरीय छानबिन समितिको माग गरेर मुद्दालाई 'डाइभर्ट' गर्न खोजिरहेको छ। सरकार भ्रष्टाचारविरुद्ध खरो रूपमा उत्रिने संकेत देखेपछि एमाले अताल्लिएको छ। त्यसैले, उसले विनाकारण संसद् चल्न दिइरहेको छैन। सरकारले गलत गरिरहेको छ भने त्यसको विरोधमा नाराजुलुस गरे हुन्छ। यो यो ठाउँमा सरकारले गलत गरिरहेको छ भनेर विरोध गर्दा हुन्छ।

सरकारले पनि आयोग गठन गरिदिए हुन्थ्यो नि त ?

अहिले सुन तस्करीको विषयमा प्रहरीको सिआइबीले सुक्ष्म अनुसन्धान गरिरहेको छ। देशको प्रहरी प्रशासन र अनुसन्धान निकायको काममा अर्को कुनै बहाना तेर्स्याएर बाधा पुऱ्याउनु हुँदैन। उसले काम गरिसकेपछि त्यो अपूरो भयो, चित्तबुझ्दो भएन भने त्यतिखेर आयोग बनाएर छानबिन गर्न सकिन्छ। हुन त यसअघिका कुन चाहिँ आयोगको प्रतिवेदन कति र कसरी कार्यान्वयन भएका छन् र ? यसरी मुख्य अनुसन्धानको विषयलाई डाइभर्ट गर्नेगरी अनावश्यक रूपमा जनप्रतिनिधिमूलक संस्थालाई अनिर्णयको बन्दी बनाउन मिल्दैन।

यो गतिरोधको गाँठो फुकाउने उपाय के हो त ?

झन्डै एक महिनादेखि संसद् चल्न सकिरहेको छैन। छानबिन आयोगको माग गरेर एमालेले बालहठ प्रदर्शन गरिरहेको छ। तर, एमालेले जनताप्रतिको दायित्व भुलेर संसद् चल्न दिएन भन्दैमा हामीले आफ्नो दायित्व बिर्सन मिल्दैन। अब बिचको बाटो खोजेर अघि बढ्नुपर्छ। संघीयता कार्यान्वयनका लागि कानुन निर्माण र कार्यान्वनमा प्रमुख प्रतिपक्षीसँग मिलेरै जानु छ। त्यसैले, अब छिटै गतिरोध हट्नुपर्छ।

प्रेरक प्रसंग

सपना पूरा गर्ने हुटहुटी

भारतको गुजरात सहरको जामनगरमा सन् १९७४ मा एक बालकको जन्म भयो। जसको नाम रमेश गोपी नायर राखियो। गोपी सानैदेखि नृत्यप्रति आकर्षित थिए। उनी माइकल ज्याक्सनको नृत्यलाई खुब मन पराउँथे। टेलिभिजन र युटुब हेरेर नृत्य सिक्थे। स्कुलमा नाच्ने अवसर पाए जहिल्यै अगाडि हुन्थे। पढाइलेखाइमा भने उनको खासै मन लाग्दैनथ्यो।

स्कुलको पढाइ सकिएपछि कलेजमा पनि गोपीको अवस्था उस्तै थियो। नृत्यमा चासो बढ्दै गएको थियो, पठनपाठनमा चाहिँ खासै रुचि थिएन। यसैबीच उनले मुम्बईमा कुनै सिनेमाका लागि ब्याकग्राउन्ड डान्सर चाहिएको सूचना पाए। उनलाई पनि मुम्बई गएर आफ्नो भाग्य परीक्षण गर्ने हुटहुटी जाग्यो। तर, उनले बुबाआमाबाट त्यसका लागि अनुमति पाएनन्। उनले बल्लतल्ल आमालाई मनाए। उनलाई केही साथीले आर्थिक सहयोग गरे। उनी मुम्बई पुगे। सपनाको नगरी मुम्बई पुगेपछि गोपी ब्याकग्राउन्ड डान्सर माग गर्ने कार्यालय पुगे। त्यहाँ उनलाई एउटा फारम भर्न लगाइयो र त्यसबापत केही पैसासमेत बुझाउन लगाइयो। उनलाई सात दिनपछि सम्पर्क गर्न भनिएको थियो। तर, सात दिनपछि जाँदा त्यो कार्यालय बन्द भइसकेको थियो। त्यतिन्जेल उनीसित भएको पैसा पनि सकिइसकेको थियो। अब उनका लागि निराश भएर घर फर्किनुको विकल्प थिएन। तर, गोपी घर फर्किन तयार भएनन्।

उनी मुम्बईका फुटपाथ र रेल्वे स्टेसनमा सुते, रुखासुखा खाए। केही समयपछि उनी घरघर गई बालबालिकालाई नृत्य सिकाउन थाले। यसबाट उनको मुम्बई बसाइ केही हदसम्म सहज हुँदै गयो। केही समयपछि उनले आफूजस्तै नृत्यमा चासो हुने युवाको समूह बनाएर नृत्य प्रशिक्षण केन्द्र सञ्चालन गरे। उनीहरूको समूहले अल इन्डिया डान्स नामको प्रतियोगिता जित्यो।

त्यस सफलतापछि बिस्तारै उनी ब्याक ग्राउन्ड डान्सर हुँदै कोरियोग्राफर बने। उनी सपना देखेर त्यसलाई पछ्याउने हो भने सफल हुन सकिन्छ भन्ने उदाहरण बने। उनी हुन्, भारतकै अहिलेको समयका चर्चित कोरियोग्राफर तथा निर्देशक रेमो डिसुजा।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

विकल्प नभएकै हो त ?

एमाले अध्यक्ष केपी शर्मा ओलीको बोली र कार्यशैलीको निकै टीकाटिप्पणी हुने गरे पनि कांग्रेस सभापति शेरबहादुर देउवाको भने त्यति हुँदैन। किनकि, उनी प्रायः बोल्दैनन्। धेरै बोल्नु र बोल्दै नबोल्नु दुवै प्रवृत्ति राजनीतिका लागि घातक हो। ओलीले कहिले अयोध्या नेपालमै छ, राम नेपालमै जन्मेका हुन् भनेर भारतलाई चिढ्याए भने कहिले नुन, पानी र बेसार खाएमा कोराना भाग्छ भनी संसारलाई हँसाए। ओलीको बोली मात्र होइन, कार्यशैली पनि आलोच्य बन्दै आएको छ। उनकै कार्यशैलीका कारण नेकपा विभाजन हुन पुग्यो, ६ प्रदेश र संघको सत्ता एमालेको हातबाट गुम्यो। तैपनि, उनकै गुणगान चलिरहेको देखिन्छ पार्टीभित्र। के उनको विकल्प नभएकै हो त ?

● **गोपाल देवकोटा**, गोकर्णेश्वर-८, काठमाडौं
gopaldevkota@gmail.com

प्रत्यारोपण सहज गराऊ

अहिले देशमा झन्डै १९ हजारले मिर्गौला प्रत्यारोपणको पालो कुरिरहेको र हरेक वर्ष तीन हजारको मिर्गौला फेल हुने गरेको समाचार पढ्दा बडो चिन्ता लाग्यो। यतिखेर देशबाहिर गएर मिर्गौला प्रत्यारोपण गर्नुपर्‍यो भने यहाँ गराउँदा भन्दा झन्डै तेब्बरसम्म खर्च हुन्छ। एउटा सामान्य नेपालीका लागि त्यो निकै ठूलो रकम हो। त्यसैले, मिर्गौलापीडित हरेक नेपालीलाई सेवा दिने गरी प्रत्यारोपणलाई सहज बनाऊ।

● **अमृता शाक्य**
डिल्लीबजार, काठमाडौं

बिरामीमाथि भेदभाव किन ?

सरकारले मिर्गौला, क्यान्सर, हेपाटाइटिस बी, एचआइभी एड्सलगायत कतिपय रोगका बिरामीलाई अनुदान दिने गरेको छ। तर, कलेजो प्रत्यारोपण गर्नुपर्ने बिरामीलाई भने यस्तो अनुदानको व्यवस्था छैन। रोग त आखिर रोग नै हो। राज्यले आफ्ना नागरिकलाई यसरी कुनै रोगको उपचारमा अनुदान दिने र कुनै रोगको उपचारमा चाहिँ चासै नदिने गर्न कहाँ र कसरी मिल्छ ? जानकारी चाहियो।

● **सुजन नगरकोटी**
ललितपुर

भ्रष्टाचारले थिचिएको देश

तलदेखि माथिसम्म र दायाँदेखि बायाँसम्म जता हेऱ्यो, उतै भ्रष्टाचारको दलदलमा डुबेको छ देश। जुनसुकै दलको सरकार गठन भए पनि भ्रष्टाचारमा शून्य सहनशीलताको गफ खुब दिइन्छ। तर, भ्रष्टाचार भने झन्-झन् झाँगिँदै जान्छ। भ्रष्टाचार नियन्त्रणमा सरकार किन बारम्बार चुकिरहेको छ ? यसको जवाफ कसैले दिँदैन। जनताले झन्डै १७ वर्षपछि स्थानीय सरकार पाए पनि यो सरकार भनै भ्रष्टाचारको केन्द्रबिन्दु बनेको छ। नगरपालिकामा न्यायिक समिति सबभन्दा बढी भ्रष्टाचारमा डुबेको देखिन्छ। जनतालाई न्याय दिन होइन, सताउन खुलेको रहेछ, न्यायिक समितिजस्तो भान हुन थालेको छ।

काण्डैकाण्डले भरिएको यो देशमा भर्खर अलिअलि आसलाग्दा काम देखिएका छन्। अब त सरकारले भ्रष्टाचारको फाइल खुला गराउला कि भन्ने आस देखिएको छ। ललितानिवास प्रकरण, सुन तस्करी प्रकरण, भुटानी शरणार्थी प्रकरणजस्ता 'हाई प्रोफाइल' भ्रष्टाचार काण्डका फाइल खोलेर सरकारले जनतामा केही आशाको त्यान्त्रो देखाएको छ। यो सरकारले यसलाई निरन्तरता दिन सकोस्। सरकार टिकाउनकै लागि फाइल बन्द नहोस्। भ्रष्टाचारीलाई कारबाही होस् भन्ने आमजनमानसको आवाज सरकारले राम्ररी सुनोस्। कतै गठबन्धनको दाबाबमा ठूला भ्रष्टाचारको फाइल त्यत्तिकै बन्द त हुने होइन भन्ने आमनागरिकमा चिन्ता छाएको छ। जनतालाई सुशासनको अनुभूत गराउने हो भने कुनै पनि भ्रष्टाचारको फाइल बन्द नहोस्। जोसुकै भए पनि भ्रष्टाचारी देश सिध्याउने धमिरा हुन्।

● **पुरुषोत्तम घिमिरे**, जोरपाटी, काठमाडौं
ghimirepuru@gmail.com

हिमालय जोगाउन लोभ होइन, विज्ञान रोजौं

सत्य के हो भने विश्वकै पहाडी पारिस्थितिक प्रणालीमा हिमालय क्षेत्रले सबैभन्दा बढी सहरीकरण व्यहोरिरहेको छ



देश / विदेश

● शैलेन्द्र यशवन्त

यो वर्षको स्वतन्त्रता दिवस सम्भवतः भारतका ठूला त्रासदीपूर्ण दिनमध्येको होला। निरन्तरको आरिघोप्टे वर्षाका कारण हिमाचल प्रदेशका हिमालयको शेषमा ६० जनाभन्दा बढीले ज्यान गुमाएका छन्। करोडौँ रुपैयाँबराबरको पूर्वाधार र सम्पत्तिको नाश भएको छ। सयौँ मानिस र चौपाया दिनानुदिन बढिरहेको यमुना नदीको तटीय क्षेत्रमा फसेका छन्। त्यसैगरी उत्तराखण्डमा ७४ जनाले ज्यान गुमाएका छन् र करिब ३७ जनाभन्दा बढी गम्भीर घाइते भएका छन्। भारी वर्षाले हरेक दिन नयाँ-नयाँ रेकर्ड बनाइरहेको छ। सडक अवरुद्ध छन्। विद्यालय बन्द छन्। बारीबाट टिप्न तयार तरकारी र अन्य कृषि उपजको नाश भएको छ। अहिले कैयौँ पर्यटक र तीर्थयात्री अलपत्र परेका छन् र कैयौँको उद्धार भइरहेको छ। वास्तवमा भारतको यी हिमालय क्षेत्रको समग्र अर्थतन्त्र खलबलिएको छ। अब आउने केही दिनको मौसम पूर्वानुमान पनि सुखद देखिँदैन। अहिलेको अवस्थामा सबैभन्दा महत्त्वपूर्ण कुरो भनेको जोखिम न्यूनीकरण हो र मानिसको ज्यान जोगाउनु हो। पीडितलाई कुनै विलम्ब नगरी राहत उपलब्ध गराउनुपर्छ। वास्तवमा सबैभन्दा भयावह अवस्थाको सामना गर्न तयार हुनुपर्छ। कुनै समय अर्थात् केही दशकअगाडि हिमालय क्षेत्रमा हालका जस्ता प्रकोप निम्तिँदा यी प्रकोपलाई राष्ट्रिय त्रासदीको संज्ञा दिइन्थ्यो। मुलुकभरिबाट राहत र सहायता थुप्रिन्थ्यो। दुर्भाग्य, यस्ता प्रकोपको बढ्दो आवृत्ति र तीव्रताले आममानिसका लागि यी प्रकोप बेवास्ताको विषय बन्न पुगेका छन्। यो बेवास्ता राष्ट्रिय मिडिया कभरेजमा पनि राम्रैसँग देखियो।

भारत मौसम विज्ञान विभाग (आइएमडी) ले हिमालय क्षेत्रमा भएका प्रकोप बादल विस्फोटन (क्लाउड ब्रस्ट) का कारण भएको जनाएको छ। विभागका अनुसार जुनदेखि सेप्टेम्बरसम्मको मनसुनी समयमा यस्ता विस्फोट सामान्य हो। जलवायुविद्ले जलवायु परिवर्तनसम्बन्धी अन्तरसरकारी मञ्च (आइपिसिसी) को प्रतिवेदनलाई औँल्याउँछन्। यस्ता प्रतिवेदनले विश्व तापमान वृद्धिका कारण भएको उग्र-मौसमी घटनामा तीव्र बढोत्तरी हुने जनाएका छन्। भूवैज्ञानिकले बारम्बार सम्पूर्ण हिमाली क्षेत्र अस्थिर, भूकम्पीय जोखिममा रहेको र मानवीय हस्तक्षेप नहुँदा पनि वातावरणीय रूपमा कमजोर रहेको दोहोऱ्याउँदै आएका छन्। हिमालय क्षेत्रमा जमिन घस्निने, जमिनको उत्थान हुने, जमिनमा दरार आउने, जमिन खस्किने, पहिरोलगायत भूखण्डीय चाल सामान्यतया देखिने गर्छ। प्रकोप निम्तिँदा प्रशासनले उल्लिखित कारणतर्फ औँला तेर्स्याउन कुनै विलम्ब गर्दैन र आफ्नो भ्रष्टाचार, अकर्मण्यता र उपेक्षापूर्ण मनोवृत्ति लुकाउँछ।

हिमालय क्षेत्रका क्रुद्ध बासिन्दा विनाशका लागि दिल्लीको तथाकथित विकास जिम्मेवार रहेको आरोप लगाउँछन्। स्थानीय बासिन्दा बाँध, चारधाम राजमार्ग र रातारात धनाढ्य बनेका नेतातर्फ औँला तेर्स्याउँछन्। सत्य के हो भने विश्वकै पहाडी पारिस्थितिक प्रणालीमा हिमालय क्षेत्रले सबैभन्दा बढी सहरीकरण व्यहोरिरहेको छ। अहिले कुल हिमालय क्षेत्रको करिब ३३ प्रतिशत भूमिमा संरचना खडा गरिएको अनुमान गरिएको छ। र, यसमा पनि करिब ६० प्रतिशत संरचना निकै कमसल स्तरका छन् र यी संरचना पहिरो वा बाढी आउन सक्ने वातावरणीय रूपमा असुरक्षित ठाउँमा बनेका छन्। पछिल्लो दशकमै तुलनात्मक रूपमा पहुँच हुन नसक्ने क्षेत्रमा पनि घरेलु पर्यटनका लागि तीव्र सहरीकरण बढेको देख्न सकिन्छ। नतिजा जंगलको अतिक्रमण, प्राकृतिक जल निकासीमा अवरोध, चट्टानी भिर भत्काएर बनेका भवन एवं संरचनाले पहिरोको आवृत्तिलाई उल्लेख्य अनुपातमा बढाइदिएको छ। वैज्ञानिक र इन्जिनियर डिजाइन र निर्माणका मामिलामा लिइने स्वीकृतिलाई लत्याइँदै छ। हामीकहाँ नेता र ठेकेदार छन्, जसले कता खन्ने, कता भिरमा विस्फोट गराउने र कमसल गुणस्तरका घर भएका असुरक्षित वस्ती बनाउने भनेर तय गर्छन्। प्राकृतिक जल निकासी माध्यमको अतिक्रमण, अवरोध र उन्मूलनले भू-जलविज्ञान जोखिममा परेको छ। नतिजा अधिकांश हिमालय क्षेत्रका बस्ती बारम्बार पहिरो र भूखण्डीय चालको जोखिममा पर्छन्। यी नेताले मुखले जे भने पनि जलविद्युत् परियोजनाका लागि गरिने सुरुङ निर्माण एवं विस्फोटन, सडकको विस्तारीकरण र भिरपाखामा च्याउसरी बढेका भवनले पहाडी पारिस्थितिक प्रणालीमा रहेको टेक्टोनिक असन्तुलनलाई नराम्ररी भड्काउन सक्छ वा भड्काउँछ। यो कसैबाट छिपेको छैन। तैपनि, नीति-निर्माता मानवीय गतिविधिले हिमालयलाई थप किनारातर्फ धकेलिरहेको छ।



तस्बिर : प्रेस ट्रस्ट अफ इन्डिया


यी कमजोर र अधिक आबादी भएका हिमाली बस्तीको भविष्य पनि त्यहीँकै नागरिकको हातमा छ। प्रकोप मत्थर भएपछि र पुनर्निर्माण सुरु भएपछि नागरिकले सबै बस्तीका लागि जोखिम क्षेत्र औँल्याउने विस्तृत एवं व्यापक नक्सांकनमा जोड दिनुपर्छ। यो नक्सांकनले वातावरण, भूविज्ञान, जनसांख्यिकी, अर्थव्यवस्था, पूर्वाधार र सेवाजस्ता अवयवमाथि विचार पुऱ्याउनुपर्छ। स्थानीय निकायले सबै सहरी विकास योजनामा विपत् जोखिम न्यूनीकरण र जलवायु परिवर्तनको अनुकूलन समावेशलाई अनिवार्य बनाउनुपर्छ। पहाडका 'हिल स्टेसन'ले दिगो पर्यटनका लागि सामाजिक-पारिस्थितिक वहन क्षमतामा आधारित बृहत् कार्ययोजनाको विकास गर्नुपर्छ। नयाँदिल्लीले हिमालयमा सबै बाँध निर्माण, सडक फराकिलो गर्ने काम र वन कटानका गतिविधिमा तुरुन्तै रोक लगाउनुपर्छ, हिमालयमा भविष्यमा बन्ने संरचनाको आधार लोभ नभई विज्ञान हुनुपर्छ।

(यशवन्त क्लाइमेट एक्सन नेटवर्क साउथ एसिया (कान्सा)का वरिष्ठ सल्लाहकार हुन्)
डेक्कन हेराल्डबाट

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

टापु राष्ट्रमा किन चलिरहेको छ विश्वका नेताको दौडधुप ?

भारत, इन्डोनेसिया र दक्षिण कोरियाजस्ता देश पनि विश्वको सिपिङ च्यानल र महासागर अर्थतन्त्रका लागि टापु राष्ट्रमा आफ्नो प्रभाव खोजिरहेका छन्



● चान्डी मुल्यान्तो

इन्डोनेसियाका मुल्यान्तो पत्रकार, सञ्चार सल्लाहकार र लेखक हुन्



पपुवा न्युगिनी (पिएनजी)का प्रधानमन्त्री जेम्स मारापे व्यस्त आयोजक भएका छन् । गिनीको राजधानी एवं एक समयको फुर्सदिलो सहर पोर्ट मोरेस्बी अहिले व्यस्त कूटनीतिक गन्तव्य बनेको छ । आजकल मोरेस्बीको एयरपोर्टमा विशिष्ट पाहुना सवार विमानको धारो नै लाग्छ । हालैमा चीनका परराष्ट्रमन्त्रीमा नियुक्त वाङ यीले आठवटा प्रशान्त-टापु राष्ट्र भ्रमणको समापन जुन २०२२ मा पिएनजी भ्रमणबाट गरेका थिए भने अमेरिकी विदेशमन्त्री एन्टोनी ब्लिंकेन गत मेमा त्यहाँ अवतरण भए । अमेरिकी रक्षामन्त्री लोयड अस्टिन जुलाईको अन्तिम साता मोरस्बी पुगे ।

प्रशान्तको यी द्वीप मुलुकमा प्रभाव विस्तारका लागि चीन-अमेरिकाबीच संघर्ष चुलिँदै जाँदा अस्ट्रेलिया र न्युजिल्यान्डबाहिरको सबैभन्दा ठूलो क्षेत्रीय अर्थतन्त्र पिएनजीको भ्रमण गरेका नेताहरूको सूचीले लामो समयदेखि बेवास्तामा परेको यो क्षेत्र अब सबैको चासो बनेको देखाउँछ । गत मेमा जब भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी पोर्ट मोरेस्बी ओर्लिए, सम्मान जताउन प्रधानमन्त्री मारापे मोदीको खुट्टा छुन निहुरिए । अगस्टमा दुईवटा भारतीय युद्धपोत पपुवा न्युगिनी पुगेर विश्राम लिए । जुलाईमा पिएनजीका प्रधानमन्त्रीले इन्डोनेसियाली राष्ट्रपति जोको विडोडोसँग हात मिलाए ।

तर विश्वका नेतालाई पपुवा न्युगिनीले मात्रै आकर्षित गरिरहेको भने होइन । जुलाईको अन्तितर फ्रान्सेली राष्ट्रपति इमानुएल म्याक्रोंले दक्षिण प्रशान्तमा अवस्थित फ्रान्सेली भूभाग न्यु क्यालेडोनियाका साथै भानुआटु र त्यसपछि पिएनजीको भ्रमण गरेका थिए । मे महिनामा दक्षिण कोरियाका राष्ट्रपति युन सुक योलले यस क्षेत्रका करिब १२ जति नेतालाई सिओल निम्त्याएर पहिलो कोरिया-प्रशान्त टापु शिखर सम्मेलनको आयोजना गर्दै समुद्री सहयोग, जलवायु परिवर्तन तथा ऊर्जा सुरक्षालगायत मुद्दामा छलफल गरे । अरब लिगसम्बद्ध मुलुक र प्रशान्त क्षेत्रका टापु राष्ट्रका प्रतिनिधिबीच जुनमा भेटघाट भयो । उनीहरूले साउदी अरेबियामा जारी रियाद घोषणाकै एक हिस्साका रूपमा वातावरण संरक्षण, लगानी र अन्य क्षेत्रमा सहयोग सुदृढ गर्न सहमति जनाए । त्यसो भए विश्वका नेताले प्रशान्त क्षेत्रका द्वीप राष्ट्रहरूमा किन दौड लगाइरहेका छन् ? के यो चासोको प्रवाह यस क्षेत्रमा चीन-अमेरिका प्रतिद्वन्द्विताको सहायक कथा मात्र हो ? वा विभिन्न देशले त्यहाँ कदम राख्न चाहनुका अन्य कारण पनि छन् ? टापु देशहरू (पिआइसिएस)लाई यी सबैबाट केही फाइदा छ ?

यसको छोटो जवाफ यस्तो छ- भारत, इन्डोनेसिया र दक्षिण कोरियाजस्ता देशहरू पनि विश्वको सिपिङ च्यानल र महासागर अर्थतन्त्रका लागि महत्त्वपूर्ण यस क्षेत्रमा आफ्नो प्रभाव खोजिरहेका छन् । उनीहरू प्रशान्त क्षेत्रमा मित्रहरू बनाउने दौडमा आफू पछि नपरियोस् भन्ने चाहन्छन् । विश्लेषकहरूका अनुसार उनीहरूको प्रयास मुख्यतः कुनै महाशक्तिको पक्षमा धकेलिने भन्दा पनि आफ्नो राष्ट्रिय हितको रक्षा गर्ने नै रहेको छ । यसले प्रशान्तका द्वीप राष्ट्रहरूलाई राम्रो नै गरेको छ । उनीहरूले छान्नका लागि साझेदारहरू धेरै पाएका छन् भने चीन-अमेरिका विवादमा फस्नबाट बच्ने मौका पनि पाएका छन् ।

> भौगोलिक अवस्थितिका कारण विशेष गरी क्षेत्रीय शक्तिका रूपमा उदाउन खोज्ने देशका लागि प्रशान्त टापु राष्ट्रहरू बहुमूल्य साझेदार भएका छन् । टापु राष्ट्रहरूको अवस्थिति महत्त्वपूर्ण जल ढुवानी मार्गमा छ । भविष्यमा इन्डो-प्यासिफिकमा सैन्य द्वन्द्व भए यो क्षेत्र पानीजहाजहरू बिसाउने र इन्धन भर्ने महत्त्वपूर्ण अड्डा बन्ने निश्चित छ ।

शक्तिको म्याराथन : प्रशान्तका १४ द्वीप राष्ट्रहरू- पपुवा न्युगिनी, फिजी, पलाउ, टोंगा, टुभालु, सामोआ, भानुआटु, माइक्रोनेसिया, किरिबाटी, नाउरु, मार्सल टापु, सोलोमन टापु, कुक टापु र नियु परम्परागत रूपमा नै अमेरिका र उसका सहयोगी (विशेषगरी अस्ट्रेलिया, न्युजिल्यान्ड र बेलायत)का साझेदार मुलुक हुन् । अस्ट्रेलियाका साथै न्युजिल्यान्ड र फ्रान्सका समुद्रपारिका भूक्षेत्र न्यू क्यालेडोनिया र फ्रेन्च पोलिनेसिया प्यासिफिक आइजल्यान्ड्स फोरम (पिआइएफ) का सदस्यसमेत हुन्, जुन विश्वव्यापी रूपमा यस क्षेत्रको साझा हितको वकालत गर्न सन् १९७१ मा गठन गरिएको थियो । तर, पछिल्ला वर्षमा भूराजनीतिक तनाव यस क्षेत्रका प्राचीन समुद्री किनारामा ठोक्किन थालेका छन् । यसैको प्रभावस्वरूप चार प्रशान्त टापु राज्य पलाउ, टुभालु, नाउरु र मार्सल टापुले हालैमा ताइवानलाई मान्यता दिएका छन् । त्यो संख्या कुनै समय अझै ठूलो थियो, तर यसलाई बेइजिङले यस क्षेत्रका ताइपेईका साझेदारलाई ताइपेईको अभावपूर्ति गर्ने गरी लगानी र व्यापारको वाचा गरेर घटाएको छ । सन् २०१९ मा सोलोमन टापु र किरिबाटीले ताइवानसँगको सम्बन्ध तोडेर चीनसँग सम्बन्ध स्थापित गरे ।

सन् २०२० को अप्रिलमा सोलोमन र चीनले एउटा सुरक्षा सम्झौतामा हस्ताक्षर गरे । उनीहरूले गत जुलाईमा प्रहरी गस्तीको एउटा अर्को सम्झौतामा पनि हस्ताक्षर गरेका छन् । सन् २००९ यता चीन एसियाली विकास बैंकपछि यी टापु राष्ट्रको सबैभन्दा ठूलो ऋणदाता र शीर्ष व्यापार साझेदार भएको छ । जवाफमा अमेरिकाले यस क्षेत्रमा आफ्नो कूटनीतिक तथा सुरक्षा उपस्थितिलाई बढाएको छ । फेब्रुअरीमा अमेरिकाले सोलोमन टापुको राजधानी होनियारामा दूतावास खोल्यो भने मेमा विदेशमन्त्री ब्लिंकेनको भ्रमणको क्रममा पपुवा न्युगिनीसँग एउटा नयाँ सुरक्षा सम्झौतामा हस्ताक्षर गरेको छ । अन्य देश पनि यी टापु राष्ट्रहरूसँग सम्बन्ध विस्तारको हतारोमा छन् । उनीहरूका अभिप्रायः भिन्न होलान्, तर प्रशान्त टापु राष्ट्रहरूको भौगोलिक अवस्थितिका कारण विशेषगरी क्षेत्रीय शक्तिका रूपमा उदाउन खोज्ने राष्ट्रका लागि बहुमूल्य साझेदार भएका छन् । टापु राष्ट्रहरूको अवस्थिति महत्त्वपूर्ण जल ढुवानी मार्गमा जो छ । भविष्यमा इन्डो-प्यासिफिकमा सैन्य द्वन्द्व भए यो क्षेत्र पानीजहाजहरू बिसाउने र इन्धन भर्ने महत्त्वपूर्ण अड्डा बन्ने निश्चित छ ।

चीनलाई काउन्टर दिन मात्रै होइन : मे महिनाको मोदीको पपुवा न्युगिनीको भ्रमण उनको यो क्षेत्रको पहिलो भ्रमण थिएन । १४ प्यासिफिक टापु राष्ट्रहरूसँगको पहिलो शिखर सम्मेलनमा भाग लिन मोदी सन् २०१४ को नोभेम्बरमा फिजी उडेका थिए । यसअघि सन् १९८१ मा इन्दिरा गान्धीले फिजीको भ्रमण गरेकी थिइन् । मोदीले नयाँदिल्लीलाई 'प्यासिफिक टापुहरूको घनिष्ट साझेदार' बनाउने वाचा गरे । उनीहरूको दोस्रो शिखर सम्मेलन सन् २०१५ मा भारतीय सहर जयपुरमा भयो । तेस्रो शिखर सम्मेलन पोर्ट मोरेस्बीमा हालैमा सम्पन्न भएको छ ।

'प्रमुख वैश्विक शक्ति र क्षेत्रीय नेता बन्ने आकांक्षा राखेको नयाँदिल्लीले आफ्नो कूटनीतिक छाप विस्तार गर्न र परम्परागत रूपमा आफ्नो प्रभावबाहिर रहेका देशसँग सम्बन्ध सुदृढ बनाउन खोज्नु स्वाभाविक हो,' ताइपेयस्थित ताइवान-एसिया एक्सचेन्ज फाउन्डेसनका फेलो साना हास्मी भन्छिन्, 'प्रशान्त क्षेत्रमा भारतको चाललाई अन्तर्राष्ट्रिय रूपमा प्रायः 'चीनलाई काउन्टर दिने वा उसको बराबरी गर्ने उद्देश्यले अभिप्रेरितका रूपमा हेरिन्छ । तर, त्यो गलत हो ।'

भारतले यो क्षेत्रसँग मुख्यतः जलवायु परिवर्तनको क्षेत्रमा काम गर्न चाहेको देखिन्छ । सन् २०१४ मा मोदीले यस क्षेत्रका लागि एक अर्ब जलवायु अनुकूलन कोष घोषणा गरेका थिए । त्यसयता भारतले हरेक प्रशान्त राष्ट्रलाई वार्षिक रूपमा दुई लाख डलर सहायता दिँदै आएको छ । उसले कोभिड-१९ महामारीको समयमा प्रशान्त क्षेत्रमा एक लाखभन्दा बढी खोप पनि दिएको थियो । भारत विपन्न राष्ट्रहरूलाई सहुलियतपूर्ण खोप उपलब्ध गराउने संयुक्त राष्ट्र संघको कोभ्याक्सिन कार्यक्रमको ठूलो दातासमेत रहयो । भारतले फिजीलाई चिनी उद्योगको आधुनिकीकरण गर्न सहयोग गरेको छ । पाम आयलको विश्वको सबैभन्दा ठूलो आयातकर्ताको रूपमा भारतले पपुवा न्युगिनीबाट ठूलो परिणाममा पाम आयल खरिद गर्छ । वास्तवमा सन् २०२१ मा नेदरल्यान्डपछि भारत पिएजीको पाम आयल खरिद गर्ने दोस्रो ठूलो क्रेता बनेको छ । भारतका ग्यास कम्पनीहरूको पिएनजीको समुद्री क्षेत्रका ग्यास परियोजनामा रुचि छ ।

कोरियाली हिसाब : चीन-अमेरिका प्रतिद्वन्द्विताको छायामा आफ्नो प्यासिफिक विरासत सिर्जना गर्न खोज्ने देश भारत मात्र होइन । प्रशान्तका यी टापु राष्ट्रहरू लामो समयदेखि दक्षिण कोरियाको विदेश नीतिको प्राथमिकतामा छन् । जसरी नयाँदिल्लीले प्रशान्त क्षेत्रमा बहुध्रुवीय दृष्टिकोणलाई जोड दिइरहेको छ, सिउल पनि यस क्षेत्रमा आफ्नो स्थान बनाउन खोजिरहेको छ । एडेलेइड विश्वविद्यालयका अन्तर्राष्ट्रिय सुरक्षाका प्राध्यापक जोआन वालिस र जापानको रित्सुमेइकन एसिया प्यासिफिक युनिभर्सिटीका अन्तर्राष्ट्रिय सम्बन्धका सहायक प्राध्यापक जिये किम दक्षिण कोरियाको नीतिलाई 'एसिया-प्रशान्त क्षेत्रमा नयाँ छिमेकीहरू खोज्ने' नीतिका रूपमा व्याख्या गर्छन् । दक्षिण कोरियाले यस क्षेत्रलाई ऋण, अनुदान, हरित प्रविधि र न्यून-कार्बन ऊर्जा संक्रमणको माध्यमबाट सहयोग गर्न सक्ने उनीहरूको ठम्याइ छ ।

मध्य-शक्तिराष्ट्रका महत्त्वाकांक्षा : भारत र दक्षिण कोरियासँगै प्रशान्तका यी टापुमा आँखा लगाउने अर्को मुलुक इन्डोनेसिया हो, जसले गत डिसेम्बरमा बालीमा पहिलो इन्डोनेसिया प्यासिफिक फोरमको आयोजना गरेको थियो । मोदीजस्तै इन्डोनेसियाका राष्ट्रपति विडोडोको जुलाईको पपुवा न्युगिनीको भ्रमण यस क्षेत्रको पहिलो भ्रमण थिएन । उनले सन् २०१५ पनि पोर्ट मोरेस्बीको यात्रा गरेका थिए । पिएनजीका प्रधानमन्त्री जेम्स मारापेले २०२२ मा जकार्ताको भ्रमण गरे ।

'हाम्रो मुद्दा, हाम्रो एजेन्डा' : यी टापु राष्ट्रहरूले अमेरिका र चीनबीचको सम्बन्धलाई सन्तुलनमा राख्न सावधानीपूर्वक प्रयत्न गरिरहेका छन् । उनीहरू महाशक्तिबीचको टकरावमा फस्नबाट जोगिन चाहन्छन् । 'यी राष्ट्र साना र कमजोर छन्, त्यसैले उनीहरू असंलग्न परराष्ट्र नीति अवलम्बन गर्न खोज्छन् । द्विपक्षीय सम्बन्धलाई अगाडि बढाउन सबै देशसँग संवादमा सरिक हुन्छन् । उनीहरूको हितलाई सम्बोधन गर्न खोज्छन्,' अस्ट्रियास्थित थिंक ट्यांक लोवी इन्स्टिच्युटका एफडिसी प्यासिफिक फेलो महोलोपा लाभेलले भने । 'चीन-अमेरिका प्रतिद्वन्द्विताले प्रशान्त क्षेत्रको महत्त्वलाई प्रकाशमा ल्याएको छ र यो क्षेत्रलाई स्रोतसाधन जुटाउन सक्षम बनाएको छ,' फिजीको सुभामा स्थित युनिभर्सिटी अफ द साउथ प्यासिफिकका अन्तर्राष्ट्रिय सम्बन्धका प्राध्यापक सान्ड्रा टार्टेले भने । यसले उनीहरूको बार्गेनिङ शक्तिलाई पनि बढाएको छ । असल मनशाय र बढी सम्भावना बोकेको साझेदार चयनको अवसर पनि दिएको छ । उनीहरू यसलाई 'हाम्रा मुद्दा हाम्रो अजेन्डा' भन्छन् ।

- अल जजिराबाट

इतिहासमा आज

अगस्ट २०



सन् १९१४ : प्रथम विश्वयुद्धको समयमा जर्मनीको सेनाद्वारा बसेल्स कब्जा ।

सन् १९४० : मेक्सिकोमा लियोन ट्रोत्स्कीमाथि आक्रमण । रुसी क्रान्तिकारी तथा रेड आर्मीका संस्थापक लियोन ट्रोत्स्कीलाई एनकेविडीका एक गुप्त एजेन्टले उनको घरमा आक्रमण गरे । आक्रमणको क्रममा लागेको चोटका कारण एक दिनपछि उनको मृत्यु भएको थियो ।

सन् १९६० : माली महासंघबाट अलग हुँदै सेनेगलद्वारा पूर्ण स्वतन्त्र भएको घोषणा । स्थापना भएको एक वर्षपछि सेनेगल माली महासंघबाट बाहिरिएको हो । लियोपोल्ड सेनघोर एक महिनापछि सेनेगलको पहिलो राष्ट्रपति बने ।

सन् १९८८ : सात वर्षपछि इरान र इराकबीचको द्वन्द्व अन्त्य । सन् १९८० को सेप्टेम्बर २२ मा इराकले इरानलाई अतिक्रमण गरेपछि मध्यपूर्वका दुई देशबीचको युद्ध सुरु भएको थियो ।

सन् १९९३ : ओस्लो सम्झौता वार्ता निष्कर्षमा पुग्यो । ओस्लोको फाफो इन्स्टिच्युटमा सम्पन्न उक्त वार्तामा इजरायल र प्यालेस्टाइन लिबरेसन अर्गनाइजेसनबीच सम्झौता भएको थियो । सम्झौताले प्यालेस्टिनी प्राधिकरणको स्थापना गर्नुका साथै गाजापट्टी र वेस्ट बैंकमा शासन गर्ने अधिकार दियो ।

विश्व संक्षेप

बर्गर किङले मेनुबाट हटायो टमाटर

नयाँदिल्ली / मूल्यमा तीव्र वृद्धिपछि बर्गर किङले भारतीय आउटलेटहरूमा आफ्नो खानाबाट टमाटर हटाएको जनाएको छ । 'टमाटर बालीको गुणस्तर र आपूर्तिमा अप्रत्याशित अवस्थाका कारण' यो निर्णय गरिएको फास्ट फुड चेनले जनाएको छ । खराब मौसमका कारण बालीमा क्षति पुगेपछि भारतीय बजारमा गोलभेडाको अभाव भएको विज्ञहरूले बताएका छन् । यस हप्ताको सुरुमा अमेरिकी स्यान्डविच चेन सबवेले पनि मेनुबाट टमाटर हटाएको थियो किनभने भारतको खाद्य मुद्रास्फीति सन् २०२० को जनवरीयताकै उच्च हो । यसले रेस्टुरेन्टले वर्षौंदेखि स्यान्डविचसँगै प्रस्ताव गरेको निःशुल्क चिज स्लाइस पनि रद्द गरेको छ । भारतमा टमाटरको मूल्य आकासिएको छ । वर्षाको पानीले बालीमा क्षति गरेपछि जुलाईमा टमाटर प्रतिकिलो २५० रुपैयाँ (तीन डलर) मा बिक्री भएको थियो । आपूर्ति संकट व्यवस्थापन गर्न भारतले छिमेकी देश नेपालबाट टमाटर निर्यात सुरु गरेको छ ।

ब्राजिलका पूर्वराष्ट्रपति अनुसन्धानको दायरामा

रियो द जेनेरियो / पूर्वराष्ट्रपति जायर बोल्सोनारो र उनकी पत्नी मिचेल गहना र अन्य सरकारी उपहार हिनामिना गरेको आरोपमा अनुसन्धानमा तानिएका छन् । बोल्सोनारो र उनकी पत्नीले प्रहरीलाई बैंक रेकर्डमा पहुँचका लागि अनुमति दिएका छन् । बोल्सोनारो र उनका पूर्वसहयोगीले आफ्नो कार्यकालमा साउदी अरेबिया र बहराइनजस्ता देशबाट प्राप्त महँगा वस्तु अवैध रूपमा राखेर बेच्ने प्रयास गरेको आरोपमा अनुसन्धान भइरहेको छ । सर्वोच्च अदालतका न्यायाधीश अलेक्जेन्ड्रे डी मोरेसले संघीय प्रहरीलाई बोल्सोनारोको ब्राजिलमा रहेको बैंक तथा करसम्बन्धी रेकर्डको अनुसन्धान गर्न र अमेरिकामा उनीहरूको बैंक र कर रेकर्डमा पहुँचका लागि अनुरोध गर्न अधिकार दिएको समाचार संस्था जी-१ लगायत ब्राजिली सञ्चारमाध्यमले जनाएका छन् । बोल्सोनारो आफ्नो कार्यकाल समाप्त हुनुभन्दा दुई दिनअघि ब्राजिलबाट संयुक्त राज्य अमेरिका प्रस्थान गरेका थिए ।

ल्याटिन अमेरिका बन्न सक्छ कमोडिटी महाशक्ति

सन् २०३२ सम्ममा यहाँको कुल खाद्यान्न निर्यातले एक खर्ब अमेरिकी डलर नाघ्नेछ र विश्वकै सबैभन्दा ठूलो निर्यात गर्ने देश हुनेछ



पाँच शताब्दीभन्दा बढी समयदेखि ल्याटिन अमेरिका र उसको दुई अर्ब हेक्टर जमिन विश्वका लागि खाद्यान्न, इन्धन र धातुहरूको महत्त्वपूर्ण स्रोत बनी आएको छ । पहिले उनीहरूलाई उपनिवेशवादीले सुन, चाँदी, कपास र चिनीका लागि लुटे, पछि उसले युरोप र संयुक्तराज्य अमेरिकालाई रबर र तेल आपूर्ति पनि गऱ्यो । अब ल्याटिन अमेरिकाले २१औँ शताब्दीको कमोडिटी महाशक्ति बन्ने अवसर साक्षात्कार गर्दै छ । यसपटक, उसले कमोडिटी-उछालको अवसर घरेलु विकासलाई बढवा दिन उपयोग गर्न सक्नुपर्छ ।

सफा अर्थात् हरित ऊर्जातर्फको संक्रमणले सौर्य र वायुऊर्जा, ऊर्जा आपूर्ति लाइन र विद्युतीय सवारीसाधनको गुणात्मक एवं संख्यात्मक वृद्धिका लागि आवश्यक धातुको दशकौं माग सिर्जना गर्नेछ । ल्याटिन अमेरिकासँग विश्वको २० प्रतिशतभन्दा धेरै पाँचवटा महत्त्वपूर्ण धातुको भण्डार छ । हरित प्रविधिका लागि व्यापक रूपमा आवश्यक पर्ने तामाको उत्खननमा उसको पहिलेदेखि नै वर्चस्व छ । विश्वमा अहिलेसम्म पत्ता लागेका लिथियमको लगभग ६० प्रतिशत स्रोत यहीं छ, जसको प्रयोग विद्युतीय वाहनका ब्याट्रीमा गरिन्छ । ल्याटिन अमेरिका चाँदी, टिन र निकेलमा पनि धनी छ । यदि हरित ऊर्जातर्फको संक्रमण सुस्तायो भने पनि उसले फाइदा उठाउनेछ, हालै पत्ता लागेका तेल भन्डारले सन् २०३० पछिको विश्वव्यापी मागको ५ देखि १० प्रतिशत धान्न सक्छ ।

संसार हरित हुँदै जाँदा यसको जनसंख्या पनि बढ्दै जानेछ । सन् २०५० सम्ममा पृथ्वीमा मानिसको संख्या करिब १० अर्ब पुग्ने अनुमान गरिएको छ । यस परिदृश्यले यसले प्रशस्त मात्रामा उत्पादन गर्ने कार्बोहाइड्रेट, प्रोटिन र स्वादिष्ट भोजनको मागलाई वृद्धि गर्नेछ । ल्याटिन अमेरिकाले विश्वको ३० प्रतिशतभन्दा बढी मकै, मासु, पोल्ट्री र चिनी अनि ६० प्रतिशत भटमास आपूर्ति गर्छ । विश्वको अरेबिका कफीको १० मध्ये आठ कप कफी यसै क्षेत्रमा उत्पादित दानाबाट बनाइन्छ । सन् २०३२ सम्ममा यहाँको कुल खाद्यान्न निर्यातले एक खर्ब अमेरिकी डलर नाघ्नेछ र विश्वकै सबैभन्दा ठूलो निर्यात गर्ने देश हुनेछ ।

महाशक्तिबीचको प्रतिद्वन्द्विताले व्यापारिक साझेदारका रूपमा यस क्षेत्रको आकर्षण अझ बढाउनेछ । पश्चिमा देशहरू चीनबाट अलग भएर अघि बढिरहेका वेला उसले धेरैहदसम्म तटस्थ र शान्तिपूर्ण ल्याटिन अमेरिकासँग थप सम्झौता गर्न चाहेको छ । ठूला कम्पनीले पनि यसको धनमा आँखा लगाइरहेका छन् । गत महिना मात्र ब्राजिलको माइनिङ कम्पनी भेलले आफ्नो सफा धातु उत्खनन एकाइको १३ प्रतिशत सेयर स्वामित्व साउदी स्वामित्वका कम्पनीलाई तीन अर्ब डलरमा बेच्यो । चीनले बोलिभियामा लिथियम उत्पादनका लागि एक अर्ब ४० करोड अमेरिकी डलर छुट्याएको छ । यसैगरी, युरोपले ल्याटिन अमेरिकाका हरित परियोजनामा ४५ अर्ब युरो लगानी गर्ने प्रतिबद्धता जनाएको छ ।

समस्या के मात्र हो भने ल्याटिन अमेरिकाको कमोडिटी सम्बन्ध बिरलै सुखद रहने गरेको छ । विगतका संघर्षले 'कु', 'असमानता' र 'पपुलिजम'लाई उत्प्रेरित गरेका छन् । भेनेजुएलाका तानाशाह ह्युगो चाभेजले तेलको अवसरलाई अनावश्यक खर्चमा उडाएका थिए । उनले तेल उद्योगमा न्यून लगानी गरे भने आसेपासे र दलाल पुँजीपतिहरूलाई पोस्ने काम गरे । कोलम्बिया र इक्वेडरलाई तेलको

> ल्याटिन अमेरिकाले विश्वको ३० प्रतिशतभन्दा बढी मकै, मासु, पोल्ट्री र चिनी अनि ६० प्रतिशत भटमास आपूर्ति गर्छ । विश्वको अरेबिका कफीको १० मध्ये आठ कप कफी यसै क्षेत्रमा उत्पादित दानाबाट बनाइन्छ ।

व्यापक मुनाफाले समयअगावै औद्योगीकरणतर्फ अघि बढायो । निर्यातमा वृद्धि हुँदा घरेलु मुद्राको पनि मूल्यवृद्धि भयो, जसबाट अन्य निर्यात उद्योगको गला घोट्ने र अस्थिर बजारसँग यो क्षेत्रको भाग्यलाई गाँस्ने काम भयो । ल्याटिन अमेरिकाले अनगिन्ती उछाल र सुस्ती सहेको छ । तर, यहाँ स्थानीय अर्थ-व्यवस्था एकतर्फी छन् । औसतमा, यहाँका देशमा निर्यातको ८० प्रतिशत हिस्सा कच्चा पदार्थको निर्यातले ओगट्छ ।

यसपटकको कमोडिटी उछालबाट लाभ लिन ल्याटिन अमेरिकी देशहरूले थुप्रै चिजलाई ठीक बनाउन आवश्यक छ । पहिलो, तिनले यो उछाल साकार हुने कुरा सुनिश्चित गर्न आवश्यक छ । यसलाई अहिले राजनीतिले पछाडि धकेलिरहेको छ । वामपन्थी र पपुलिस्टले शक्ति प्राप्त गरेपछि यस क्षेत्रका धेरै देशले कर बढाउने, खानीलाई राष्ट्रियकरण गर्ने वा विदेशी लगानी बन्द गर्नेजस्ता कानुन पारित गरेका छन् । यो सही र उचितै छ, किनकि सरकारहरू राजस्व र तिनको प्रतिफल अधिकतम बनाउन चाहन्छन् । विशेषगरी, विगतमा उनीहरू कैयौंपटक लुटिएका छन् । तर, यदि तिनले धेरै लिन खोजे वा छिनछिनमा मन परिवर्तन गरिरहे भने, तिनका भण्डार चाँडै उपयोगमा आउनेछैनन् । यो आयलाई खानी छेउछाउका समुदायसँग बाँड्नु पनि उत्तिकै महत्त्वपूर्ण छ । उत्खननले जीविकोपार्जनमा समस्या हुने गरेको स्थानीयवासीको गुनासो रहने गर्छ ।

यस वर्ष विरोध प्रदर्शनले विश्वको आपूर्तिको दुई प्रतिशत हिस्सा ओगट्ने पेरुको एउटा तामाखानीमा महिनौंसम्म काम रोकेको थियो । सरकारबाट अक्सर समुदायहरू बेवास्तामा पर्ने गर्छन् भने खानी कम्पनीहरू घोटालामा संलग्न हुने र स्थानीय वातावरणलाई बर्बाद गर्ने गरेका छन् । जन गुनासो क मगर्न जबसम्म दुवैले थप कदम चाल्दैनन्, तबसम्म प्रगति अनिश्चित हुनेछ । स्थानीय नेताहरू अक्सर पैसाको पछि लाग्छन्, तर पैसाले सबै कुराको समाधान गर्न सक्दैन ।

सरकारले पनि आफ्नो पैसा बुद्धिमानीपूर्वक खर्च गर्नुपर्छ । उच्च मूल्य प्राप्त भएर आय अप्रत्याशित भएको बखत तिनले अप्ठ्यारा दिनका लागि बचत राख्नुपर्छ जुन उनीहरूले पछि बजेटमा खर्चिन सक्छन् । शून्यबाट अत्याधुनिक ब्याट्री फ्याक्ट्री निर्माण गर्न पैसा बगाउनुको सट्टा यहाँका सरकारले आधारभूत कुरामा लगानी गर्नुपर्छ जसले गर्दा शिक्षा, स्वास्थ्य, पूर्वाधार र अनुसन्धानजस्ता क्षेत्रमा नयाँ उद्योग आउन सकून् । विश्व बैंकका अनुसार सन् २०३० सम्ममा ब्राजिलको पूर्वाधार क्षेत्रको वित्त अभाव करिब आठ खर्ब अमेरिकी डलर हाराहारी पुग्ने अनुमान गरिएको छ, जुन वार्षिक जिडिपीको ३.७ प्रतिशत हुनेछ । ल्याटिन अमेरिकासँग स्रोतसम्पदाको पासोबाट बाहिर निस्कने ऐतिहासिक सुअवसर छ । उनीहरूले यौ मौका छोप्नुपर्छ ।

-द इकोनोमिस्ट

नेपालले निर्यातमा गुमाएका अवसर

नेपालले आफ्नो क्षमताको पूर्ण उपयोग गर्ने हो भने निर्यात मूल्य बढेर १३ खर्ब ८४ अर्ब रुपैयाँ पुग्न सक्छ



अर्थ संवाद
• डा. बद्री केसी

कुनै पनि देश कति बलियो वा कमजोर छ भन्ने कुराको विश्लेषण विगतमा सामरिकताका आधारमा गरिन्थ्यो । अर्थात्, त्यो देशसँग कति सेना छ, कति हातहतियार छ, कस्तो प्रकारका हातहतियार छ भन्ने कुराका आधारमा देशको मूल्यांकन हुन्थ्यो । बीसौँ शताब्दीको अन्त्यतिर आइपुग्दा सामारिकताका आधारमा देशको मूल्यांकन हुन छाड्यो र आर्थिक रूपमा कुन देशको सामर्थ्य कति छ भन्ने आधारमा देशको मूल्यांकन हुन थाल्यो । आर्थिक रूपमा कुनै पनि देश धनी र गरिब हुनका लागि के चाहिन्छ भन्ने कुराले बीसौँ शताब्दीमा थुप्रै ग्रन्थ लेखिए, हजारौँ अध्ययन भए । चाहे हाम्रा पूर्वीय धर्मग्रन्थ पढौँ वा पश्चिमाहरूले गरेका अध्ययनमा आधारित पुस्तक, सबैले उद्यमशीलतालाई पहिलो प्राथमिकता दिएको पाइन्छ । भन्नाको तात्पर्य जुन देशमा बढी उद्यमशीलता छ, बढी उद्यमी जन्मिएका छन्, उद्यमलाई प्राथमिकता दिइएको छ, उत्पादनलाई देशको अर्थतन्त्रको मेरुदण्ड नै मानिएको छ, ती-ती देशले विकासमा फड्को मारेका छन् । जहाँ उद्यमशीलता हुन्छ, उद्यम हुन्छ, उद्योगधन्दा, कलकारखाना हुन्छ, त्यहाँ रोजगारीका अवसर पनि हुन्छ । उद्यमले आय दिन्छ, त्यसले सरकारलाई राजस्व दिन्छ । रोजगारीले आयको समान वितरण दिन्छ । यसरी नै देश समृद्ध हुने हो ।

हाम्रो देश नेपाललाई प्रकृतिले सबै चिज दिएको छ । हालसालै गोरखाको एउटा परिवारले पुर्स्तौंदेखि भगवान् मानेर पुजेको लार्ज क्वार्ज क्रिस्टलको उदाहरण हेर्नौं । कुल ५२ किलो ३३० ग्रामको क्वार्ज क्रिस्टल सम्भवतः विश्वमा नै सग्लो भेटिएका क्वार्जमध्ये एक हो । यो उहाँहरूले आफैंले उत्खनन नगरी पहरा, भिरपाखामा जस्तो भेटियो, त्यस्तै ल्याएर पूजाआजा गरेको हुन सक्छ । अब हामी विचार गरौं, नेपालभरि यस्ता बहुमूल्य रत्नपत्थर कति होलान् ? यसलाई विश्वबजारमा लगेर व्यापारीकरण गर्न सकियो भने नेपालले कति आर्जन गर्ला ? यसबाहेक हिमालयको मुटुमा रहेको नेपालसँग समृद्ध सांस्कृतिक सम्पदा, जैविक विविधता, भौगोलिक विविधतायुक्त उर्वर भूमि छ । नेपालसँग अर्बौं डलरबराबरका यस्ता निधि छन्, जसको हामीले आवश्यक उत्खनन मात्र होइन, अन्वेषण पनि पूरा गर्न सकेका छैनौं । यस लेखमा हामी नेपालले गुमाएका निर्यात अवसरहरूबारे चर्चा गर्नेछौं ।

अन्तर्राष्ट्रिय व्यापार केन्द्र (आइटिसीले) गरेको विश्व व्यापारको तथ्यांकअनुसार सन् २०२२ को विश्व निर्यात व्यापारमा नेपालका मालवस्तुको कुल निर्यात हिस्सा १५५औं स्थानमा रहेको र विश्व व्यापारको कुल निर्यात रकममा नेपालबाट भएको कुल निर्यात रकमको ०.००५ प्रतिशत रहेको देखिन्छ । आयातमा भने विश्व व्यापारको कुल आयातमा नेपालको हिस्सा ०.०५५ प्रतिशत रहेको देखिन्छ । यसको सोझो अर्थ के हो भने नेपालको निर्यातको तुलनामा आयात १० गुणा धेरै छ । यसलाई रकममा हेर्नौं । आर्थिक वर्ष ०७९/८० मा नेपालले १७६८.८७ अर्ब रुपैयाँबराबरको आयात गर्दा १५७.१४ अर्ब रुपैयाँको मात्र निर्यात गर्न सकेको छ । निर्यात-आयात अनुपात १:१० रहन पुगेको छ ।

नेपालको प्रमुख निर्यातजन्य वस्तुहरूमा सोयाबिन तेल, पाम आयल, यार्न, ऊनी गलैंचा, तयारी पोसाक, हस्तकलाका सामान,नेपाली हातेकागज, अलैंची, जुस, फलाम र स्टिलका सामान, चिया, कफी, जुट र जुटका उत्पादन, कुकुर र बिरालोको आहार, अदुवा, पास्ता (चाउचाउ), जडीबुटी, ऊनी/पस्मिना सल, अर्घेलीको बोक्रा, रोजिन एन्ड रोजिन एसिड,जुत्ता-चप्पल आदि रहेका छन् ।

यसैगरी प्रमुख निर्यात बजारमा भारत, संयुक्त राज्य अमेरिका, जर्मनी, संयुक्त अधिराज्य, टर्की, फ्रान्स, क्यानडा, अस्ट्रेलिया, जापान प्रमुख रहेका छन् ।

सोयाबिन तेल, पाम आयलजस्ता उत्पादनको निर्यातलाई अस्थायी प्रकृतिको मान्दा तयारी पोसाक, ऊनी गलैंचा, हस्तकलाका सामान, नेपाली हातेकागज, जुट र जुटका उत्पादनजस्ता उत्पादन नै दिगो निर्यातका वस्तुका रूपमा देखा पर्छन् ।

विश्व बैंकद्वारा अप्रिल २०२१ मा प्रकाशित 'द एनर्मस अनट्याप्ड पोटेन्सियल : अन्डरस्ट्यान्डिङ नेपाल्स म्याग्निच्युड अफ मिस्ड एक्स्पोर्ट अपरच्युनिटिज' अनुसार नेपालको निर्यात सम्भाव्यता हालको वास्तविक वार्षिक व्यापारिक निर्यातको १२ गुणा बराबर रहेको अनुमान छ । गत आर्थिक वर्ष ०७९/८० को वास्तविक निर्यात १५७ अर्ब रुपैयाँलाई आधार मान्दा यदि नेपालले आफ्नो पूर्ण निर्यात क्षमताको उपयोग गर्ने हो भने सम्भावित मूल्य बढेर १३ खर्ब ८४ अर्ब रुपैयाँ पुग्न सक्छ, अर्थात् नेपालको निर्यात सम्भाव्यता र वर्तमान निर्यातबीच १२ खर्बभन्दा बढीको खाडल देखा पर्छ ।

प्रतिवेदनले १०४ देशको नमुनामा हराएको निर्यातको सूचकांकमा नेपाल पहिलो स्थानमा रहेको उल्लेख गरेको छ । यो सूचकांक अन्तर्राष्ट्रिय व्यापारको गुरुत्वाकर्षण मोडेलमा आधारित छ । नेपालको निर्यात क्षेत्र गलैंचा, कपडा र गार्मेन्टजस्ता केही उत्पादनमा केन्द्रित रहेको छ, जसले नेपालको व्यापारिक निर्यातको ८० प्रतिशतभन्दा बढी हिस्सा ओगटेको छ ।

विगत दुई दशकदेखि नेपालको निर्यात वृद्धि स्थिर रहेको छ, जबकि धेरै विकासोन्मुख देशले उत्पादकत्व स्तरवृद्धि, रोजगारी सिर्जना र विदेशी मुद्राको प्रवाहलाई सुरक्षित गर्ने प्लेटफर्मको रूपमा निर्यातलाई प्रयोग गर्दै आइरहेका छन् । चीन, भियतनाम, बंगलादेश, इथियोपियाजस्ता देशले निर्यातकै माध्यमबाट आफ्नो अर्थतन्त्रलाई बलियो बनाएका छन् । यी मुलुकले निर्यात सम्भाव्यता पहिचान गरेर आफ्नो देशको प्रतिस्पर्धात्मक क्षमताअनुसारका वस्तु उत्पादन र निर्यातमा विशेष ध्यान दिएको पाइन्छ ।

जिएसपीबाट लिन नसकेका लाभ : नेपालले जेनेरलाइज्ड सिस्टम अफ प्रिफरेन्सेस (जिएसपी) कार्यक्रमअन्तर्गत संसारका ठूला निर्यात सम्भावना भएका देश तथा मुख्य एसियाली देशहरूमा प्राप्त प्राथमिकताको पूर्ण रूपमा दोहन गर्न नसक्दा यहाँको निर्यात कमजोर भएको हो । विभिन्न अन्तर्राष्ट्रिय, बहुपक्षीय व्यवस्थाहरूका साथै द्विपक्षीय सन्धिसम्झौताका माध्यमबाट नेपालले भिन्दाभिन्दै देशमा भन्सार तथा कोटामुक्त सुविधा पाएको भए पनि सीमित वस्तुबाहेक त्यसबाट लाभ नै लिन सकेन । नेपालले युरोपेली युनियन (९२ प्रतिशत), संयुक्त राज्य अमेरिका (८१ प्रतिशत), नर्वे (७५ प्रतिशत), र अस्ट्रेलिया (६३ प्रतिशत)बाट जिएसपी सुविधाको उच्चतम उपयोग गर्न सके पनि मुख्य बजार हुन सक्ने चिनियाँ बजार (३६ प्रतिशत) र कोरियाली (४० प्रतिशत) बजार जस्ता ठूला एसियाली बजारमा यो सुविधाको प्रयोग नै गर्न सकेको देखिँदैन ।

विशेषगरी, चीनले नेपाललाई विभिन्न द्विपक्षीय सन्धिसम्झौताका माध्यमबाट प्रदान गरेको सुविधा नेपालले उपयोग गर्न नसक्दा अहिले दुई देशबीचको व्यापार घाटा साँच्चिकै अमिल्दो देखिएको छ । गत आर्थिक वर्ष ०७९/८० मा चीनबाट २ खर्ब २२ अर्ब ७२ करोड रुपैयाँको वस्तु आयात हुँदा नेपालबाट त्यसतर्फ केवल १ खर्ब ७७ करोड रुपैयाँको मात्र निर्यात हुनु निकै चिन्ताजनक अवस्था हो । नेपालले हाल चीनतर्फ पठाउने वस्तुको सूची निकै सानो छ । पास्ता, अगरबत्ती, ऊनी फेल्टका सामान, यार्सागुम्बासहितका जडीबुटी, हस्तकला, इसेन्सियल आयल, क्वार्जाइट, मेलामाइनजस्ता केही रत्नपत्थरजस्ता सीमित वस्तुले चीनतर्फको निर्यात धानेका छन्, जबकि विगतमा चीनतर्फ रँगाको मासुसमेत निर्यात हुन्थ्यो भने त्यहाँबाट सुन्तला, जुनारजस्ता फलफूलको समेत माग भएको थियो ।

विश्व बैंकका अनुसार नेपालले प्रत्येक एक अमेरिकी डलरबराबरको नयाँ निर्यातमा कृषिमा थप ३८ रोजगारी र उत्पादनमा १३ थप रोजगारी सिर्जना गर्न सक्ने अवसर छ । यो अनुमानका आधारमा नेपालले आफ्नो पूर्ण क्षमतामा निर्यात बढाउन सकेमा थप २ लाख २० हजार रोजगारी सृजना हुन सक्छ ।

दक्षिण एसियाली देशहरूको अध्ययनबाट ज्याला र अनौपचारिकतामा निर्यातको सकारात्मक प्रभाव निकालेको छ । निर्यात गर्ने फर्महरूले गैरनिर्यात गर्नेहरूको तुलनामा उच्च पारिश्रमिक तिर्ने प्रवृत्ति हुन्छ र निर्यातले कामदारलाई अनौपचारिक गतिविधिबाट बाहिर निकाल्छ, फलस्वरूप समग्र उत्पादकत्व वृद्धि हुन जान्छ । यसरी हेर्दा नेपालले निर्यातमा सीमित फाइदा उठाउन सक्दा त्यसले कमजोर आन्तरिक रोजगारी सिर्जनादेखि कमजोर उत्पादकत्वको परिणामसमेत भेल्नुपरेको छ । यो देशका लागि नै दुर्भाग्यपूर्ण अवस्था हो, किनभने हाम्रो निर्यात सम्भावना नै नभएको होइन, भएको निर्यात सम्भाव्यताको उचित उपभोग गर्न नसकेको अवस्था मात्र हो ।

नेपालले मूल्य अभिवृद्धियुक्त कृषि, अधिकतम लाभयुक्त पर्यटन, ह्वाइट गोल्डका रूपमा परिभाषित जलविद्युत्, हिमाली शुद्ध पिउने पानी, बहुमूल्य रत्नपत्थर, खनिज र खानीजन्य बहुउत्पादनदेखि विश्वमा नै नवीन क्षेत्रका रूपमा उदाएको सूचना तथा सञ्चार प्रविधिको अधिकतम उपयोग गरेर लाभ आर्जन गर्न सक्दछ ।

नेपालले निर्यातबाट उपयुक्त लाभ लिन नसक्नुका केही कारण छन्, जसमा सीमित निर्यातका वस्तु, सीमित विविधीकरण, सीमित बजार र जानकारी, कमजोर गुणस्तर नियन्त्रण, उच्च व्यापार लागत, वित्तमा सीमित पहुँच, जटिल भन्सार प्रक्रिया र गैरभन्सार अवरोधजस्ता नियामकीय अवरोध, अपर्याप्त व्यापार-सम्बन्धित पूर्वाधार, कमजोर प्रतिस्पर्धात्मक क्षमतालगायतका समस्यालाई पहिचान गरिएको छ ।

निर्यातजन्य समस्या आज आएर मात्र पहिचान भएका होइनन् । वर्षौंदेखि समस्या उस्तै रहनु, अझ बढेर जानुका पछाडि अवश्य केही कारण छन्, जसको समाधान खोज्न जति ढिला भयो, उति नै हामीले अन्तर्राष्ट्रिय रूपमा पाउँदै आएका बजार पहुँचको सुविधा गुमाउँदै जाने खतरा रहन्छ ।

देशभित्र पहिचान गरिएका निर्यातजन्य उद्योग र उत्पादन बढाउनका लागि देशमा रहेका विद्यमान लगानीकर्ताहरूको



> २०२२ को विश्व निर्यात व्यापारमा नेपाल १५५औं स्थानमा रहेको छ । विश्व व्यापारको कुल निर्यात रकममा नेपालको हिस्सा ०.००५ प्रतिशत रहेको देखिन्छ । आयातमा भने विश्व व्यापारको कुल आयातमा नेपालको हिस्सा ०.०५५ प्रतिशत रहेको देखिन्छ । यसको सोझो अर्थ के हो भने नेपालको निर्यातको तुलनामा आयात १० गुणा धेरै छ ।

मात्र सामर्थ्य नपुग्ने प्रमाणित नै भइसकेको छ । विदेशमा रहेका सामर्थ्यवान् नेपालीहरूको पहलमा अब भेन्चर क्यापिटलमा आधारित प्रत्यक्ष वैदेशिक लगानी आकर्षित गरेर निर्यातमूलक क्षेत्रमा लगानी बढाउनुपर्छ । हाम्रो देशको निर्यातको हकमा हामी सदैव कच्चा पदार्थ वा न्यून मूल्य अभिवृद्धि भएका वस्तु निर्यात गरेर धेरै आर्जन गर्ने सोच राख्छौं । त्यसमा केही लगानी बढाएर गुणस्तर, सर्टिङ, प्याकेजिङ, लेबलिङजस्ता विषयमा ध्यान दियौं भने हाम्रो वस्तुको मूल्य बढी प्राप्त हुन सक्छ ।

हामीलाई बजारको समस्या छँदैछैन भने पनि हुन्छ । भएका बजारसम्म कसरी गुणस्तरीय उत्पादन प्रतिस्पर्धी रूपमा पठाउने भन्ने मात्र हाम्रो समस्या हो । यसका लागि पूर्वाधारको विकास गर्नुपर्छ । यसमा सरकार, निजी क्षेत्रको साझेदारी (पिपिपी) मोडलमा गई पूर्वाधार विकास गर्न सकिन्छ ।

यसका लागि गैरआवासीय नेपालीहरूको लगानी र ज्ञान दुवै उपयोग गर्न सकिने प्रशस्त सम्भावना छ । अन्य देशमा सफल भइसकेका बुट मोडेलमा निर्यातजन्य उद्योग र पूर्वाधार निर्माण गरिनु उपयुक्त हुन्छ ।

व्यापारका बाधकहरूलाई पहिचान गर्न, सम्बोधन गर्न सरकार, निजी क्षेत्र र विकास साझेदारहरूको समन्वयात्मक प्रयास आवश्यक छ । यसका लागि सर्वप्रथम त नेपालको निर्यात बढाउनका लागि हालको निर्यात गर्न सकिने वस्तुहरूको साँघुरो घेरालाई बढाएर अझ बृहत् बनाउनु आवश्यक छ । भारत र चीन नेपालका सबैभन्दा ठूलो व्यापारिक साझेदार हुन्, तर व्यापार एकपक्षीय रहँदै आएको छ । यी देशमा विशेषगरी मूल्य अभिवृद्धियुक्त (हाई भ्यालु) कृषिजन्य उत्पादन, पर्यटन र हस्तकलाका क्षेत्रमा नेपालको निर्यात बढाउन सकिने सम्भावना रहेको छ । यसका लागि केही सम्भाव्य क्षेत्रहरू नेपालका लागि छुटेको निर्यात अवसरका संयुक्त राज्य अमेरिका, जापान र युरोपेली संघजस्ता देशमा तयारी पोसाक, गलैंचा, हस्तकलासहित आइटी सेवाहरूको निर्यात बढाउन सकिन्छ ।

प्रवासको सामर्थ्य : निर्यात प्रवर्द्धनका लागि संसारका उन्नतशील देशहरूले अभ्यास गरेको अर्को सामाजिक-सांस्कृति पाटो पनि छ । विश्वका मात्रै ३९ देशमा नेपालका कूटनीतिक नियोग छन् । तर, गैरआवासीय नेपालीहरूको औपचारिक सञ्जालचाहिँ ८७ देशमा पुगिसकेको छ । कुल जनसंख्याको झन्डै एकतिहाइ नेपाली (संगठित र असंगठित दुवै हिसाबले) प्रवासमा छन् । जसरी चीन र भारतले आफ्ना प्रवासी नागरिकलाई उत्पादन र निर्यातका निम्ति जोडेका छन्, त्यस्तै हाम्रो नेपालले किन नगर्ने भन्ने प्रश्न उठ्छ । आजको युगमा कूटनीतिको राजनीतिक आयामभन्दा आर्थिक र सांस्कृतिक पक्ष सबैभन्दा प्रभावशाली रूपमा अभ्यास गरिएको पाइन्छ । २१औं शताब्दीको भूमण्डलीकृत विश्वमा तुलनात्मक लाभको व्यापारले नै आपसी सम्बन्धहरू निर्धारित भइरहेका छन् । महाशक्ति राष्ट्रहरूले विश्व व्यापारमा आफ्नो हिस्सा विस्तार र व्यापार घाटा न्यूनीकरणमा सबैभन्दा बढी सामर्थ्य खन्याइरहेका छन् । त्यसका लागि कुनै न कुनै रूपमा उपयोगमा आउँछन्, सम्बन्धित देशमा बसोवास गर्ने आफ्ना नागरिकहरू ।

गैरआवासीय नेपाली संघ (एनआरएन)ले नेपालको निर्यात क्षमता बढाउन र त्यसमा विश्वभर छरिएका नेपालीको तागत उपयोग गर्न नीतिगत तयारीमै नेपाल सरकारलाई सघाइरहेको छ । अब यो अभ्यास कार्यान्वयनमा आउन जरुरी छ ।

विश्वव्यापी सन्दर्भमा हेर्दा नेपाल अतिकम विकसित देश (एलडिसी)बाट सन् २०२६ मा स्तरोन्नति हुँदै छ । यस अवस्थामा हाल वस्तुहरूको निर्यातका लागि प्राथमिकताप्राप्त बजार पहुँचको फाइदा लिन अहिले नै विशेष रणनीति विकास गर्नुपर्ने हुन्छ । किनकि हाल पाउँदै आएका कतिपय भन्सारमुक्त, कोटामुक्त बजार पहुँच वा प्राथमिकता ट्यारिफजस्ता पहुँच लाभहरू गुमाउनेछ । त्यसपछि नेपालले आफूलाई विदेशी लगानीका लागि अझ आकर्षक गन्तव्यका रूपमा विकसित गरेर अतिरिक्त क्षमता बनाउनुपर्ने हुन्छ ।

त्यसैले देशको निर्यात क्षमता बढाउनका लागि कुनै एक पक्ष मात्र हेरेर मूल्यांकन गरिनु अधुरो हुन जानेछ । यो सर्वपक्षीय विषय हो । यसमा आन्तरिक उत्पादन, उत्पादकत्व, उत्पादकको क्षमता, लागत, बजार पहुँच, बजारको जानकारी, बजारसँग आबद्धता (कनेक्टिभिटी), भन्सार तथा कर व्यवस्था (ट्यारिफ), बजार पूर्वाधार, प्रतिस्पर्धात्मक क्षमता, सरकारको प्राथमिकता, विदेशी प्रत्यक्ष लगानी (एफडिआई) लगायतका पक्षलाई एकै ठाउँमा राखेर राष्ट्रिय निर्यात रणनीति बनाइनुपर्दछ ।

(डा. केसी गैरआवासीय नेपाली संघका अध्यक्ष हुन्)

कोभिडयता टेक इन्डस्ट्रीमा पाँच लाखले गुमाए रोजगारी

कम्पनीले यति ठूलो संख्यामा कर्मचारी कटौती गर्नाको मुख्य कारण वैश्विक आर्थिक मन्दी, मुद्रास्फीति, उच्च ब्याजदर, आपूर्ति शृंखलामा चुनौती आदि बताउँदै आएका छन्

मीनराज बसन्त

सन् २०२२ लाई कोभिडपछिको लय समातेको वर्ष मानिन्छ । २०२० देखि सुरु भएको महामारीले दुई वर्षसम्म समग्र विश्व ठप्प बनायो । कुनै आर्थिक गतिविधि हुन पाएनन् । आर्थिक गतिविधि नहुँदा त्यसको प्रभाव सानादेखि ठूला कम्पनी, कर्पोरेट हाउस, पर्यटनलगायत क्षेत्रमा पऱ्यो । त्यही मेसोमा हजारौँ कर्मचारीले कामबाट हात धुनुपऱ्यो ।

कोभिड महामारीपछि विश्व अझै पनि आर्थिक संकटबाट पूर्णतः मुक्त हुन सकेको छैन । अझै पनि वैश्विक अर्थतन्त्र धरमर नै देखिन्छ । कोभिडपछि लय समात्न थालेका बेला रुस-युक्रेन युद्ध सुरु भयो । उक्त युद्धले विश्राम लिने छाँटकाँट देखिएको छैन । यी दुवैको असर प्रत्यक्ष अर्थतन्त्रसँग जोडिएका हरेक क्षेत्रमा पऱ्यो । यसबाट केही हदसम्म बच्न ठूला कम्पनी, कर्पोरेट हाउसलगायतले कर्मचारी कटौतीलाई पहिलो प्राथमिकतामा राखे । कर्मचारी कटौती गर्नेमा प्रविधि उद्योग (टेक इन्डस्ट्री) पनि शीर्ष स्थानमा छ ।

कोभिड महामारी सुरु भएयता कर्मचारी कटौती एवं निष्कासनको लहर चलेको छ । विश्वका नाम चलेका ठूला टेक कम्पनीले दिल खोलेरै कर्मचारी कटौती गरेका छन् । यो वर्षको अगस्टसम्म मात्रै कम्पनीहरूले कुल दुई लाख २८ हजार कर्मचारी कटौती (निष्कासनसमेत) गरेका छन्, जसमध्ये जनवरीमा सबैभन्दा धेरै ८९ हजार ८२८ जना रहेका छन् । जनवरीमा अत्यधिक कर्मचारी कटौतीपछि यो क्रम केही थामिएको जस्तो देखिन्छ । त्यसपछि क्रमशः फेब्रुअरीमा ४० हजार २०३, मार्चमा ३७ हजार ९४९, अप्रिलमा २० हजार १०८ र मेमा १५ हजार ४५ कर्मचारी निष्कासनमा परे । यो क्रम यहीँ रोकिँदैन । लगत्तै जुनमा ११ हजार ७१, जुलाईमा १० हजार ६४३ र अगस्ट (हालसम्म) मा तीन हजार ७७५ जनाले रोजगारी गुमाएका छन् । यसरी हेर्दा यो वर्ष मात्रै कुल रोजगार गुमाउनेको संख्या दुई लाख २८ हजार ६२२ देखिन्छ ।

कम्पनीले यति ठूलो संख्यामा कर्मचारी कटौती गर्नाको मुख्य कारण वैश्विक आर्थिक मन्दी, मुद्रास्फीति, उच्च ब्याजदर, आपूर्ति शृंखलामा चुनौती आदि बताउँदै आएका छन् । सन् २०२२ लाई कोभिडपछिको लय समातेको वर्ष मानिन्छ । २०२० देखि सुरु भएको महामारीले दुई वर्षसम्म समग्र विश्वलाई ठप्प बनायो । कुनै आर्थिक गतिविधि हुन पाएनन् । आर्थिक गतिविधि नहुँदा त्यसको प्रभाव सानादेखि ठूला कम्पनी, कर्पोरेट हाउस, पर्यटनलगायतका क्षेत्रमा पऱ्यो । त्यही मेसोमा हजारौँ कर्मचारीले गर्दै आएको कामबाट हात धुनुपऱ्यो । त्यसैगरी, सन् २०२२ मा पनि उल्लेख्य मात्रामा कर्मचारी कटौती भएको देखिन्छ । लेफअफको तथ्यांकअनुसार



सो वर्ष प्रविधि उद्योगमै करिब एक लाख ६६ हजार जना रोजगारविहीन बने । जसमध्ये जनवरीमा ५१४, फेब्रुअरीमा तीन हजार ६९७, मार्चमा पाँच हजार ७३२, अप्रिलमा चार हजार १५७ र मेमा १३ हजार ६४ जना छन् । यस्तै, जुनमा १८ हजार ३४०, जुलाईमा १६ हजार ३९९, अगस्टमा १३ हजार २१३, सेप्टेम्बरमा पाँच हजार ९७५, अक्टोबरमा २० हजार ५७९, नोभेम्बरमा ५३ हजार ७९७ र डिसेम्बरमा १० हजार ४५२ जना टेक इन्डस्ट्रीका कर्मचारीले जागिरबाट हात धुनुपऱ्यो ।

कोभिड सुरु भएको वर्ष अर्थात् २०२० मा कुल ८१ हजारभन्दा बढी कर्मचारीलाई कम्पनीले निष्कासन गरे । यसमा सर्वाधिक फेब्रुअरीमा कुल ६० हजार ५७० जना रोजगारविहीन बनेको देखिन्छ । कोभिडको दोस्रो लहरले विश्व आक्रान्त हुँदा टेक इन्डस्ट्रीमा कर्मचारी कटौती झन् ठूलो परिमाणमा हुन थाल्यो ।

कुन इन्डस्ट्रीले कति कर्मचारी कटौती गरे ? : लेअफ्सको तथ्यांकअनुसार वर्ष २०२२ र २०२३ मा चार लाख ४७ हजारभन्दा बढी संख्यामा कम्पनीले कर्मचारी कटौती गरेका छन् । यसमा रिटेल, हेल्थकेयरदेखि रियल इस्टेटसम्म छन् । सन् २०२२ मा यी क्षेत्रमा एक लाख ५७ हजारभन्दा बढीले रोजगारी गुमाएका थिए । यस्तै, ०२३ मा कुल दुई लाख २८ हजार जनाभन्दा बढी प्रविधिजन्य कम्पनीमा रोजगारविहीन बनेका छन् ।

कोभिडपछिको श्रम बजार : कोभिड महामारीपछि विश्वमा बेरोजगारी संख्या (श्रम बजार) बिस्तारै लयमा फर्कन थालेको छ । अन्तर्राष्ट्रिय श्रम संगठन (आइएलओ)का अनुसार सन् २०२० मा कोभिडको जगजगीले बेरोजगारी संख्या २३ करोड ३५ लाखबाट २०२२ मा आइपुग्दा २० करोड ५० लाखमा झरेको छ । तर, सन् २०१९ को अनुपातमा अझै पनि करिब डेढ करोड बढी देखिन्छ । आइएलओका अनुसार २०२२ मा विश्वभर बेरोजगारी दर ५.८ प्रतिशत थियो । यो पनि कोभिडपूर्वको वर्ष (सन् २०१९)को तुलनामा बढी नै हो । सो वर्ष यस्तो बेरोजगारी दर जम्मा ५.५ प्रतिशत थियो ।

उच्च आयस्रोत भएका देश बेरोजगारी संख्या घटाउन सक्षम भएका देखिन्छन् । कतिसम्म भने उनीहरूले कोभिडपूर्वको अवस्थाभन्दा पनि सुधार गरेका छन् । सन् २०१९ मा उच्च आयस्रोत भएका देशमा बेरोजगारी दर ४.८ प्रतिशत थियो । जबकि, दुई वर्ष लामो महामारीपछि २०२२ मा उक्त दर घटेर ४.५ प्रतिशत पुगेको आइएलओको तथ्यांकले देखाउँछ । यस्तै, यो वर्ष वैश्विक बेरोजगारी संख्या ३० लाखले बढ्ने आकलनसमेत आइएलओले गरेको छ ।

कर्मचारी कटौती गर्ने शीर्ष कम्पनी

गुगल	१२ हजार
मेटा	२१ हजार
माइक्रोसफ्ट	१० हजार
अमेजन	२७ हजार
इरिक्सन	८ हजार ५ सय
फ्लिंक	८ हजार
सेल्सफोर्स	८ हजार
डेल	६ हजार ६ सय ५०
फिलिप्स	१० हजार
माइक्रोन	४ हजार ८ सय
बुकिङ डटकम	४ हजार ६ सय १
सिस्को	४ हजार १ सय
ट्विटर	३ हजार ९ सय
उबर	७ हजार ७ सय २५

स्रोत : लेअफ्स

- एजेन्सीहरूको सहयोगमा

अर्थ पत्रिका
नयाँ पत्रिका
आइतबार ३ भदौ ०८०

आयल निगम सर्वाधिक नाफा गर्ने संस्थान, प्राधिकरण दोस्रो

दुई आर्थिक वर्ष नोक्सानी खेपेको आयल निगम गत आवमा अन्तर्राष्ट्रिय बजारअनुसार नेपालमा पेट्रोलियमको मूल्य नघटाउँदा चर्को नाफा आर्जन गर्न सफल

सरकारको पूर्ण तथा आंशिक लगानीमा सञ्चालित ४२ मध्ये केही संस्थान मात्रै नाफामा गएर सरकारलाई लाभांश दिन सक्षम

अजित अधिकारी/नयाँ पत्रिका

गत आर्थिक वर्ष ०७९/८० मा सबैभन्दा धेरै नाफा गर्ने सार्वजनिक संस्थानको सूचीमा आयल निगम लिमिटेड पहिलो भएको छ। दोस्रो स्थानमा विद्युत् प्राधिकरण रहेको छ।

गत आर्थिक वर्षको असोजदेखि अन्तर्राष्ट्रिय बजारमा कच्चा तेलको भाउ नियमित रूपले घटेको थियो। तर, निगमले अन्तर्राष्ट्रिय बजारअनुसार नेपाली बजारमा मूल्य समायोजन नगरी चर्को नाफा राखेका कारण हाल सञ्चालनमा रहेका ४२ संस्थानलाई उछिन्दै निगम सबैभन्दा धेरै नाफा गर्न सफल भएको हो।

आयल निगमका कार्यकारी निर्देशक उमेशप्रसाद थानीका अनुसार निगमले गत आवमा १८ अर्ब रुपैयाँ नाफा गरेको छ। नाफा भएको सबै रकम अघिल्लो आव ०७८/७९ को ऋण र बक्यौता तिर्न खर्च भएको पनि उनले बताए। 'आयल निगमले गत आवमा चर्को मुनाफा राख्नैपर्ने बाध्यता थियो। किनभने त्यसअघिको वर्षमा अन्तर्राष्ट्रिय बजारमा ठूलो अन्तरले मूल्य बढे पनि नेपाली बजारमा सोहीअनुसार समायोजन गर्न नपाउँदा निगमलाई ४८ अर्ब ९५ करोड नोक्सान भएको थियो,' कार्यकारी निर्देशक थानीले भने, 'सो नोक्सानी भर्पाई गर्नकै लागि गत आवमा नाफा गरिएको यथार्थ उपभोक्ताले पनि बुझ्नुभएको छ।'

आयल निगमले गत आवमा गरेको नाफा कुनै एक आर्थिक वर्षमा आर्जन गरेको हालसम्मकै दोस्रो ठूलो रकम हो। यसअघि आव ०७२/७३ मा निगमले १९ अर्ब ३६ करोड नाफा आर्जन गरेको थियो। त्यतिखेर पनि नाफाबापतको रकम ऋण तिर्न प्रयोग गरिएको थियो।

गत आवमा दुई खर्ब ८१ अर्ब रुपैयाँको पेट्रोलियम पदार्थ आयात भएको निगमले जनाएको छ। जुन, अघिल्लो वर्षको तुलनामा १३ प्रतिशत कम हो। पेट्रोलियम पदार्थमा लगाइएको स्थिर कर नीतिका कारण गत आवमा निगमले एक खर्ब १० अर्ब रुपैयाँ राजस्व बुझाएको थियो।

आव ०७८/७९ सम्म निगम १७ अर्ब ८१ करोड रुपैयाँ सञ्चित नोक्सानीमा थियो। तर, गत आवमा आर्जन गरेको नाफाले संस्थालाई सञ्चित नाफाको स्थितिमा समेत पुऱ्याएको छ।

गत आवमा धेरै नाफा गर्ने संस्थानको सूचीमा निगमपछि दोस्रो स्थानमा विद्युत् प्राधिकरण रहेको छ। प्राधिकरणले १२ अर्ब ३३ करोड नाफा कमाएको छ। प्राधिकरणको नाफा अघिल्लो आव ०७८/७९ को १३ अर्ब ३७ करोड थियो। प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङका अनुसार बिजुलीको माग धान्न आयातको परिमाण बढाउनुपर्दा नाफामा असर गरेको हो। 'सुक्खायामको समय बढेर खोला तथा नदीनालामा पानीको बहाब घट्न गई सरकारी तथा निजी क्षेत्रका जलविद्युत् केन्द्रहरूको विद्युत् उत्पादनमा ह्रास आएको र बिजुली माग धान्न आयातको परिमाण बढाउनुपर्दा नाफाको दर खुम्चिन पुगेको हो,' घिसिङले भने।

उनका अनुसार गत आवमा विद्युत् प्राधिकरणले भारततर्फ १० अर्ब ३५ करोड रुपैयाँको विद्युत् निर्यात गर्दा १९ अर्ब ४५ करोड रुपैयाँको आयात गरेको थियो। प्राधिकरणको नाफादर घटे पनि चुहावट नियन्त्रण र विद्युत्को पहुँच विस्तारमा भने क्रमिक रूपमा सफलता मिलिरहेको छ। दुई वर्षअघि ८९ पतिशत घरधुरीमा रहेको विद्युत् पहुँच गत आवसम्म बढेर ९५ प्रतिशत पुगेको छ भने चुहावटदर पनि १३.४६ प्रतिशतबाट घटेर ९.७६ प्रतिशतमा आइपुगेको छ।

विद्युत् प्राधिकरणको जस्तै दूरसञ्चार कम्पनी लिमिटेड (नेपाल टेलिकम)को नाफा पनि गत आवमा खस्किएर सात अर्ब ८० करोडमा सीमित भएको छ। अघिल्लो आव ०७८/७९ मा आठ अर्ब ४७ करोड नाफा गरेको थियो। गत आवमा रोमिङ सेवा बढेको र विदेशी विनिमय दरमा भएको वृद्धिले आम्दानीमा सकारात्मक प्रभाव परेको टेलिकमले जनाएको छ, तर सस्तो दरको डेटा प्रयोगकर्ता बढेको, विद्युत् आपूर्तिमा निरन्तर अवरोधका कारण सेवाग्राहीले नियमित फोन तथा इन्टरनेट प्रयोग गर्न सकेको, प्राकृतिक प्रकोपलगायतले दूरसञ्चार उपकरणमा क्षति गरेको, आर्थिक ऐन, ०७९ ले दूरसञ्चार दस्तुरमा परिवर्तन गरेको, कर्मचारीको सुविधामा बढी खर्च गर्नुपरेकोलगायतका कारण लागत बढ्न गई गत आवको नाफादरमा असर परेको टेलिकमको भनाइ छ।

निक्षेप तथा कर्जा सुरक्षण कोषले गत आवमा तीन अर्ब ८० करोड रुपैयाँ नाफाको प्रक्षेपण गरेको छ। कोषले निक्षेप बिमकका रूपमा काम गर्दै आएको छ। खासगरी कुनै बैंक तथा वित्तीय संस्था टाट पल्टदा निक्षेपकर्तालाई पर्न सक्ने सम्भावित नोक्सानबाट जोगाउन ०६८ देखि सरकारले कोषको स्थापना गरी सञ्चालन गर्दै आएको छ। स्थापनादेखि कोष निरन्तर नाफामा छ।

सरकारी तीनवटै बैंक पनि नाफामा छन्। तीनवटै बैंकको अघिल्लो आवको तुलनामा गत आवमा नाफादर वृद्धिसमेत भएको छ। प्रारम्भिक वित्तीय वितरणअनुसार राष्ट्रिय वाणिज्य बैंकले चार अर्ब ९१ करोड, नेपाल बैंकले तीन अर्ब ४१ करोड र कृषि विकास बैंकले तीन अर्ब १० करोड रुपैयाँ नाफा आर्जन गरेका छन्। त्यस्तै, नागरिक लगानी कोषले ९० करोड ७८ लाख रुपैयाँ र बिमा कम्पनी लिमिटेडले ७७ करोड ३५ लाख रुपैयाँ नाफा गरेका छन्।

संस्थानमा सरकारको ६ खर्ब लगानी

सरकारले देशभर ६२ वटा संस्थान स्थापना गरेको थियो। तर, ०५० देखि लिएको आर्थिक उदारीकरणको नीतिले संस्थानलाई निरन्तर निजीकरणमा लान थालियो। हालसम्म ३० संस्थान निजीकरण भइसकेको अर्थ मन्त्रालयद्वारा प्रकाशित 'सार्वजनिक संस्थानको वार्षिक स्थिति समीक्षा, ०८०' मा उल्लेख छ। निजीकरण भएकामध्ये आठवटा संस्थान मात्रै नाफामा छन्। त्यसमध्ये केही बन्द भइसकेका छन् भने अधिकांश घाटामा सञ्चालन भइरहेका छन्।

संस्थानहरूमा सरकारले कुल ६ खर्ब १८ अर्ब लगानी गरिसकेको छ। आव ०७८/७९ मा यी संस्थानबाट सरकारलाई ६ अर्ब १५ करोड रुपैयाँ लाभांश प्राप्त भएको थियो। हाल अस्तित्वमा रहेका ४४ मध्ये ४२ संस्थान सञ्चालनमा छन्। यीमध्ये ३३ संस्थान कम्पनी ऐनअन्तर्गत दर्ता र नियमन भइरहेका छन् भने सातवटा संस्थान विशेष ऐन, दुईवटा सञ्चार संस्थान ऐन, सहकारी र संस्थान ऐनअन्तर्गत एक-एकवटा सञ्चालित छन्। सबै संस्थानको फरक-फरक विनियमावली भएका कारण सेवा-सुविधासमेत आफूखुसी निर्धारण गरेका छन्। सञ्चालनमा रहेमध्ये २१ वटा पूर्ण स्वामित्वमा र २३ वटा आंशिक स्वामित्वमा छन्।

गत आव ०७९/८० मा तुलनात्मक रूपमा धेरै नाफा गर्ने प्रमुख संस्थान

- नेपाल आयल निगम लिमिटेड — १८ अर्ब
- राष्ट्रिय वाणिज्य बैंक — ४ अर्ब ९१ करोड
- कृषि विकास बैंक लिमिटेड — ३ अर्ब १० करोड
- नेपाल विद्युत् प्राधिकरण — १२ अर्ब ३३ करोड
- निक्षेप तथा कर्जा सुरक्षण कोष — ३ अर्ब ८० करोड
- नागरिक लगानी कोष — ९० करोड ७८ लाख
- नेपाल दूरसञ्चार कम्पनी लिमिटेड — ७ अर्ब ८० करोड
- नेपाल बैंक लिमिटेड — ३ अर्ब ४१ करोड
- बिमा कम्पनी लिमिटेड — ७७ करोड २५ लाख

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

नेपालमा पहिलोपटक सिएक्स ब्रान्डको 'डर्ट बाइक' एसेम्बल सुरु



नवीन अर्याल/नयाँ पत्रिका

देशमै पहिलोपटक उबडखाबड सडकमा कुदाउने 'डर्ट बाइक' एसेम्बल सुरु भएको छ। हेटौँडामा एसेम्बल प्लान्ट (फ्याक्ट्री) खोलेर क्रस एक्स 'सिएक्स' ब्रान्डका टुरिङ मोटरसाइकल उत्पादन सुरु गरिएको हो।

सिएक्स आठ वर्षअघि बजारमा आएको हो, जुन स्वदेशी ब्रान्डको एक मात्र अफरोड डर्ट बाइक हो। विगत १८ वर्षदेखि देशमै पहिलोपटक युवाहरूलाई एडभेन्चर राइड गराउँदै आइरहेका पासाङ कम्बाचे शेर्पा तथा उनका साथीहरू आशिषविक्रम गुरुङ र अद्वैतलाल श्रेष्ठको टिमले आठ वर्षअघि आफ्नै 'सिएक्स' ब्रान्डमा डर्ट बाइक बजारमा ल्याएका हुन्। 'क्रस एक्स र सिएक्स दुवैको ट्रेडमार्क हामीसँग छ,' शेर्पा भन्छन्, 'यो एक मात्र स्वदेशी ब्रान्डको डर्ट बाइक हो।'

सन् २०१५ देखि बजारमा आएको सिएक्स मोटरसाइकल पाँच सय युनिटभन्दा धेरै बिक्री भएको शेर्पा बताउँछन्। सिएक्स प्रिमियम सेगमेन्टको फुल अफरोड बाइक हो। तीनवटा मोडेलमा उपलब्ध सिएक्स मोटरसाइकलको मूल्य नै आठ लाख ४५ हजार रुपैयाँबाट सुरु हुन्छ। स्वदेशी ब्रान्डमै अन्तर्राष्ट्रिय गुणस्तरका डर्ट बाइक उत्पादन तथा बिक्री गर्दै आइरहेको शेर्पाले बताए। 'अब एसेम्बल पनि स्वदेशमै हुने भएको छ, मेड इन नेपाल भनेर बजारमा ल्याउँछौं,' उनले भने, 'तीनवटै मोडेलको हेटौंडा प्लान्टमा एसेम्बल सुरु भएको छ।' उनीहरू कोभिड महामारीले करिब तीन वर्ष बजार गुमाउनुपरेपछि स्वदेशमै प्लान्ट स्थापना गर्न कसिएका हुन्।

नेपालमा प्लान्ट स्थापनासँगै कम्पनीले नयाँ मोडेल 'सिएक्स ३०० एस' सार्वजनिक गर्दै छ। यसअघि बजारमा आएका २५० एस र २५० एसई मोडेललाई अपग्रेड गरेर ३०० सिसीमा ल्याउन लागिएको हो। अहिले एउटा मात्र मोडेल २५० आर बजारमा उपलब्ध छ, जसको मूल्य साढे आठ लाख रुपैयाँ रहेको छ। 'अब एस र एसई मोडेल ३०० सिसीमा ल्याउँछौं, २५० आरलाई निरन्तरता दिन्छौं,' शेर्पाले भने, 'तीनवटै मोडेलको कन्सेप्ट, डिजाइनदेखि एसेम्बलसम्म स्वदेशमै हुनेछ।' नेपालको डर्ट बाइक बजारमा होन्डापछि सिएक्स दोस्रो स्थानमा रहेको शेर्पाको दाबी छ। यो बाइक अफरोडमा हुइँकिन चाहने ग्राहकको रोजाइमा पर्छ। शेर्पाकै कम्पनी अफरोड नेपालले पनि व्यावसायिक रूपमा विभिन्न ठाउँमा टुरिङ गराउँदै आइरहेको छ।

हेटौंडामा रहेको पाँच हजार वर्गफिट क्षेत्रफलको एसेम्बली प्लान्टमा मलेसिया पढेर आएका इन्जिनियर कार्यरत छन्। पहिलो चरणमा प्लान्टमा २० जनाले काम पाएका छन्। 'डर्ट बाइक एसेम्बल गर्नका लागि स्वचालित मेसिनहरू फिटिङ गर्नुपर्दैन,' उनले भने, 'यो बाइक ह्यान्ड फिटिङ गरिन्छ, चीनमा पनि ह्यान्ड फिटिङ गरेर ल्याउने हो।' कोभिड महामारीमा चीनबाट मोटरसाइकल आयात नै बन्द भयो। जसले गर्दा बजारमा माग हुँदा पनि डेलिभरी हुन सकेन। 'स्वदेशी ब्रान्डका डर्ट बाइक स्वदेशमै फ्याक्ट्री खोलेर उत्पादन गर्ने सपना थियो, कोभिडका कारण यहीं फ्याक्ट्री सेटअप गर्न कस्सियौं' शेर्पाले भने, 'अब आफ्नै देशमा एसेम्बल गर्दा ढुक्क हुन्छ, देशभित्रै प्लान्ट खोलेपछि आयात रोकिएर मार्केट नै गुमाउनुपर्ने डर नहोला।'

बाइकको सिकेडी (पार्टपुर्जा) बाहिरैबाट आयात हुनेछ। सबै पार्टपुर्जा टेस्टिङ भएर गुणस्तरीय मात्रै ल्याउने कम्पनीको दाबी छ। सिएक्स ठूलो भोल्युममा उत्पादन तथा बिक्री हुने बाइक होइन। यो फरक सेगमेन्टको बाइक हो, जसलाई खोज्दै ग्राहक आफैं आइपुग्छन्। यो बाइक कुदाउने पनि सीमित हुन्छन्।

चीनमा उत्पादन गरिए पनि बाइकको गुणस्तरलाई मध्यनजर गरी मलेसिया, युरोप र अमेरिकासम्म उत्पादित पार्टपुर्जा प्रयोग हुन्छन्। 'हामी चेन मलेसियन आरके ब्रान्डको प्रयोग गर्छौं, जुन विश्वकै दोस्रो उत्कृष्ट चेन हो, युएसमा उत्पादित नटबोल्ट प्रयोग गर्छौं,' उनले भने, 'पहिला २५० एसई मोडेलमा स्पिडोमिटर पनि अमेरिकन प्रयोग गर्थ्यौं, हाम्रा बाइकमा स्पेसिफिक पार्टपुर्जा प्रयोग हुन्छन्।' झन्डै दुई दशकदेखि टुरिङ एडभेन्चर गराउँदै आइरहेका कम्बाचेले आफ्नै ब्रान्डमा बाइक उत्पादन गर्ने सपना बुनेका हुन्।

आठवटा ब्रान्ड स्वदेशमै एसेम्बल, प्रतीक्षामा हुन्डाई

नेपालमा एसेम्बल हुने दुईपांग्रे मोटरसाइकलका ब्रान्ड आठ पुगेका छन्। चल्तीका विदेशी ब्रान्डदेखि स्वदेशी स्टार्टअपसम्मले देशभित्रै मोटरसाइकल तथा स्कुटर एसेम्बल/उत्पादन सुरु गरेका हुन्।

आर्थिक मन्दीका बाबजुद पनि धमाधम दुईपांग्रे र चारपांग्रे सवारीसाधन एसेम्बल प्लान्ट खुल्न थालेका छन्। केही महिनाभित्रै लक्ष्मी ग्रुप नवलपरासी प्लान्टबाट हुन्डाई भेन्यु एसेम्बल सुरु गर्ने तयारीमा छ। हुन्डाईको कारखाना सञ्चालनमा आएपछि एसेम्बल प्लान्ट नौ पुग्नेछन्। हुन्डाईले परीक्षण उत्पादनका लागि सिकेडी (पार्टपुर्जा) आयातसमेत गरिसकेको छ।

देशमा सबैभन्दा पहिला बजाज मोटरसाइकल एसेम्बल सुरु गरिएको थियो। पाँच वर्षअघि नवलपरासीका खुलेको प्लान्टमा बजाजका अधिकांश मोडल एसेम्बल भइरहेका छन्। सरकारले एसेम्बल उद्योगका लागि सिकेडी (पार्टपुर्जा) आयात गर्दा अन्तःशुल्कमा ५० प्रतिशत छुटलगायत सुविधा उपलब्ध गराएपछि स्वदेशमै एसेम्बल उद्योग खुल्न थालेका हुन्।

अहिले नवलपरासीको रामग्राममा कारखाना स्थापना गरी यामाहा मोटरसाइकल तथा स्कुटर एसेम्बल सुरु भएको छ। अहिले परीक्षण उत्पादन भइरहेको बताइएको छ। गत महिना मात्रै रोयल इन्फिल्डका बाइक वीरगन्जमा एसेम्बल गर्न सुरु भएको छ। रोयल इन्फिल्डले त्रिवेणी समूहसँगको सहकार्यमा ५० करोड लगानी गरेर वीरगन्जमा एक लाख स्क्वायर फिटको सिकेडी प्लान्ट स्थापना गरेको हो।

शंकर समूहले बाराको सिमरामा टिभिएसको प्लान्ट सञ्चालनमा ल्याएको तीन वर्षभन्दा बढी भइसक्यो। टिभिएसका बाइक, स्कुटर तथा तीनपांग्रे टेम्पो स्वदेशमै एसेम्बल हुन्छन्। सुन्दर अटो इन्जिनियरिङले आफ्नै ब्रान्ड नेममा विद्युतीय बाइक उत्पादन सुरु गरिसकेको छ। धुम्बाराहीमा रहेको फ्याक्ट्रीबाट 'गन्तव्य' ब्रान्डमा बाइक उत्पादन सुरु भएको छ। स्वदेशी ब्रान्डकै विद्युतीय बाइक 'यात्री' निकै चर्चामा छ।

ग्यास एवं पेट्रोलियम व्यवसायबाट उदाएका शिव घिमिरेले आफ्नै मौलिक ब्रान्डमा विद्युतीय दुईपांग्रे उत्पादन थालेका छन्। अहिले ट्रायलका रूपमा एसेम्बल थालेको एसजी अटोक्राफ्टले 'बाहन' ब्रान्डमा विद्युतीय स्कुटर तथा बाइक बजारमा बिक्री गर्ने जनाएको छ। स्वदेशी ब्रान्डको डर्ट बाइक क्रस एक्स (सिएक्स) हेटौंडामा कारखाना खोली एसेम्बल सुरु गरिएको छ।

पछिल्लो समय नेपालमा अर्बौं लगानी गर्ने गरी दुई दर्जनभन्दा बढी एसेम्ब्ली प्लान्ट उद्योग विभागमा दर्ता भएका छन्।

डोल्पा विमानस्थल एक महिना बन्द हुने



डोल्पामा **रामचन्द्र न्यौपाने**

हिमाली जिल्ला डोल्पामा रहेको जुफाल विमानस्थल एक महिना बन्द गर्न सिफारिस गरिएको छ। शनिबार जिल्लास्थित सरोकारवाला व्यक्तिहरूले स्थलगत अनुगमन गरेपछि विमानस्थल बन्द गर्नका लागि नागरिक उड्डयन प्राधिकरण काठमाडौंलाई सिफारिस गर्ने निर्णय गरेको हो। विमानस्थलको धावनमार्ग असुरक्षित भएको गुनासो पाइलटहरूबाट बारम्बार आएपछि स्तरोन्नति गर्नका लागि विमानस्थल बन्द गर्न लागिएको नागरिक उड्डयन प्राधिकरण जुफालका प्रमुख अमित चौरासियाले जानकारी दिए।

विमानस्थल स्तरोन्नतिका लागि बोलपत्र आह्वान भएर निर्माण कम्पनीले जिम्मा पाइसकेको छ। १० भदौदेखि १० असोजसम्म विमानस्थल बन्द गर्न सिफारिस गरिएको उनले बताए।

डोल्पाली‌का लागि यातायातको भरपर्दो साधनका रूपमा रहेको जुफाल विमानस्थल स्तरोन्नति गर्नका लागि एक महिना बन्द हुनेछ।

स्थलगत अनुगमनमा विमानस्थल प्रमुख अमित चौरासिया, ठुलीभेरी नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत सुकदेव लम्साल, सहायक प्रमुख जिल्ला अधिकारी दामोदर ज्ञवाली, सशस्त्र प्रहरी नायब उपरीक्षक लीलाबहादुर कार्की, प्रमुख अनुसन्धान अधिकृत मेघराज कँडेललगायत एयरलाइन्सका प्रमुख तथा स्थानीय सरोकारवाला व्यक्तिहरूको उपस्थिति रहेको थियो।

विमानस्थलको एक सय ८५ मिटर स्तरोन्नति गर्नुपर्नेछ। त्यसको जिम्मा आजीवन मरिन-तामाङ जेभी धादिङले मूल्य अभिवृद्धि करसहित ६ करोडमा लिएको नागरिक उड्डयन प्राधिकरणका इन्जिनियर वीरप्रसाद शाहीले जानकारी दिए।

साउनमा ७८ अर्ब ८७ करोड उठ्यो राजस्व

काठमाडौं/ सरकारले चालू आर्थिक वर्षको पहिलो महिनामा ७८ अर्ब ८७ करोड रुपैयाँ राजस्व संकलन गरेको छ। साउनमा चालू आवमा उठाउने लक्ष्यको ५.५४ प्रतिशत मात्रै संकलन भएको हो। यस वर्ष १४ खर्ब २२ अर्ब ५४ करोड राजस्व उठाउने सरकारको लक्ष्य छ।

गत आर्थिक वर्षको साउन महिनामा ७९ अर्ब ७२ करोड राजस्व उठेको थियो। जसको तुलनामा चालू आवको साउनमा उठेको राजस्व १.०६ प्रतिशतले कम हो। यसमा कर राजस्व ७० अर्ब १७ करोड र आठ अर्ब ६९ करोड संकलन भएको छ। यस अवधिमा सरकारले नौ अर्ब ३४ करोड अन्य आम्दानीसमेत गरेको छ।

महालेखा नियन्त्रक कार्यालयको तथ्यांकअनुसार साउन मसान्तसम्ममा सरकारले ३५ अर्ब १७ करोड ९० लाखबराबर बजेट खर्च गरेको छ। यही अवधिमा सरकारको कुल प्राप्ति भने ८८ अर्ब १३ करोड ९० लाख रुपैयाँबराबर छ।

चालू आर्थिक वर्षमा सरकारले कुल १७ खर्ब ५१ अर्ब ३१ करोड २१ लाख रुपैयाँबराबरको बजेट ल्याएको थियो। जसमध्ये चालूतर्फ नौ खर्ब ४९ अर्ब ३३ करोड ५६ लाख रुपैयाँ, पुँजीगततर्फ चार खर्ब ७१ अर्ब ६ करोड ५८ लाख रुपैयाँ र वित्तीय व्यवस्थातर्फ तीन खर्ब ३० अर्ब ९१ करोड सात लाख रुपैयाँबराबर बजेट छुट्याइएको थियो।

साउन मसान्तसम्ममा चालूतर्फ १२ अर्ब १९ करोड १७ लाख (अर्थात् वार्षिक लक्ष्यको एक दशमलव २८ प्रतिशत) र पुँजीगततर्फ ९० करोड ६१ लाख (अर्थात् वार्षिक लक्ष्यको शून्य दशमलव १९ प्रतिशत)बराबर खर्च भएको छ। यो अवधिमा चालू र पुँजीगत शीर्षकमा भएको भन्दा वित्तीय व्यवस्थामा भएको बजेट खर्च धेरै छ। साउनमा सरकारले वित्तीय व्यवस्थातर्फ २२ अर्ब सात करोड ८१ लाख रुपैयाँबराबर खर्च गरेको छ। जुन वित्तीय व्यवस्थातर्फको वार्षिक लक्ष्यको ६ दशमलव ६७ प्रतिशतबराबर हो।

टाइगर प्यालेस दुई महिनाभित्र पूर्ण सञ्चालनमा आउने

भैरहवामा **दिपेश पछाई**

रुपन्देहीको तिलोत्तमा नगरपालिका-१५, कोटिहवास्थित टाइगर प्यालेस रिसोर्ट नयाँ व्यवस्थापनसहित दुई महिनाभित्र पूर्ण रूपमा सञ्चालनमा आउने भएको छ। यसअघि सिल्भर हेरिटेज ग्रुपले आफ्नो सहायक कम्पनी सिल्भर हेरिटेजमार्फत सञ्चालन गर्दै आएको थियो। अहिले अमेरिकामा स्थापना गरेको हिमालयन टाइगर इन्भेस्टमेन्ट इंकमार्फत सिल्भर हेरिटेज लिमिटेडमा भएको अस्ट्रेलियन कम्पनीको सम्पूर्ण सेयर खरिद गरी सञ्चालनको प्रक्रियामा रहेको रिसोर्टका अध्यक्ष बुद्धिसागर सुवेदीले जानकारी दिए। अमेरिकामा रहेका गैरआवासीय नेपाली बुद्धिसागर सुवेदी, दीपकदत्त गौतम, कुल आचार्य, देव भुसाल, रामजी मरासिनीलगायतको टिमले टाइगर प्यालेस खरिद गरेका हुन्।

सिल्भर हेरिटेजमार्फत नेपालमा गरेको लगानी र नेपालको व्यवसायसमेतलाई हेरी १५ मिलियन अमेरिकी डलरमा कारोबार भएको सुवेदीले जानकारी दिए। नयाँ व्यवस्थापन टिमले सरकारलाई तिर्नुपर्ने सबै खालका कर, बैंकको ब्याज, श्रमिकको भुक्तानीलगायतका समस्या चाँडै समाधान गर्ने जनाएको छ।

'सरकारको कर, बैंकको ब्याजलगायतका सबै खालका भुक्तानी र अन्य समस्याहरूको व्यवस्थापन गर्दै चाँडै टुंग्याउँदै छौं,' हिमालयन टाइगर इन्भेस्टमेन्ट इंकका अध्यक्ष बुद्धिसागर सुवेदीले भने। उनले अबको दुई महिनाभित्र रिसोर्टमा उत्पन्न सबै विवाद टुंग्याई नयाँ व्यवस्थापनका साथ रिसोर्ट सञ्चालन हुने बताए। गैरआवासीय नेपालीले खडा गरेको कम्पनीमार्फत अस्ट्रेलियन कम्पनीको सबै सेयर खरिद गरेको भए पनि यस कारोबारबाट नेपालमा कुनै करको दायित्व आएमा कानुनबमोजिम कर तथा राजस्व तिर्न आफूहरू तयार रहेको उनले बताए। 'सबैभन्दा पहिला रिसोर्टमा क्यासिनो सञ्चालनका लागि प्राथमिकता दिइनेछ, रिसोर्ट बन्द हुने अवस्थामा पुगेकाले आफैं हटेका वा हटाइएका कर्मचारीलाई पुनर्बहाली गरिनेछ,' उनले भने।

रुपन्देही जिल्ला अदालतले उक्त होटेल निर्माणका क्रममा सार्वजनिक तथा सरकारी जमिन मिचेको ठहर गर्दै गत माघ ५ गते फैसला गरेको थियो। रिसोर्टले सरकारी जमिन प्रयोग गरेका खबर आए पनि रिसोर्ट निर्माणअगावै सरकारी जग्गा, कुलो-नहरबापत १६ कट्ठा जग्गा रिसोर्टको तर्फबाट सट्टापट्टा गरी उपलब्ध गराइएको सञ्चालक दीपकदत्त गौतमले बताए।

रिसोर्ट र यस कम्पनीमातहतमा सञ्चालित क्यासिनोहरूमा करिब एक हजारजना नेपालीले प्रत्यक्ष रोजगारी पाएका थिए।

पेट्रोलपम्पसम्म तेल लैजाने ट्यांकरमा आधुनिक लकिङ सुरु

नयाँ पत्रिका

नेपाल आयल निगम लिमिटेडले शुक्रबारबाट निगमको डिपोबाट पेट्रोलपम्पमा तेल लैजाने ट्यांकरमा आधुनिक लकिङ जडान सुरु गरेको छ। निगम प्रवक्ता मनोज ठाकुरका अनुसार चुहावट नियन्त्रणमा मद्दत मिल्ने अपेक्षासहित यो कार्य सुरु गरिएको बताए।

उद्योग वाणिज्य तथा आपूर्तिमन्त्री रमेश रिजालले सो कार्यको उद्घाटन गर्दै सबै पेट्रोलपम्पमा इन्धन ढुवानी हुने ट्यांकरमा आधुनिक लकिङ सिस्टम चाँडै सम्पन्न गर्ने बताए। निगमको मधेस प्रादेशिक कार्यालय, अमलेखगन्जबाट पथलैयास्थित प्रहरी कल्याण कोषको पम्प, चितवन, बाइपासस्थित साझा पम्प र चितवनकै पुल्चोकस्थित कैलाश आयल स्टोर्सका लागि तीनवटा ट्यांकरमा आधुनिक लकिङ जडान गरी इन्धन ढुवानी सुरु गरिएको हो।

गत आव ०७९/८० मा देशभरका डिपोहरूको इन्धन नोक्सानी लक्षित दरभित्रै रहे पनि विगतका वर्षभन्दा ठूलो दरले वृद्धि भएको पाएपछि निगमले चुहावट नियन्त्रणका लागि सुरक्षित इन्धन ढुवानीमा जोड दिन थालेको हो।

निगमको अमलेखगन्ज डिपो प्रमुख विनीतमणि उपाध्यायले तीनवटा ट्यांकरबाट सुरुवात गरे पनि चाँडै सबै ट्यांकरमा लकिङ जडान गर्ने बताए। 'पेट्रोलपम्पसम्म तेल लैजाने ट्यांकरमा अहिले सामान्य लकिङ जडान भइरहेको छ। व्यवसायीको माग र सुरक्षित इन्धन ढुवानीका लागि हामीले गर्दै आएको पहलअनुसार अब बिस्तारै आधुनिकङ लकिङ जडान हुनेछ,' उनले भने।


आयल निगमको अमलेखगन्ज डिपोबाट पेट्रोलपम्पमा तेल लैजाने ट्यांकरमा आधुनिक लकिङ प्रणालीको सुरुवात गर्दै उद्योग वाणिज्य तथा आपूर्तिमन्त्री रमेश रिजाल। तस्बिर : नयाँ पत्रिका


पेट्रोलपम्पसम्म तेल लैजाने ट्यांकरमा अहिले सामान्य लकिङ जडान भइरहेको छ। व्यवसायीको माग र सुरक्षित इन्धन ढुवानीका लागि हामीले गर्दै आएको पहलअनुसार अब बिस्तारै आधुनिक लकिङ जडान हुनेछ।

● **विनीतमणि उपाध्याय,** प्रमुख, मधेस प्रादेशिक कार्यालय, आयल निगम

ठूला व्यवसायीले आफ्नो पेट्रोलपम्पमा तेल लैजान आफ्नै ट्यांकर प्रयोग गर्दै आएका छन्। यस्ता ट्यांकरमा सुरुवाती चरणमा आधुनिक लकिङ लगाइने उपाध्यायले बताए। उनका अनुसार अमलेखगन्ज डिपोदेखि पेट्रोलपम्पहरूमा तेल ओसार्ने करिब ५० वटा निजी ट्यांकर प्रयोगमा रहेका र ती सबैमा क्रमशः आधुनिक लकिङ जडान गर्ने उनले बताए। साना पम्प व्यवसायीले भने एउटा ट्यांकरको पूरै तेल माग नगर्ने भएकाले उनीहरूलाई दोस्रो चरणमा ट्यांकरको प्रत्येक चेम्बरमा लकिङ सुविधासहितको इन्धन ढुवानी कार्य थालिने पनि उनले बताए।

निगमले ०७४ देखि नै ट्यांकरमा आधुनिक लकिङ जडान थालेको हो। तर, त्यतिबेला इन्डियन आयल कर्पोरेसन (आइओसी)को डिपो-रिफाइनरीदेखि निगमको डिपोसम्म मात्रै लकिङ जडान गरिएको थियो।

यो व्यवस्थाले भारतीय बाटोमा ट्यांकरको सिल तोडेर हुने इन्धन चोरीमा उल्लेख्य कमी आएको थियो। त्यसपछि निगमले एउटा डिपोदेखि अर्को डिपोसम्म तेल लैजाने ट्यांकरमा आधुनिक लकिङलाई विस्तार गरेको थियो। अहिले निगमको मधेस प्रादेशिक कार्यालय, अमलेखगन्ज डिपोदेखि विराटनगर, जनकपुर, काठमाडौं, पोखरा र भैरहवा डिपोसम्म डिजेल ढुवानी हुने गरेको छ। त्यस्तै, नेपालगन्जस्थित इन्धन डिपोदेखि सुर्खेत डिपोमा आवश्यकताअनुसार पेट्रोल-डिजेल ढुवानी हुने गरेको छ। यी दुवै चरण पूरा भएपछि अहिले निगमले डिपोदेखि पेट्रोलपम्पमा तेल लैजाने ट्यांकरमा आधुनिक लकिङ सुरु गरेको हो।

'आधुनिक लकिङ जडान भएको ट्यांकरको एउटा साँचो निगमको डिपोमा र अर्को साँचो सम्बन्धित पेट्रोलपम्पमा हुन्छ,' अमलेखगन्ज डिपो प्रमुख उपाध्यायले भने, 'त्यसैले बीचबाटोमा साँचोविना ताला खोलेर इन्धन चोरी हुने सम्भावना कम हुन्छ। कसैले ताला तोडेर इन्धन चोरी गरेको पाए कडा कारबाही हुने व्यवस्था छ।' निगम प्रवक्ता ठाकुरले २० वर्ष पुराना ट्यांकरलाई विस्थापित गरी नयाँ ल्याउँदा भने बटम लोडिङ प्रविधिको हुनैपर्ने व्यवस्था गरिएकाले बिस्तारै सुधार हुने जानकारी दिए।

२० भदौबाट नेवानिले साउदीको दमाममा उडान गर्ने

काठमाडौं/ राष्ट्रिय ध्वजावाहक नेपाल वायुसेवा निगम (नेवानि)ले काठमाडौंबाट साउदी अरेबियाको दमामका लागि टिकट बुकिङ खुलाएको छ। आगामी २० भदौदेखि उडान सुरु गर्ने निगमको तयारी छ।

काठमाडौंबाट साउदी अरेबियाको दमाममा नियमित सीधा उडान गर्न शनिबारबाट टिकट बुकिङ खुला गरेको निगमले जानकारी दिएको छ। उडान तालिकाअनुसार काठमाडौं-दमाम-काठमाडौं सेक्टरमा निगमले हप्ताको दुई दिन बुधबार र शनिबार उडान गर्नेछ। बजारको माग तथा निगमको बजार व्यवस्थापनअनुसार उडानको संख्या बढाउँदै लैजाने योजना रहेको उल्लेख छ।

यात्रीहरूले निगमको कार्यालय वा निगमको वेबसाइट-ट्राभल एजेन्सीबाट टिकट लिन सक्नेछन्। निगमले सुरुवाती मूल्य काठमाडौंदेखि दमामसम्मको ३५ हजार रुपैयाँ तोकिएको छ। त्यस्तै, दमामदेखि काठमाडौंसम्मका लागि पाँच सय ९५ साउदी रियाल तोकेको छ।

यसअघिदेखि नै निगमले साउदी अरबकै रियादमा पनि उडान गरिरहेको छ। नेपाल एयरलाइन्सको यो ११औँ अन्तर्राष्ट्रिय उडान गन्तव्य हो। निगमले अहिले दुईवटा वाइडबडी र दुईवटा न्यारोबडी जहाजमार्फत आठ देशका १० गन्तव्यमा उडान गरिरहेको छ।

सामसङ ग्यालेक्सी जेड फ्लिप ५/जेड फोल्ड ५ रिटेलर मिट

नयाँ पत्रिका

काठमाडौंमा ग्यालेक्सी जेड फ्लिप ५ र जेड फोल्ड ५ को अनावरणपछि सामसङ नेपालले काठमाडौंमा रिटेलर मिट आयोजना गरेको छ। मिटमा नयाँ फोल्डयोग्य उपकरणहरूका साथमा ९० भन्दा बढी व्यापारी साझेदारहरूको उपस्थिति थियो। कार्यक्रममा ग्यालेक्सी जेड फोल्ड ५ र ग्यालेक्सी जेड फ्लिप ५ का विशेषताजस्तै पकेटेबिलिटी, कभर स्क्रिन, फ्लेक्स मोड, वाइड स्क्रिन, इमर्सिभ भिउइङ, सेल्फीलगायतबारे छलफल गरिएको थियो।



ग्यालेक्सी जेड फ्लिप ५ तीन रङ मिन्ट, लाभेन्डर र कालोमा उपलब्ध छ। यो एकै प्रकार (८ प्लस २५६ जिबी)मा मात्र उपलब्ध छ र यसको मूल्य एक लाख ३९ हजार नौ सय ९९ रुपैयाँ तोकिएको छ।

त्यस्तै, ग्यालेक्सी जेड फोल्ड ५ कालो र हल्का निलो दुई प्रकारका दामी रङमा पाइनुका साथै १२ जिबी मेमोरीसहितका २५६ जिबी र ५१२ जिबी भण्डारण क्षमता भएका दुई प्रकारमा उपलब्ध छन्। ग्यालेक्सी जेड फोल्ड ५ (१२ प्लस २५६ जिबी)को मूल्य दुई लाख २६ हजार नौ सय ९९ र ग्यालेक्सी जेड फोल्ड ५ (१२ प्लस ५१२ जिबी) को मूल्य दुई लाख ३९ हजार नौ सय ९९ कायम गरिएको छ।

हरेक फोल्डयोग्य डिभाइसको प्रि-अर्डरमा ग्राहकले २५ हजार रुपैयाँसम्मका उपहार रोज्न सक्नेछन्। यसका साथै सामसङ इन्स्टा फाइनान्स प्रयोग गरी शून्य प्रतिशत ब्याजमा प्रतिमहिना सात हजारसम्मको न्यूनतम इएमआई तिरेर फोन किन्न सक्नेछन्।

लिलाम विक्री सम्बन्धी १५ दिने सार्वजनिक सूचना

प्रकाशित मिति : २०८०/५/३ गते

यस महालक्ष्मी विकास बैंक लि. को तपसिलमा उल्लेखित शाखाहरुबाट तपाई ऋणीहरुले आफ्नो व्यवसायिक/व्यक्तिगत कार्यको लागि प्राप्त गरेको ऋण कर्जा तथा बैंकिङ्ग सुविधाहरुको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज समेत चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तर-ताकेता गर्दा समेत ऋण कर्जा चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरेकोले ऋण कर्जा चुक्ता भुक्तान गर्न मिति २०८०/२/१ गतेको अन्नपूर्ण पोस्ट र मिति २०७९/११/३० गतेको नागरिक राष्ट्रिय दैनिक पत्रिकामा ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरि ऋणी, व्यक्तिगत जमानीकर्ता समेतलाई जानकारी गराउँदा समेत कर्जाको साँवा, ब्याज तथा अन्य दस्तुर चुक्ता भुक्तानी गर्ने तर्फ कुनै चासो नदेखाएकाले सुरक्षण वापत बैंकको नाममा धितोबन्धक लेखिदिएको तपसिलमा उल्लेखित चल, अचल सम्पत्ति, जग्गाहरु तथा सो जग्गामा बनेको घर टहरा पर्खाल आदि र सो समेतले चर्चेको सम्पूर्ण लिगलगापात समेत जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा यो सूचना प्रकाशित भएको मितिले १६ औं दिनमा लिलाम बिक्री गरिने भएकोले सर्वसाधारणको जानकारीको लागि १५ दिने लिलाम बिक्री सम्बन्धी सार्वजनिक सूचना प्रकाशित गरि गोप्य शिलबन्दी बोलपत्र (टेण्डर) को आव्हान समेत गरिएको छ। सो अवधिमा ईच्छुक महानुभावहरुले गोप्य शिलबन्दी बोलपत्रद्वारा आफुले बोलकबोल गर्ने रकम सहित तपसिलमा उल्लेखित शर्त बमोजिम बोलपत्र फर्म बुझाउन समेत अनुरोध गरिन्छ। सूचना बमोजिम कसैको पनि बोलपत्र पर्न नआएमा धितो सुरक्षण रहेका सम्पत्तिहरु बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ एवं बैंकको कर्जा असुली तथा धितो गैह्र बैकिङ्ग सम्पत्ति बिक्री कार्यविधि २०६६ समेत बमोजिम पुन: लिलाम बिक्री गर्न वा बैंक आफैले सकार गरी लिन सक्ने व्यहोरा समेत जानकारी गराइएको छ।

तपसिल

टीकापुर शाखा :

१. ऋणी : कृष्टिना ट्रेडर्स एण्ड सप्लायर्स (प्रो. श्री सचिन बहादुर ओड)
फर्म दर्ता नं : १८९२८/०७०/७१ (वाणिज्य कार्यालय धनगढी कैलाली)
दर्ता मिति : २०७०/८/११
पान नं. ६०१४८६७६४
ठेगाना : कैलाली जिल्ला टिकापुर नगरपालिका वडा नं. ९
व्यक्तिगत जमानीकर्ताहरु :
(क) श्री सचिन बहादुर ओड, बाबु : श्री नैन सिं वोड, बाजे : श्री भवाने ओड
(ख) श्री मुन्नी वि.क. (ओड), बाबु : श्री रने लोहार, ससुरा : श्री भवाने ओड, पति : श्री नैन सिं वोड
(ग) श्री सन्जना ओड, बाबु : श्री जगत बहादुर टमट्टा, ससुरा : नैन सिं वोड, पति : श्री सचिन बहादुर ओड
(घ) श्री नैन सिं वोड, बाबु : श्री भवाने वोड, बाजे : श्री गासे वोड
(ङ) श्री मुकेश ओड, बाबु : श्री नैन सिं वोड, बाजे : श्री भवाने ओड
(च) श्री मनोज ओड, बाबु : श्री नैन सिं वोड, बाजे : श्री भवाने ओड
ठेगाना : हाल कैलाली जिल्ला टिकापुर नगरपालिका वडा नं. १

२. ऋणी : श्री सचिन बहादुर ओड
बाबु : श्री नैन सिं वोड, बाजे : श्री भवाने ओड
ठेगाना : कैलाली जिल्ला टिकापुर न.पा. वडा नं. ७ हाल कैलाली जिल्ला टिकापुर नगरपालिका वडा नं. १
व्यक्तिगत जमानीकर्ताहरु :
(क) श्री सचिन बहादुर ओड, बाबु : श्री नैन सिं वोड, बाजे : श्री भवाने ओड
(ख) श्री सन्जना ओड, बाबु : श्री जगत बहादुर टमट्टा, ससुरा : नैन सिं वोड, पति : श्री सचिन बहादुर ओड
(ग) श्री नैन सिं वोड, बाबु : श्री भवाने वोड, बाजे : श्री गासे वोड
ठेगाना : हाल कैलाली जिल्ला टिकापुर नगरपालिका वडा नं. १
कर्जा : ब्यापार कर्जा आवधिक, ब्यापार कर्जा ओभरड्राफ्ट र व्यक्तिगत कर्जा ओभरड्राफ्ट
धितो सुरक्षणको विवरण : (क) श्री भवाने ओडको नाति, श्री नैन सिंह ओडको छोरा, कैलाली जिल्ला टिकापुर नगरपालिका वडा नं.७ स्थाई ठेगाना भई हाल कैलाली जिल्ला टिकापुर नगरपालिका वडा नं. १ बस्ने श्री सचिन बहादुर ओडको नाममा मालपोत कार्यालय टिकापुरमा दर्ता रहेको कैलाली जिल्ला मनिकापुर गा.वि.स. वडा नं. ५ (नक्सा सिट नं. ५) स्थित कि.नं. १५७२ को क्षेत्रफल २०३१.७८ (ब.मी.) भएको जग्गा तथा सो जग्गामा रहेको अन्य सम्पुर्ण लिगलगापात।

(ख) श्री गासे वोडको नाति, श्री भवाने वोडको छोरा कैलाली जिल्ला टिकापुर नगरपालिका वडा नं. ७ स्थाई ठेगाना भई हाल कैलाली जिल्ला टिकापुर नगरपालिका वडा नं. १ बस्ने श्री नैन सिं वोडको नाममा मालपोत कार्यालय टिकापुरमा दर्ता रहेको कैलाली जिल्ला सितापुर मनिकापुर गा.वि.स. वडा नं. ८ (नक्सा सिट नं. ८) स्थित कि.नं. २६४४ को क्षेत्रफल ३३८.६३ (ब.मी.) भएको जग्गा तथा सो जग्गामा रहेको अन्य सम्पूर्ण लिगलगापात।

भैरहवा शाखा :

ऋणी : श्री खेम बहादुर पुन
बाबु : श्री गम बहादुर पुन, बाजे : श्री मनबीर पुन
ठेगाना : रुपन्देही जिल्ला सिद्धार्थनगर न.पा. वडा नं. १२
व्यक्तिगत जमानीकर्ताहरु :
(क) श्री आश्रीता थापा, बाबु : श्री बिष्णु प्रसाद थापा, ससुरा : श्री गम बहादुर पुन, पति : श्री खेम बहादुर पुन
(ख) श्री मनकारी पुन, बाबु : श्री धनतुल थकाली, ससुरा : श्री मनबीर पुन, पति : गम बहादुर पुन
ठेगाना : रुपन्देही जिल्ला सिद्धार्थनगर न.पा. वडा नं. १२
कर्जा : आवास कर्जा टर्म
धितो सुरक्षणको विवरण : श्री मनबीर पुनको नाती, श्री गम बहादुर पुनको छोरा, रुपन्देही जिल्ला सिद्धार्थनगर न.पा. वडा नं. १२ बस्ने श्री खेम बहादुर पुनको नाममा मालपोत कार्यालय बुटवल रुपन्देहीमा दर्ता कायम रहेको जिल्ला रुपन्देही गजेडी गा.वि.स. वडा नं. ५ (नक्सा सि.नं. ५/ज) स्थित कित्ता नं. १७६ को क्षेत्रफल २०३१.५० ब.मी.को जग्गा तथा सो जग्गामा रहेको अन्य सम्पूर्ण लिगलिगापात समेत।

शर्तहरु :
१. बोलपत्र सम्बन्धि शर्त बन्देज सहितको बोलपत्र यस बैंकको सम्बन्धित शाखा कार्यालयहरुबाट तोकेको शुल्क तिरी प्राप्त गर्न सकिने छ।
२. बोलपत्र साथ आफुले बोलकबोल गरेको अंकको १० प्रतिशत नगद/ बैंक ग्यारेण्टी/गुड फर पेमेण्ट चेक बैंकको खातामा धरौटी स्वरुप जम्मा गर्नु पर्नेछ।
३. बोलपत्र स्विकृत भएपछि बैंकले तोकिदिएको समय भित्र बोलकबोल गरेको बाँकी सम्पूर्ण रकम बुझाउनु पर्नेछ। अन्यथा धरौटी जफत हुनेछ।
४. दा.खा. नामसारी गर्दा सम्बन्धित निकायमा लाग्ने राजस्व लगायत सम्पूर्ण खर्च बोलकबोलदाताले नै व्योहर्नु पर्नेछ।
५. बोलपत्र बुझाउने तथा खोल्ने दिन कारणबस सार्वजनिक विदा पर्न गएमा त्यस पछिको कार्यालय खुलेको दिनमा उपरोक्त कार्य हुनेछन्।
६. यस विषयसँग अन्य जानकारी लिनु पर्ने भएमा यस बैंकको सम्बन्धित शाखा कार्यालयमा सम्पर्क गर्नु हुन अनुरोध छ।
७. कुनै कारण देखाई वा नदेखाई बोलपत्र स्विकृत/अस्विकृत वा आशिंक स्वीकृत गर्ने सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहने छ।
८. शर्त सहितको बोलपत्र स्वीकार गरिने छैन।
९. धरौटी स्वरुप जम्मा गरेको रकममा कुनै ब्याज प्रदान गरिने छैन र बोलपत्रको अन्तिम निर्णय भए पश्चात फिर्ता हुनेछ।

शिलबन्दी बोलपत्र पेश गर्ने अन्तिम मिति : २०८०/५/१७ गते आइतबार (कार्यालय समय भित्र)
खोलिने मिति : २०८०/५/१८ गते सोमबार दिनको २:०० बजे
स्थान : महालक्ष्मी विकास बैंक लि.को सम्बन्धित शाखा कार्यालयहरुमा

महालक्ष्मी विकास बैंक लि.
Mahalaxmi Bikas Bank Ltd.
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको राष्ट्रियस्तरको इजाजत प्राप्त संस्था)
केन्द्रीय कार्यालय दरबारमार्ग, काठमाण्डौं फोन नं. ०१-५३६८१५३, ५३६८७१९
कर्जा असूली विभाग थापाथली, काठमाण्डौं फोन नं. ०१-५९१९२१९/५९११५१९/२०
सबल बैंक, सफल सहकार्य
www.mahalaxmibank.com

घर भाडामा चाहियो

यस प्रभु महालक्ष्मी लाइफ इन्स्योरेन्स लि. साविक प्रभु लाइफ इन्स्योरेन्स लि. र साविक महालक्ष्मी लाइफ इन्स्योरेन्स लि. दुवै मर्ज भए पश्चात विभिन्न शाखा/उपशाखा कार्यालयहरु स्थानान्तरण/स्तरोन्नती गर्ने कार्यहरु भइरहेको हुँदा बीमकको कार्यालयहरु रहेको निम्न उल्लेखित स्थानमा कार्यालय प्रयोजनको लागि घर/फ्ल्याट आवश्यक रहेको हुनाले इच्छुक घर धनीहरुले निम्न लिखित कागजात सहित कम्पनीको प्रधान कार्यालय, प्रशासन तथा सामान्य सेवा विभाग, कमलादीमा यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र आवेदन पेश गर्नुहुन आह्वान गरिन्छ।

घर भाडामा चाहिएका स्थानहरु:
१) **काठमाडौं उपत्यका भित्र** : कमलादी, नक्साल, थानकोट, टेकु, त्रिपुरेश्वर, महाराजगञ्ज, बालाजु, शंखमुल, कुपण्डोल, इमाडोल, लोकन्थली, कौशलटार।
२) **काठमाडौं उपत्यका बाहिर** : वीरगञ्ज, जनकपुर, टाँडी, कुस्मा, बाग्लुङ्ग, बुटवल, लमही, पाल्पा, सुर्खेत, अत्तरिया, डडेलधुरा।
३) कम्पनीको अन्य कार्यालयहरुको हकमा हाल सञ्चालनमा रहेका कार्यालय भन्दा राम्रा स्थानमा रहेका घर/फ्ल्याटको समेत आवेदन दिन सकिनेछ। कम्पनीको शाखाहरुको विवरण www.pmlil.com/branches मा हेर्न सकिनेछ।

आवश्यक कागजातहरु:
१) जग्गा धनी दर्ता प्रमाण पत्र/लालपुर्जाको प्रतिलिपि - १
२) घर धनीको नागरिकताको प्रतिलिपि - १
३) हालसालै मालपोत बुझाएको रसिदको प्रतिलिपि - १
४) घरको निर्माण सम्पन्न प्रमाणपत्रको प्रतिलिपि - १
५) घर धनीको बैंक खाता विवरण।
६) घर धनीको प्यान कार्डको प्रतिलिपि - १

नोट: उपरोक्त कागजातहरु नोटरी पब्लिकबाट प्रमाणित गराएको हुनुपदर्छ।

pRaBhu Mahalaxmi Life
प्रभु महालक्ष्मी लाइफ इन्स्योरेन्स लिमिटेड
कमलादी, काठमाण्डौं | टेलिफोन नं. ०१-५३५२०१२
इमेल : gsd@pmlil.com | वेभसाइटः www.pmlil.com

कर्जा चुक्ता गर्न आउने ३५ दिने सार्वजनिक अत्यन्त जरूरी सूचना

प्रकाशित मिति : २०८०/५/३ गते

यस महालक्ष्मी विकास बैंक लि.को तपसिलमा उल्लेखित शाखाबाट तपाईं ऋणीहरुले कर्जा उपभोग गर्दै आउनु भएकोमा उक्त कर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज आदि चुक्ता भुक्तान गर्न आउन तपाईंहरुलाई पटक पटक लिखित तथा मौखिक रुपमा सूचना गरी तर-ताकेता गर्दा समेत कर्जा चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्था गरेकोले ऋण कर्जा चुक्ता भुक्तान गर्न आउन यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। सो अवधि भित्र बैंकमा उपस्थित हुनु भई तपाई ऋणीहरुले बुझाउनु पर्ने सम्पूर्ण कर्जा रकम सोको ब्याज तथा दैदस्तुर समेत चुक्ता गरी आफ्नो धितो सम्पत्ति फुकुवा गरी लिनु हुन सूचित गरिन्छ। अन्यथा, बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन २०७३, नेपाल राष्ट्र बैंकको कालोसूची सम्बन्धी निर्देशिका तथा बैंकको कर्जा असूली एवं धितो गैह्र बैंकिंग सम्पत्ति बिक्री कार्यविधि २०६६ लगायत प्रचलित कानून बमोजिम सम्बन्धित ऋणी, व्यक्तिगत जमानीकर्ता समेतलाई कर्जा सूचना लि.को कालोसूचीमा राखी अन्य कानूनी कारबाही समेत अगाडी बढाइने कुरा यसै सूचनाद्धारा जानकारी गराइन्छ। साथै व्यक्तिगत जमानतदाता, धितोकर्ता तथा सरोकारबालाहरुले समेत यसै सूचना बमोजिम जानकारी लिनुहोला।

तपसिल

लम्की शाखा :

१. ऋणी : गौरव सौरव सपिङ्ग सेन्टर (प्रो. श्री श्याम बहादुर कठरिया)
प्रा.फ.र.नं. : १७७३४/०६९/७० (वाणिज्य कार्यालय धनगढी, कैलाली)
दर्ता मिति : २०६९/१०/४
पान नं. : ६००९२६४९८
ठेगाना : बौनिया गा.वि.स. वडा नं. ८, कैलाली
व्यक्तिगत्त जमानीकर्ताहरु :
(क) श्री श्याम बहादुर कठरिया, बाबु : श्री विपता कठरिया, बाजे : श्री विरुवा कठरिया
(ख) श्री विप्ता कठरिया, बाबु : श्री विरुवा कठरिया, बाजे : श्री बन्सराम कठरिया
(ग) श्री पल्टी देवी कठरिया, बाबु : श्री सग्गु महतो, ससुरा : श्री विरुवा कठरिया, पति : श्री विप्ता कठरिया
ठेगाना : बौनिया गा.वि.स. वडा नं. ८, कैलाली हाल जोशीपुर गा.पा. वडा नं. ६, कैलाली
(घ) श्री चम्फा देवी कठरिया, बाबु : श्री जगत राम कठरिया, ससुरा : श्री विपता कठरिया, पति : श्री श्याम बहादुर कठरिया
(ङ) श्री विना देवी कठरिया, बाबु : श्री भोलु राना, ससुरा : श्री विपता कठरिया, पति : श्री श्याम बहादुर कठरिया
(च) श्री अनिता कुमारी महतो, बाबु : श्री हिरदा राम महतो, ससुरा : श्री विपता कठरिया, पति : श्री श्याम बहादुर कठरिया
(छ) श्री सौरव कठरिया, बाबु : श्री श्याम बहादुर कठरिया, बाजे : श्री विपता कठरिया
ठेगाना : हाल जोशीपुर गा.पा. वडा नं. ६, कैलाली
कर्जा : महालक्ष्मी उद्यमशिल कर्जा (ओ.डी.)
धितो सुरक्षणको विवरण : श्री विरुवा कठरियाको नाति, श्री विपता कठरियाको छोरा, बौनिया गा.वि.स. वडा नं. ८, कैलाली स्थायी ठेगाना भई हाल जोशीपुर गा.पा. वडा नं. ६, कैलाली बस्ने श्री श्याम बहादुर कठरियाको नाममा मालपोत कार्यालय टीकापुर, कैलालीमा दर्ता कायम रहेको कैलाली जिल्ला, सिमरी गा.वि.स. वडा नं. २, (नक्सा सि नं. २) स्थित कि.नं. ६३५ र ६३६ को क्षे.फ. ०-१-९-० र ०-१-९-० (वि.क.धु.) भएको जग्गा तथा सो जग्गामा रहेको अन्य सम्पूर्ण लिगलगापात समेत।

२. ऋणी : श्री उमा देवी ढकाल, बाबु : श्री राम कृष्ण तिमिल्सेना, ससुरा : श्री कृपाराम ढकाल, पति : श्री परमभक्त ढकाल
ठेगाना : बलिया गा.वि.स. वडा नं. ५, कैलाली हाल लम्की चुहा न.पा. वडा नं. १, कैलाली
व्यक्तिगत्त जमानीकर्ताहरु :
(क) श्री उमा देवी ढकाल, बाबु : श्री राम कृष्ण तिमिल्सेना, ससुरा : श्री कृपाराम ढकाल, पति : श्री परमभक्त ढकाल
(ख) श्री सन्तोष ढकाल, बाबु : श्री प्रमभक्त ढकाल, बाजे : श्री कृपाराम ढकाल
ठेगाना : बलिया गा.वि.स. वडा नं. ५, कैलाली हाल लम्की चुहा न.पा. वडा नं. २, कैलाली
(ग) श्री परमभक्त ढकाल, बाबु : श्री कृपाराम ढकाल, बाजे : श्री प्रतिमा ढकाल
ठेगाना : मुली गा.वि.स. वडा नं. ९, अछाम हाल लम्की चुहा न.पा. वडा नं. २, कैलाली
कर्जा : विपन्न वर्ग कर्जा
धितो सुरक्षणको विवरण : श्री राम कृष्ण तिमिल्सेनाको छोरी, श्री कृपाराम ढकालको बुहारी, श्री परमभक्त ढकालको पत्नि, कैलाली जिल्ला बलिया गा.वि.स. वडा नं. ५ स्थायी ठेगाना भई हाल लम्की चुहा न.पा. वडा नं. २, कैलाली बस्ने श्री उमा देवी ढकालको नाममा मालपोत कार्यालय टीकापुर, कैलालीमा दर्ता कायम रहेको कैलाली जिल्ला, प्रतापपुर गा.वि.स. वडा नं. ५, (नक्सा सि.नं ५) स्थित कि.नं. १२७५ को क्षे.फ. ०-१२-८-० (वि.क.धु.) भएको जग्गा तथा सो जग्गामा रहेको अन्य सम्पूर्ण लिगलगापात समेत।

महालक्ष्मी विकास बैंक लि.
Mahalaxmi Bikas Bank Ltd.
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको राष्ट्रियस्तरको इजाजत प्राप्त संस्था)
केन्द्रीय कार्यालय दरबारमार्ग, काठमाण्डौं फोन नं. ०१-५३६८१५३, ५३६८७१९
कर्जा असूली विभाग थापाथली, काठमाण्डौं फोन नं. ०१-५९१९२१९/५९११५१९/२०
सबल बैंक, सफल सहकार्य
www.mahalaxmibank.com

आइएमई लाइफ इन्स्योरेन्सको रक्तदान कार्यक्रम सम्पन्न



काठमाडौं/ आइएमई लाइफ इन्स्योरेन्सले छैटौं वर्ष पूरा गरेको उपलक्ष्यमा बृहत् रक्तदान कार्यक्रम आयोजना गरेको छ। सातवटै प्रदेशमा गरिएको उक्त कार्यक्रममा ६ सय १९ जना रक्तदाता सहभागी भएका छन्। कम्पनीका प्रमुख सञ्चालन अधिकृत दिनेश अमात्यका अनुसार कम्पनीको केन्द्रीय कार्यालय काठमाडौं, लैनचौरका साथै शाखा कार्यालयहरू बिर्तामोड, इटहरी, वीरगन्ज, मिर्चैया, नारायणघाट, पोखरा, बुटवल, सुर्खेत, नेपालगन्ज, टीकापुर र धनगढीमा रक्तदान कार्यक्रम गरिएको थियो। छैटौं वार्षिकोत्सवका कार्यक्रम समापन भएको घोषणा गर्दै कम्पनीका प्रमुख कार्यकारी अधिकृत कवि फुँयालले यसअघि इन्स्योरेन्सले खिर खाने दिनमा महिला अभिकर्ताको सम्मान कार्यक्रम, आरुष अस्पताल, ललितपुरको समन्वयमा जीवनशैली जनित रोगहरूबारे अभिकर्तामाझ जनचेतना कार्यक्रम, धरानमा एक हजार वृक्षरोपण, देशैभरि मानव सेवा आश्रम, बाल आश्रम, ज्येष्ठ नागरिक आश्रममा कार्यक्रम गरिएको बताए।

अपर लोहोरेको सेयर रजिस्ट्रारमा एनआइसी एसिया क्यापिटल




काठमाडौं/ अपर लोहोरे खोला हाइड्रोपावर कम्पनीको सेयर रजिस्ट्रारमा एनआइसी एसिया क्यापिटल नियुक्त भएको छ। रजिस्ट्रार सेवाअन्तर्गत अपर लोहोरेको संस्थापक समूह तथा सर्वसाधारणमा निष्कासन गरिएका साधारण सेयरहरू सिडिएस एन्ड क्लियरिङ लिमिटेडमा दर्ता गर्ने, नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा सेयर कारोबारका लागि सूचीकरण गर्ने तथा सर्वसाधारणमा बाँडफाँट भएको साधारण सेयर सम्बन्धित सेयरधनीको हितग्राही खातामा जम्मा गरिदिनेलगायत कार्य क्यापिटलमार्फत हुनेछ।

सिटिजन्स बैंक र विराट मेडिकलबीच समझदारी

काठमाडौं/ सिटिजन्स बैंक र धरानस्थित विराट मेडिकल सेन्टरबीच विशेष छुट दिने समझदारीपत्रमा हस्ताक्षर भएको छ। समझदारीअनुसार सिटिजन्स बैंकका कार्डवाहक ग्राहकले विराट मेडिकलको सेवामा ५० प्रतिशतसम्मको आकर्षक छुट पाउनेछन्। यस किसिमको सहकार्यबाट बैंकका ग्राहक लाभान्वित हुनुका साथै नगद कारोबारबाट डिजिटल कारोबारतर्फ उत्प्रेरित हुने विश्वास बैंकले लिएको छ। डिजिटल कारोबार गर्दा पाइने छुटसम्बन्धी विस्तृत विवरण सिटिजन्स बैंकको वेबसाइटमा प्राप्त गर्न सकिनेछ।

मकवानपुरमा रिद्धिसिद्धि सिमेन्टको इभेन्ट सम्पन्न



काठमाडौं/ रिद्धिसिद्धि सिमेन्टले मकवानपुरमा आयोजना गरेको 'मकवानपुर स्मार्ट स्टुडेन्ट अफ द इएर २०८०' को छात्रवृत्ति कार्यक्रममा ११ जना विद्यार्थीलाई छात्रवृत्ति प्रदान गरिएको छ। रोबोटिक ल्याबमा बनेको छात्रवृत्ति कार्यक्रममा एक सय नौ विद्यार्थी सहभागी भएका थिए। एसइई परीक्षामा उपलब्ध अंक, दौड प्रतियोगिता साथै आइक्यु परीक्षामा सोधिएका सम्पूर्ण अंक जोडी छात्रवृत्तिका लागि उत्कृष्ट ११ स्मार्ट विद्यार्थी छनोट गरिएको थियो। कार्यक्रमअन्तर्गत कम्पनीले प्रथम हुने विद्यार्थीलाई मासिक पाँच हजार, दोस्रो हुनेलाई ३५ सय, तेस्रो हुनेलाई २५ सय र सान्त्वनास्वरूप थप आठ विद्यार्थीलाई मासिक १५ सय एक वर्षसम्म उपलब्ध गराउनेछ। छात्रवृत्ति पाउने विद्यार्थीमा प्रथम पुरस्कार पाउने इशान्तकुमार मिश्र, दोस्रो अंशुकुमारी र तेस्रो रिजन कठायत रहेका छन्। सान्त्वना पुरस्कार पाउने विद्यार्थीहरू शिवम पटेल, भूषण दाहाल, भोलाकुमार साह कलवार, सुयोग अर्याल, दिपेश चौलागाईं, मनीषाकुमारी खड्का, जिज्ञासा पौडेल र विजय मोक्तान रहेका छन्।

एकै वर्षमा...

पृष्ठ १ बाट क्रमशः

एकजनाले वर्षमा औसत २३ मुद्दाको अनुसन्धान गर्नुपर्ने हुन्छ। मुद्दाको अत्यधिक चाप हुने जिल्लामा एकै प्रहरीले वर्षमा ५० वटासम्म मुद्दा हेर्नुपर्ने बाध्यता छ। अपराध अनुसन्धानमा पर्याप्त जनशक्ति नभएको र वृद्धि गर्ने प्रयास भइरहेको प्रहरी प्रवक्ता डिआइजी कुबेर कडायतले बताए। 'कुल जनशक्तिको १० प्रतिशतलाई अपराध अनुसन्धानमा खटाउने प्रहरीको लक्ष्य छ। हाल चार प्रतिशत मात्र छन्,' उनले भने, 'अपराध अनुसन्धानमा छुट्टै समूह बनाउने र उनीहरूलाई प्रोत्साहन भत्ताको समेत व्यवस्था गर्नेबारे विगतदेखि नै छलफल हुँदै आए पनि प्रगति भने हुन सकेको छैन।' जनशक्ति अभाव, अत्यधिक कार्यबोझ र प्रोत्साहनको अभावका कारण अपराध अनुसन्धान प्रभावकारी हुन नसकेको प्रहरी अधिकारी बताउँछन्।

आर्थिक, लागुऔषध र सामाजिक अपराध उच्च

प्रहरीमा दर्ता भएकामध्ये आर्थिक, सामाजिक र लागुऔषधसम्बन्धी मुद्दा उच्च छन्। पछिल्लो वर्षमा धेरै वृद्धि हुने अपराधमा यी तीन प्रकारकै शीर्ष स्थानमा छन्। बैंकिङ कसुरका मुद्दा एक सय ३५ प्रतिशतले बढेको छ। आर्थिक वर्ष ०७८/७९ मा प्रहरीमा यससम्बन्धी पाँच हजार तीन सय ८३ मुद्दा दर्ता भएकोमा ०७९/८० मा १२ हजार एक सय ३५ मुद्दा दर्ता भए। आर्थिक अपराधसँगै बैंकिङ कसुरका मुद्दा बढेको प्रहरीको विश्लेषण छ। मिटरब्याजदेखि सहकारी ठगीसम्मका विषय चेक बाउन्ससँग जोडिने भएकाले पनि बैंकिङ कसुरका मुद्दा ह्वात्तै बढेको छ।

सामाजिक अपराधसम्बन्धी मुद्दा पनि एक वर्षमा ११ हजार नौ सय ८२ थान दर्ता भएका छन्। अघिल्लो वर्ष ०७८/७९ मा यस्तो संख्या नौ हजार नौ सय ८४ पुगेका थियो। सामाजिक अपराधमा १० हजार पाँच सय नौ मुद्दा त सार्वजनिक हित, स्वास्थ्य, सुरक्षा, सुविधा र नैतिकताविरुद्धको कसुर छ। सामान्य झैझगडादेखि अन्य कुनै पनि अपराध आकर्षित नहुने अवस्थामा पनि यस्तो कसुरमा प्रहरीले मुद्दा चलाउने गरेको छ।

लागुऔषधका मुद्दा पनि बढेको छ। ०७८/७९ मा तीन हजार आठ सय ५६ घटना रहेकामा ०७९/८० मा चार हजार एक सय दुई पुगेको छ। प्रहरी प्रवक्ता कडायत मुद्दाको संख्या धेरै बढे पनि गम्भीर प्रकृतिका मुद्दा भने धेरै नबढेको बताउँछन्। आर्थिक तथा सामाजिक अपराधका घटना भने बढेको उनको भनाइ छ।

हत्या र जुवाका घटनामा कमी

हत्याका घटनामा भने केही कमी आएको छ। ०७९/८० मा पाँच सय एकजनाको हत्या भएकोमा अघिल्लो वर्ष पाँच सय ९० को हत्या भएको थियो। ज्यान मार्ने उद्योगको मुद्दा पनि एक हजार ६९ बाट घटेर नौ सय ८२ मात्र भएका छन्। जुवा तथा सट्टेबाजीका अपराध केही घटेका छन्। अघिल्लो वर्ष चार सय ३० घटना प्रहरीमा दर्ता भएकोमा पछिल्लो वर्ष तीन सय ४२ मात्र छन्। हातहतियार खरखजनासम्बन्धी मुद्दा दुई सय सातबाट घटेर एक सय ७७ मात्र दर्ता भएका छन्।

दैनिक १९ जनाले गर्छन् आत्महत्या

आत्महत्याका घटना केही बढेका छन्। ०७९/८० मा ६ हजार नौ सय ७१ जनाले आत्महत्या गरेका छन्। अघिल्लो वर्ष यो तथ्यांक ६ हजार सात सय ९२ थियो। जसअनुसार औसतमा दैनिक नेपालमा १९ जनाले आत्महत्या गर्छन्। आमहत्या उच्च हुने देशमा नेपाल अग्रस्थानमा रहँदै आएको छ। चोरीका घटना बढेका छन्। ०७८/७९ मा तीन हजार एक सय ८८ चोरी तथा डकैती भएकोमा ०७९/८० मा तीन हजार ६ सय १९ घटना भएको प्रहरीले जनाएको छ। मानव बेचबिखनसम्बन्धी अपराध एक सय ३६ बाट एक सय ५० पुगेको छ। यस्ता अपराध हजारौँ भए पनि प्रहरीमा थोरै मात्र उजुरी आउने गरेको छ। यस्ता कतिपय उजुरीमा वैदेशिक रोजगार ठगीअन्तर्गत समेत मुद्दा चल्ने गरेको छ।

बलात्कारसम्बन्धी घटनाको अवस्था लगभग उस्तै छ। जबर्जस्ती करणीका घटना ०७८/७९ मा दुई हजार तीन सय ८० रहेकामा ०७९/८० मा दुई हजार तीन सय ८७ दर्ता भएका छन्। त्यस्तै, जबर्जस्ती करणी उद्योगसम्बन्धी मुद्दा भने घटेका छन्। ०७८/७९ मा ६ सय ८८ दर्ता भएकोमा ०७९/८० मा पाँच सय १८ दर्ता भएका छन्।

महिला हिंसाका उजुरी पनि उच्च छन्। एक वर्षमा १६ हजार पाँच सय १९ उजुरी दर्ता भएका छन्। महिला हिंसाका घटनामा थोरै मात्र अदालत जाने गरेको छ। बालयौन दुराचारका घटना भने बढेका छन्। अघिल्लो वर्ष तीन सय १४ रहेकोमा ०७९/८० मा तीन सय ४३ पुगेको छ। आपराधिक विश्वासघातका मुद्दा पनि बढेका छन्। ०७८/७९ मा सात सय ३९ वटा रहेकोमा ०७९/८० मा एक हजार एक सय पाँच पुगेको छ।

■ कुन घटनाका कति मुद्दा दर्ता ?

अपराध शीर्षक	जम्मा मुद्दा दर्ता	
	०७८/७९	०७९/८०
ज्यानसम्बन्धी अपराध		
खुन डाका	०	१
कर्तव्य ज्यान	५९०	५०१
विष खुवाएर	१	२
ज्यान मार्ने उद्योग	१०६९	९८२
भवितव्य ज्यान	४८४५	५०१६
फुटकर ज्यान	१७६५	१७३१
गौवध	१९	१५
आत्महत्या गर्न दुरुत्साहन गरेको	१८४	१७२
गर्भ संरक्षणविरुद्धको कसुर	३७	३०
जम्मा	**८५१०**	**८४५०**
आत्महत्यासम्बन्धी		
विष खाएर	१०२४	९३०
आगो लगाएर	१४	६
झुन्डिएर	५६६४	५९३८
हाम फालेर	४१	४९
करेन्ट लाएर	०	०
हातहतियार औजारबाट	१७	१५
पानीमा हाम फालेर(डुबेर)	३२	३३
जम्मा	**६७९२**	**६९७१**
चोरीसम्बन्धी		
डाँका-चोरी	१५९	१९२
नकबजनी-चोरी	११९	१२६
जबर्जस्ती चोरी	४	४
साधारण चोरी	२५८७	३०७३
सवारी चोरी	२८६	१९३
पुरातात्त्विक चोरी	२	१
चौपाया चोरी	३१	३०
जम्मा	**३१८८**	**३६१९**
संगठित तथा आर्थिक अपराधसम्बन्धी		
जुवा खेल्न वा सट्टाबाजी गर्न नहुने	४३०	३४२
मुद्रासम्बन्धी कसुर	५३	८५
ठगी, आपराधिक विश्वासघात तथा आपराधिक लाभ (एक्सटर्सन)सम्बन्धी कसुर	७३९	११०५
लागुऔषध	३८५६	४१०२
नापतौलसम्बन्धी कसुर	१७	२६
प्राचीन स्मारक	२	२
चन्दा संकलन	११	६
सरकारी छाप दस्तखत किर्ते	६३	७७
राहदानी	४	६
अपहरण/शरीर बन्धकसम्बन्धी कसुर	१३२	१२८
हातहतियार खरखजना	२०७	१७७
प्रतिलिपि अधिकार उल्लंघन	१	१
जम्मा	**५५१५**	**६०५७**
सामाजिक अपराध		
सार्वजनिक शान्तिविरुद्धको कसुर	९८९	९५६
सार्वजनिक हित, स्वास्थ्य, सुरक्षा, सुविधा र नैतिकताविरुद्धको कसुर	८५५३	१०५०९
सार्वजनिक अधिकारीको अख्तियारीको अवज्ञासम्बन्धी कसुर	५	४
आपराधिक प्रवेश तथा आपराधिक उपद्रवसम्बन्धी कसुर	१४६	१६८
नागरिकतासम्बन्धी	७१	१३०
कुटपिट वा अंगभंगसम्बन्धी कसुर	१८२	१६७
राज्यविरुद्धका कसुर	०	०
धर्मसम्बन्धी कसुर	४	२
आवश्यक वस्तु संरक्षण ऐन	०	१
आवश्यक सेवा सञ्चालन ऐन	०	०
भेदभाव तथा अन्य अपमानजन्य व्यवहारसम्बन्धी कसुर	३४	४४
जम्मा	**९९८४**	**११९८२**
महिला तथा बालबालिकासम्बन्धी		
मानव बेचबिखन तथा ओसारपसार	१३६	१५०
बहुविवाह	८०९	७२३
बालविवाह	५२	५२
जबर्जस्ती करणी	२३८०	२३८७
जबर्जस्ती करणी उध्योग	६५५	५१८
अप्राकृतिक मैथुन	३१	३५
बालयौन दुरुपयोग	३१४	३४३
यौन दुर्व्यवहार	१	०
बोक्सीको आरोप	४९	४३
घरेलु हिंसा	०	१
जम्मा	**४४२७**	**४२५३**
सवारीसम्बन्धी		
सवारी ज्यान	२२१८	१८७२
सवारी अंगभंग	३०८	३८९
सवारीबाट क्षति	०	१
जम्मा	**२५२६**	**२२६२**
विविध		
मानव बेचबिखन तथा मानव अंग प्रत्यारोपण	०	०
मानव बेचबिखन तथा जर्बजस्ती करणी	२३	१०
कुटपिट गरी गर्भ तुहाएको	०	२
जिउँदो बच्चा जन्माई फालेको	१	३
आगलागीसम्बन्धी	१५	१०
विस्फोटक पदार्थसम्बन्धी कसुर	२८	१७
बम विस्फोटन	२	०
अपहरण तथा जबर्जस्ती करणी	७२	५९
जबर्जस्ती करणी गरी कर्तव्य	९	५
अपहरण तथा कर्तव्य	४	३
संगठित अपराध	१२	८
विद्युतीय कसुर तथा साइबर अपराध	१३८	१३३
दूरसञ्चार कसुर, टेलिफोन तार चोरी	१	४
बैंकिङ कसुर	५३८३	१२१३५
परीक्षा तथा शिक्षा ऐन	१९	२४
पशुपक्षीसम्बन्धी कसुर	५४	८३
चिट्ठा	१	०
इलाजसम्बन्धी कसुर	९	२४
लिखतसम्बन्धी कसुर	१३८	१५२
अन्य	५१	५३
जम्मा	**५९६०**	**१२७२५**

संसद्को...

पृष्ठ १ बाट क्रमशः

गर्नुपर्छ, ' उनले भने।

संसदीय प्रणाली भएका अन्य देशमा पनि संसद् अवरोध भने हुने गरेको उनले सुनाए। 'संसदीय प्रणाली भएका अरू देशमा पनि संसद् अवरोध हुन्छ। छिमेकी भारतमा आँखा झिम्क्याउनेदेखि फ्लाइङ किससम्मको विवाद चल्दोरहेछ। राहुल गान्धीले फ्लाइङ किस गरे, आँखा झिम्क्याए। यो दुइटा प्रकरणले भारतीय संसद्मा भयंकर लफडा भयो, त्यस्तो गरेको हो-होइन भन्ने आफ्नो ठाउँमा छ।'

नेपालको प्रणालीमा बहुमत ल्याएर सरकार चलाउने र अल्पमत हुने दल प्रतिपक्षमा रहने भन्दै नेम्वाङले उसले आफ्नो कुरा उठाउने बताए। 'यहाँनेर नियममा अवरोधको व्यवस्था छैन। तर, के छ भन्दा विकसित संसदीय प्रणालीमा हेर्‍यो भने प्रतिपक्षी (गभर्न्मेन्ट इन वेटिङ)ले प्रभावकारी र सशक्त ढंगले आफ्नो कुरा राख्छ। सरकारले त्यो कुरा सुन्नुपर्छ, सुन्छ भन्ने एउटा प्रणाली छ,' उनले सुनाए।

सरकार सदन र प्रतिपक्षीप्रति उत्तरदायी भए अवरोधको अवस्था नै नआउने पनि नेम्वाङको तर्क छ। 'साँच्चै भन्ने हो भने अवरोध फिसिक्कै गर्न नपरोस्, एक मिनेट पनि हल्ला गर्न नपरोस्, प्रतिपक्षको एउटा सांसदले भन्नेबित्तिकै ओहो प्रतिपक्षीले त यो आवाज उठायो भनेर हत्तपत्त सरकार अगाडि सरोस्, त्यस्तो खालको भयो भने त कहिले पनि हुँदै हुँदैन,' उनले भने।

नेम्वाङले नेपालमा पटक-पटक सदन अवरोध हुने गरे पनि संविधान निर्माणका वेला भने अवरोध नगर्ने वातावरण बनाइएको बताए। 'संविधान निर्माणका वेला अवरोध नगर्दै भनेर दलहरूबीच धुमधाम छलफल नै गराएर घोषणा गरायौँ। यो पनि हाम्रो अभ्यासको इतिहासमा छ। त्यतिवेला दुवै संविधानसभामा म अध्यक्ष हुँदा अवरोध थिएन, व्यवस्थापिका-संसद्मा म सभामुख हुँदा भने वेला-वेला अवरोध भएको थियो। तर, एउटा कुरामा एक प्रकारको झन्डै सहमति थियो। त्यो व्यवस्थापिका-संसद्को अवरोध घचेटिएर आएर संविधानतर्फ भरसक अवरोध नगर्ने भन्ने सबैको सहमति थियो। त्यसलाई धेरथोर कायम राख्न सकियो,' उनले स्मरण गराए।

संविधानसभामा छिटपुट घटना भए पनि अध्यक्षको कुर्सीमा बसेर आफूले अवरोध भने हुन नदिएको उनको दाबी छ। 'त्यसक्रममा अलि-अलि सोफा नफुटेका त होइनन्। तर, सोफा भाँचिएको कुराले असर परेन। एकपटक गलबन्दी लगाएर साथीहरू माथि चेयरसम्मै उडेर आइपुगेका पनि हुन्। यो संविधानसभा अध्यक्षलाई गलबन्दी हालेर भुइँमा पछारेर मार्ने खोजेको भन्ने पनि आयो। तर, मैले यो भ्रम हो, आदरका साथ गलबन्दी खादा चढाउन आएको, अर्कै ठानेर सांसदले फ्याँक्नुभएछ भनेर पनि टिप्पणी गरैं। यति भएर पनि अवरुद्ध भएन। संविधानसभामा खुर्सानीको धुलोसम्मको कुरा पनि आयो, तर अवरोध भएन। अभ्यासका क्रममा भएका कुरा हुन्।' अहिले संसद्मा रहेका दलहरूले कमी-कमजोरीका बबाजुद देशलाई यो ठाउँसम्म ल्याइपुऱ्याएको भन्दै नेम्वाङले यहाँबाट अगाडि बढाउने जिम्मेवारी पनि दलहरूकै भएको बताए।

उपसभामुख इन्दिरा रानाले दलहरू मिलेर संसद्मा अवरोध गर्ने गरेको भन्दै संवादबाटै अघि बढ्नुपर्नेमा जोड दिइन्। 'संवादबाटै जानुपर्छ। अवरोध समाप्त पार्नुपर्छ। हामी अवरोध गर्नतिर लागिरहेका छौँ। अवरोध गर्ने कुनै नियममा छैन भन्ने पनि आयो। यसबाट अवरोधहरू दलीय साथीले मिलेर गरेका हुन् भन्ने स्पष्ट भएको छ,' उनले भनिन्।

पूर्वप्रधानन्यायाधीश कल्याण श्रेष्ठले जनताको आवाज अवरुद्ध हुने भएकाले संसद्मा अवरोध गर्न नहुने बताए। 'सदन अवरुद्ध मन परेको छैन, अवरोध नगरौँ, संवाद गरौँ, संवादको विकल्प संवाद मात्रै हो। अहिले भइरहेको अभ्यासले संसदीय पद्धतिको विकासमा सहयोग गर्दैन,' उनले भने।

Government of Nepal
Ministry Of Culture, Tourism & Civil Aviation
Tara Gaon Development Board
Kathmandu,Nepal

INVITATION OF EXPRESSION OF INTEREST(EOI)

First date Of publication:August 20, 2023

Name of Project: Procurement of Consulting Service for Canteen Operation at Federal Parliament Secretariat

Reference No.: 03/TGDB/EOI/2080/081

1.Tara Gaon Development Board has allocated fund **toward the cost of Procurement of consulting service for canteen operation at Federal Parliament Secretariat** and intends to apply on to eligible payments under the Contract for which this Expression of Interest is invited for National consulting service.

2.The **Tara Gaon Development** Board now invites Expression of Interest (EOI) from eligible consulting firms ("consultant") to provide the following consulting services: **Consulting Service for providing manpower service of Jetha Bhanchee, Sahayak Bhanchhe, Waiter, Assistant Staff, Cleaner and Part time staff.**

3.Interested eligible consultants may obtain further information and EOI document free of cost at e-GP system www.bolpatra.gov.np/egp or Visit the clients Taragaon Development Board,kathmandu and website www.tgdboard@gmail.com.

4.Consultants may associate with other consultants to enhance their qualifications.

5.Expressions of interest shall be delivered online through e-GP system www.bolpatra.gov.np/egp on or before 12:00 PM of September 4, 2023.

6.In case the last date of obtaining and submission of the EOI documents happens to be a holiday, the next working day will be deemed as the due date but the time will be the same as stipulated.

7.EOI will be assessed based on **Qualification 48 percent, Experience 40 percent, and Capacity 12 percent** of consulting firm and key personnel. Based on evaluation of EOI, only shortlisted firms will be invited to submit technical and financial proposal through a request for proposal.

8.Minimum score to pass the EOI is **65.**

Khaniyabas Rural Municipality
Office of the Rural Municipal Executive
Darkha, Dhading
Bagmati Province, Nepal

Invitation for Bids

Date of Publication: 20 August, 2023

1. Khaniyabas Rural Municipality invites Electronic Bids from Nepalese eligible bidders for the construction following works under National Competitive Bidding Procedures.

2.

IFB No.	Descriptive of Works	Bid Security NRs. (dharauti khata)	Bid Document (rajaswa khata) Fee. (NRs.)	Estimated Cost (with Vat and PS)	Remarks
Khaniyabas/NCB/works/03/2080-81	Partho Nimalchet Road Construction	2,55,000.00	3,000.00	1,02,38,209.95	
Khaniyabas/NCB/works/04/2080-81	Thambu Salibra Road Construction	1,29,000.00	3,000.00	51,60,903.51	

3. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at **Khaniyabas Rural Municipality, Office of Municipal Executive, Darkha, Dhading** or may visit PPMO website www.bolpatra.gov.np/egp.
4. Bidders, submitting their bid electronically, should deposit the cost (as specified above) of bidding document in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids.
   Information to deposit the cost of bidding document in Bank:
   Name of Bank: Global IME Bank Ltd., Khaniyabas Branch, Dhading
   Name of Account : **Ga-1.1 Antarik Rajaswa Khaata (Khaniyabas Ga.Pa.)**
   Office Account No.: 36204010000005 (rajaswa khata)
5. Electronic bids must be submitted to the through PPMO website www.bolpatra.gov.np/egpon or before 12:00 on 20 September, 2023 from the date of publication of this notice, Bids received after this deadline will be rejected.
6. The Bids will be opened in the presence of the Bidders representatives who choose to attend at **Khaniyabas Rural Municipality, Office of Municipal Executive, Darkha, Dhading, Bagmati Province, Nepal** at 13:00 hours of 20, September 2023 from publication date of this notice. Bids must be valid for a period of 90 days after the deadline of bid submission. All bids must be accompanied by a bid security of amount mentioned above, **valid 30 days beyond the validity period of Bid.**
   If bidder wish to submit Bid Security in the form of cash, the cash should be deposit in:
   Name of Bank : Global IME Bank Ltd., Khaniyabas Branch, Dhading
   Name of Office : Khaniyabas Rural Municipality
   Office Account No.: 36204010000004 (dharauti khata)
7. If the last date of purchasing and/or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
8. Bids should comply in all respects with the Instructions to Bidder included in the Bid Document. Non compliance with this instruction will result in disqualification.
9. In the case of discrepancies or error in bid documents, bid notice or any other documents, **Khaniyabas Rural Municipality** reserves the right to amend and correct at any time.

A.Chief Administrative Officer

जग्गा विवादले...

पृष्ठ १ बाट क्रमशः

एक सय ३२ पक्की घर बनाउने भन्दै १८ फागुन ०७७ मा तत्कालीन प्रधानमन्त्री केपी ओलीले शिलान्यास पनि गरे। ओलीले 'अब कोही गरिब घरविहीन बन्नुपर्दैन' भन्दै भाषण गरेपछि गौरा पनि खुसीले गद्गद् भइन्, ताली पिटिन्। तर, शिलान्यासको ३० महिनासम्म पनि त्यहाँ घर निर्माणको काम हुन सकेको छैन। अहिले त शिलान्यास गरेको ठाउँको इँटासमेत छैन। 'हामी गरिबको पनि सरकार रहेछ भन्ने लागेको थियो। तर, अहिलेसम्म पनि यस्तै घरमा बस्नुपरेको छ,' गौरा भन्छिन्, 'त्यहाँ हामीलाई सार्ने घर नबनेपछि वडाले अरूलाई पनि घर बनाइदिँदै छ रे भन्ने सुनेर म पनि वडा गएकी थिएँ। तर, मंसिरमा तिमीहरूको घर बन्छ भनेर फर्काए। यसो भनेको पनि कतिवटा मंसिर बितिसक्यो, घर बनेन।'

उर्लाबारी- ९ का सुकुमबासी शीतल मुर्मूलाई पनि पक्की घरको आस थियो। सुरुमा एकीकृत नमुना बस्तीको हल्ला चल्दा नपत्याएका मुर्मूलाई प्रधानमन्त्री नै आएर शिलान्यास गरेपछि भने विश्वास लाग्यो। 'सरकारले घर दिने भयो भनेर खुसी लागेको थियो। तर, जग्गाको विवाद रहेछ। जग्गाधनीले त शिलान्यास गरेको इँटा नै त्यही राति भत्काइदिए। अब घर बन्छ जस्तो लाग्दैन,' उनले भने।

जग्गा विवाद नसुल्झिँदै शिलान्यास

ओलीले रातेहोली खोलाको उकास क्षेत्रमा चार बिघा जमिनमा तयार भएको डिपिआरअनुसार बस्ती निर्माणका लागि शिलान्यास गरेका थिए। तर, ऐलानी जग्गा १७ जनाभन्दा धेरैले चार दशकदेखि भोगचलन गर्दै आएका थिए। जसकारण शिलान्यास भएर बस्ती निर्माणका लागि ठेक्का लाग्दासमेत निर्माणको काम हुन सकेको छैन।

स्थानीयलाई जबर्जस्ती गरेर शिलान्यास गरिएको लक्ष्मण गुरुङ बताउँछन्। 'राज्यले हामीमाथि जबर्जस्ती गऱ्यो। ५० वर्षदेखि भोगचलन गर्दै आएको जग्गा खोस्न खोज्यो। शिलान्यास गर्दा पनि हामीले केपी ओलीलाई कालो झन्डा देखायौँ। गेट भत्कायौँ। तर, जबर्जस्ती शिलान्यास भयो,' उनले भने, 'त्यसपछि हामीले काम गर्न दिएनौँ। कि सरकारले हामीलाई मुआब्जा दिनुपर्छ। कि त त्यहाँ भएको आधा जग्गाको धनीपुर्जा दिनुपर्छ। होइन भने जबर्जस्ती गर्न पाइँदैन।'

स्थानीयले जग्गा विवाद नटुंगिएको भन्दै अवरोध गरेपछि एकीकृत नमुना बस्ती निर्माण हुन सकेन। 'ऐलानी भए पनि लामो समयदेखि १७-१८ जनाले जग्गा भोगचलन गरेका थिए। उनीहरूको नम्बरीमा खोलामा कुदेको छ। खोला उकास क्षेत्र भोगचलन गरेका छन्। कतिपय सुकुमबासी पनि छन्। पहिला उनीहरूलाई नसोधी योजना ल्याइएछ,' उर्लाबारी- ९ का वडाध्यक्ष नरबहादुर मोक्तान भन्छन्, 'पहिला सोधेर ल्याएको भए हामी सहमत हुने थियौँ भन्ने उहाँहरूको कुरा छ। हामीले जितेर आउनुअघिकै विवाद हो। जग्गाको विवाद टुंगो नलाग्दै शिलान्यास भयो।'



उर्लाबारी- ९ का सुकुमबासी शीतल मुर्मू र उनको छाप्रो

पटक-पटक वार्ता गर्दा पनि जग्गा विवाद टुंग्याउन नसकिएको उर्लाबारी नगरपालिकाका मेयर गंगाप्रसाद खरेलले बताए। '२४ असोजबाट समय सकिन्छ, छिटो ठाउँ खाली गर्न भनेर सरकारबाट भनिएको छ। दलहरूको सहमति जुटाउन खोजिरहेका छौँ,' उनले भने।

फिफा महिला विश्वकप फुटबल फाइनल आज

पहिलोपटक उपाधि जित्ने दाउमा स्पेन र इंग्ल्यान्ड

सिड्नी/ अस्ट्रेलिया र न्युजिल्यान्डमा जारी फिफा महिला विश्वकपको फाइनल आज सिड्नीमा हुँदै छ। स्पेन र इंग्ल्यान्ड पहिलोपटक उपाधि जित्ने योजनामा छन्। फाइलनअघि दुवै टोलीले उपाधि घर भित्र्याउने दाबी गरेका छन्। इंग्ल्यान्ड लगातार उपाधि भित्र्याउन चाहन्छ। पछिल्लो वर्ष इंग्ल्यान्डले युइएफए महिला युरो जितेको थियो। प्रशिक्षक सरिना विलिंघम टोलीको आक्रमण बलियो बनाउँदै स्पेनको बलियो रक्षापंक्ति भंग गर्ने रणनीतिमा छिन्।

इंग्ल्यान्डले सेमिफाइनलमा अस्ट्रेलियालाई ३-१ ले हराएको थियो। समूह चरणका तीनै खेलमा हाइटी, डेनमार्क र चीनलाई हरायो। सरिनाको प्रशिक्षणमा इंग्ल्यान्डले ठूला प्रतियोगितामा हालसम्म हार बेहोर्नुपरेको छैन। नाइजेरियाको खेलाडीलाई मैदानमा कुल्चिएपछि दुई खेल निलम्बनमा रहेकी जेम्स फर्कंदा इंग्ल्यान्ड भनै बलियो देखिनेछ।

अन्य खेलाडीमा कुनै परिवर्तन छैन। इंग्ल्यान्डकी कप्तान मिली ब्राइटले यो यात्रा निकै उत्साहपूर्ण रहेको बताइन्। 'फाइनलसम्मको यात्रा निकै उत्साहपूर्ण रह्यो। हामी घरमा उपाधि लैजान क्षमता राख्छौं,' ब्राइटले भनिन्।

यता, स्पेनले बलियो प्रतिद्वन्द्वीको रूपमा फाइनल यात्रा तय गरेको छ। जापानसँग समूह चरणमा पराजित भएयता टोली सतर्क छ। स्पेनले समूह 'सी'मा कोस्टारिका र जाम्बियालाई हराएको थियो। प्रिक्वार्टरफाइनलमा स्विट्जरल्यान्ड, क्वार्टरफाइनलमा नेदरल्यान्ड्स र सेमिफाइनलमा स्विडेनलाई २-१ ले हराएको हो। प्रशिक्षक जर्ज भिल्डाको प्रशिक्षणमा स्पेनले क्रान्ति गरेको छ। पछिल्लो वर्षदेखि १५ खेलाडीले भिल्डालाई हटाउन खोजेका छन्।

खेलाडी प्रशिक्षकसँग असन्तुष्ट छन्। गोलपछि र खेल जितेपछि खेलाडीले प्रशिक्षकसँग खुसीयाली मनाएका छैनन्। तर, मैदानभित्र प्रशिक्षणको रणनीति लागू भएको छ। त्यस्तै, जित पनि निस्किरहेको छ। स्पेन पहिलोपटक विश्वकप ट्रफी उचाल्दै यो सबै विवाद टुंग्याउन चाहन्छ। स्पेनको टिममा १९ वर्षीया साल्मा पारालुइलोले उत्कृष्ट प्रदर्शन गरिरहेकी छिन्।

नेदरल्यान्ड्स र स्विडेनविरुद्ध वैकल्पिक खेलाडी बन्दै मैदान प्रवेश गरेकी उनले दुवै खेलमा गोल गरेकी छिन्। उनले पहिलो एघारमा स्थान बनाउने सम्भावना छ। यस्तै, एलेक्सिया पुटेलासले टोलीको पहिलो एघारमा स्थान बनाउन सक्छिन्।

स्पेनकी ऐटाना बोन्मतीले फाइनलका लागि तयारी भएको र यो सुखद यात्रालाई उपाधि जित्दै स्मरणीय बनाउने बताइन्। 'हामी विश्वकपको फाइनलमा छौं। हामीलाई लाखौं मान्छेले हेरिरहेका छन्। यो फाइनल खेल निकै महत्त्वपूर्ण छ। हामी जितेर घर फर्कनेछौं,' बोन्मतीले भनिन्। 'हामीले फाइनल जित्न पाएको अवसर गुमाउनुहुँदैन। इंग्ल्यान्डसँगको खेलमा ध्यान दिनुपर्छ,' बोन्मतीले भनिन्।



विश्वकपमा स्पेनको प्रदर्शन
समूह 'सी'
३-० कोस्टारिका
५-० जाम्बिया
०-४ जापान
प्रिक्वार्टरफाइनल
५-१ स्विट्जरल्यान्ड
क्वार्टरफाइनल
२-१ नेदरल्यान्ड्स
सेमिफाइनल
२-१ स्विडेन

विश्वकपमा इंग्ल्यान्डको प्रदर्शन
समूह 'डी'
१-० हाइटी
१-० डेनमार्क
६-१ चीन
प्रिक्वार्टरफाइनल
०-० (४-२ पेनाल्टी) नाइजेरिया
क्वार्टरफाइनल
२-१ कोलम्बिया
सेमिफाइनल
३-१ अस्ट्रेलिया

> उपाधि जितिसकेका अमेरिका, जर्मनी, जापान र नर्वे प्रतियोगिताबाट बाहिरिसक्दा यसपटक फिफा विश्वकपले नयाँ विजेता पाउँदै

प्लेयर टु वाच



साल्मा पारालुइलो, स्पेन
पछिल्लो दुई खेलमा वैकल्पिक खेलाडीको रूपमा मैदान प्रवेश गरेकी साल्मा पारालुइलोले उत्कृष्ट प्रदर्शन गरिरहेकी छिन्। १९ वर्षीया अट्याकर साल्माले नेदरल्यान्ड्स र स्विडेनविरुद्ध गोल गर्दै उनले उत्कृष्ट प्रदर्शन गरेकी छिन्। फाइनल खेलमा इंग्ल्यान्डको रक्षापंक्तिका लागि साल्मा टाउको दुखाइको विषय बन्न सक्छिन्। स्पेनिस महारथी बार्सिलोनाकी स्ट्राइकर साल्मा बल नियन्त्रणमा लिँदै राम्रो फिनिसिङ गर्न माहिर छिन्।



लौरेन हेम्प, इंग्ल्यान्ड
म्यानचेस्टर सिटीकी फरवार्ड लौरेन हेम्प जारी विश्वकपमा उत्कृष्ट लयमा छिन्। अग्रपंक्तिमा हेम्प रहेपछि विपक्षीलाई सधैं समस्या हुने गर्छ। २३ वर्षीया हेम्प बल नियन्त्रणमा लिँदै फिनिसिङमा सफल देखिन्छिन्। काउन्टर अट्याकमा पनि अब्बल रहेकी हेम्प स्पेनविरुद्ध निकै महत्त्वपूर्ण रहनेछिन्। पछिल्ला ६ खेलमा हेम्पले तीन गोल गरिसकेकी छिन्।

स्विडेन तेस्रो



आयोजक अस्ट्रेलियालाई २-० ले पराजित गर्दै स्विडेनले तेस्रो स्थान हासिल गरेको छ। शनिबार सनक्रप रंगशालामा स्विडेनलाई जित दिलाउन फ्रिडोलिना रोल्फो र कोसोभरे अस्लानीले समान एक गोल गरेका थिए। एकपटकको उपविजेता स्विडेनले चौथोपटक कांस्य पदकमा चित्त बुझाएको छ। यसअघि स्विडेनले सन् १९९१, २०११ र २०१९ मा तेस्रो स्थान हासिल गरेको थियो।

हारपछि अस्ट्रेलियाका प्रशिक्षक टोनी गुस्टाभसनले टोलीलाई पदक जिताउन असफल भएको बताए। 'हामीले घरेलु दर्शकमाझ पदक जित्ने योजना बनाएका थियौं। तर, असफल भयौं,' टोनीले दुखेसो पोखेका छन्। 'हामी पदक जित्न आएका थियौं। यो निकै संघर्षपूर्ण कार्य थियो। तर, मलाई लाग्छ, पदकभन्दा यो स्थानसम्म पुनु ठूलो हो,' टोनीले टोलीको प्रदर्शनमा चित्त बुझाए।

ब्रिसबन मैदानमा घरेलु टोली स्विडेनविरुद्ध फिक्का देखियो। टोलीले गोलका केही अवसर बनाए पनि फिनिसिङमा चुकेको हो। खेलको ३०औं मिनेटमा रोल्फोले पेनाल्टीमा गोल गरिन्। अस्ट्रेलियाकी रक्षकले स्विडेनकी स्टिना ब्ल्याकस्टेनिअसलाई बक्सभित्र लडाएपछि भिडियो सहायक रेफ्रीले पेनाल्टी मान्यता दिएको थियो। जहाँ रोल्फोले गोल गर्दै स्विडेनलाई अग्रता दिलाएकी हुन्। दोस्रो गोल दोस्रो हाफमा सम्भव भयो। ६२औं मिनेटमा अस्लानीले गोल गर्दै स्विडेनलाई कांस्य पदक दिलाएकी हुन्।

नेपाली खेलाडीको समर्थन कसलाई ?

फिफा महिला विश्वकप फाइनल आज अस्ट्रेलियाको सिड्नीमा हुँदै छ। पहिलोपटक च्याम्पियन बन्न स्पेन र इंग्ल्यान्डबीच प्रतिस्पर्धा हुनेछ। महिला विश्वकपको नवौं संस्करण कीर्तिमानले भरिएको छ। खेल प्रतिस्पर्धा, दर्शकको उपस्थितिले यो विश्वकप निकै चर्चित रह्यो। सबैभन्दा सफल पनि मानिएको छ। अन्य देशमा झैं नेपालमा पनि विश्वकपको फरक माहोल छ। समूहमा बसेर हेर्ने धेरै भेटिएका थिए।

नेपाली राष्ट्रिय महिला टोली भने विश्वकप छनोटको अन्तिम चरणबाट बाहिरिएको थियो। नेपालसँगै खेलेका फिलिपिन्स र भियतनामले विश्वकपमा डेब्यु गरे। आफ्नो देशले प्रतिनिधित्व नगरे पनि नेपाली महिला खेलाडीले विश्वकप हेरे। विश्वकपबाट आफ्नो कमीकमजोरी थाहा पनि पाएका छन्। ६ असोजमा चीनको होडभ्रावमा हुने १९औं एसियाली खेलकुदको तयारीमा नेपाली टोली रहेको छ। नेपाली खेलाडीले फाइनल खेल समूहमै रहेर हेर्दै छन्। महिला टोलीले कसको समर्थन गर्दै छन् ?



एन्जिला तुम्बाप्पो सुब्बा, कप्तान तथा गोलकिपर
फाइनलमा इंग्ल्यान्डको समर्थन गर्नेछु। इंग्ल्यान्डले नै जित्छ जस्तो लाग्छ। पछिल्ला विश्वकप खासै नहेरे पनि यसपटक अधिकांश खेल हेरेकी छु। सुरुवातमा राम्रा भनिएका र डिफेन्डिङ च्याम्पियन टोलीहरू बाहिरिएका छन्। फाइनल प्रतिस्पर्धी इंग्ल्यान्ड र स्पेन नै बलिया छन्। तर, इंग्ल्यान्ड अलि बलियो छ। उसका खेलाडी पनि राम्रा छन्। पछिल्लो समय राम्रो खेल खेलिरहेको छ।



सावित्रा भण्डारी, स्ट्राइकर
नेपालमा रहँदा पनि विश्वकप खेल नछुटाई हेर्ने गरेकी थिएँ। अहिले इजरायलमा पनि सकेसम्म हेरिरहेकी छु। फाइनल खेल पनि हेर्छु। इंग्ल्यान्डले जितोस् भन्ने कामना गरेकी छु। जित्छ जस्तो पनि लाग्छ। खासमा अस्ट्रेलियाको समर्थन हो। घरेलु टोली सेमिफाइनलबाट बाहिरियो। एसियाको प्रतिनिधित्व गरेकाले विश्वकप जितोस् भन्ने चाहन्थें, तर चौथो भयो।



प्रीति राई, मिडफिल्डर
पहिलोपटक महिला विश्वकप हेरिरहेकी छु। खेलहरू प्रतिस्पर्धात्मक भएका छन्। मलाई मन पर्ने टोली जापान हो। तर, एकपटक विश्वकप जितेको जापान बाहिरियो। मिडफिल्डर युई हासेगावा राम्रो लाग्छ। उसैको कारण जापानको समर्थन भएको हो। जापान बाहिरिइसकेकाले फाइनलमा यही टोलीलाई समर्थन गर्छु भन्ने छैन। स्पेन र इंग्ल्यान्ड दुवैले राम्रो खेल खेलेको हेर्ने मन छ। खेल प्रतिस्पर्धात्मक होस्, जुनै टोलीले जिते पनि राम्रो खेल होस्।



दीपा शाही, मिडफिल्डर
फाइनलमा यही टोली भनेर समर्थन गरेकी छैन। दुवै टोलीले राम्रो प्रदर्शन गरून्। यसपटक अस्ट्रेलियाको समर्थनमा थिएँ। मलाई कप्तान साम केर मन्न पर्ने खेलाडी हुन्। पहिलोपटक विश्वकप हेरिरहेकी छु। साम केर सुरुवाती दुई खेलमा घाइते भइन्। उनको फिनिसिङ मन पर्छ। यही विश्वकपबाट उनलाई फलो गरेकी थिएँ। गोल पनि राम्रो गरेकी छिन्। केरको बारेमा केही पढेँ पनि। फुटबलअघि निकै संघर्षपूर्ण जीवनी रहेछ।



गीता राना, रक्षक
फाइनल स्पेनले जितोस्। इंग्ल्यान्ड पनि राम्रो टोली हो। तर, स्पेनले बल पोसेसन राख्दै खेलेको निकै मन पर्छ। स्पेनमा खेलाडी राम्रा छन्। टोलीले आन्तरिक द्वन्द्वका बीच राम्रो प्रदर्शन गरिरहेको छ। पहिलोपटक विश्वकप हेरिरहेकी छु। तर, क्लब फुटबल हेरिरहेकी हुन्छु। यसपटक विश्वकपमा राम्रा भनिएका र डिफेन्डिङ च्याम्पियनहरू बाहिरिए। खेलहरू प्रतिस्पर्धात्मक पनि भए। नयाँ च्याम्पियन स्पेन भएको हेर्न चाहन्छु।

खेल संक्षेप

डोजोका ४३८ दीक्षित

कास्की/ कास्कीमा रहेका १८ डोजोका ४३८ जना जुनियर सितोरियो करौंतेका खेलाडी शनिबार दीक्षित भएका छन्। कास्की जिल्ला सितेरियो करौंते संघले आयोजना गरेको कार्यक्रममा बेल्ट टेस्ट ग्रेडिङसँगै उनीहरू दीक्षित भएका हुन्। सितेरियो करौंतेका गण्डकी प्रदेश रेफ्री संयोजक सुरेन्द्रकुमार गुरुङको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा संघका कास्की अध्यक्ष धन लामा, सचिव रामचन्द्र गिरीलगायतको उपस्थिति थियो।

अम्पायर कृतन भारत जाने

काठमाडौं/ नेपालका अन्तर्राष्ट्रिय अम्पायर कृतन खड्का भारतमा हुने कोटक इन्डिया जुनियर इन्टरनेसनल सिरिजमा निर्णायकको भूमिका गर्न भारतको हैदराबाद आज प्रस्थान गर्ने भएका छन्। प्रतियोगिता भारतको हैदराबादमा भर्दौं ५ देखि १० गतेसम्म सञ्चालन हुनेछ। खड्का ब्याडमिन्टन एसिया एक्रिडिटेड अम्पायर हुन्। उनी एसियाकै कान्छो अन्तर्राष्ट्रिय अम्पायर पनि हुन्। यस्तै, भारतको पुणेमा हुने सनराइज इन्डिया जुनियर इन्टरनेसनल ग्रानप्रिक्समा पनि खड्काले अम्पायरको भूमिका निर्वाह गर्नेछन्।

कबड्डीको प्रशिक्षण भारतमा

काठमाडौं/ चीनको हाङझावमा हुने १९औं एसियाली खेलकुदको विशेष प्रशिक्षणका लागि महिला कबड्डी टोली शनिबार प्रस्थान गरेको छ। खेलाडीमा मेनुकाकुमारी राजवंशी (कप्तान), मानमति विष्ट, अनुजा कुलुङ राई, नितु गुरुङ, रविना चौधरी, सुनीता थापा, सिर्जनाकुमारी थारू, जयन्ती बडू, अर्पणा चौधरी, गंगा चौधरी, ईशा राई र कलावती पन्त रहेका छन्। प्रशिक्षकमा पार्वती राई र विष्णुदत्त भट्ट तथा व्यवस्थापकमा कृष्णदेव पन्त रहेका छन्।

ग्रिनल्यान्डको जित

काठमाडौं/ ग्रिनल्यान्डले दशौं ग्रिनफिल्ड कप अन्तरविद्यालय बास्केटबल प्रतियोगिताको पुरुषतर्फ जित हात पारेको छ। ग्रिनल्यान्डले आयोजक ग्रिनफिल्ड 'ए'लाई ५०-३८ ले पराजित गरेको हो। यस्तै, कान्तिपुरले नेपालयलाई २६-१४, पुष्पसदनले जेनिथलाई ३६-३२, स्वर्णिमले एलआरआईलाई ३८-२७, पिपुल्स एकेडेमीले सिद्धार्थ वनस्थलीलाई ३७-१५ र सेबले रेडिअन्टलाई ३५-३३ ले हराएका छन्।

कप्तान एन्जिलाको नाममा ली निङको टिसर्ट

काठमाडौं/ नेपाली राष्ट्रिय महिला फुटबल टोलीकी कप्तान एन्जिला तुम्बाप्पो सुब्बाको नाममा ली निङ स्पोर्टस् ब्रान्डले टिसर्ट बनाएको छ। शनिबार दरबारमार्गस्थित आफ्नो आउटलेट खोल्दै नेपालका लागि ली निङको आधिकारिक विक्रेता चाइना ट्रेड लिंक कम्पनी प्रालिले एन्जिलाको नाममा तयार पारिएको विभिन्न चार रङको पोलो टिसर्ट सार्वजनिक गरेको हो।

आफ्नो ब्रान्ड एम्बासडर एन्जिलाको नाममा विभिन्न चार रङको (एटिएस १६) पोलो टिसर्ट तयार पारेको हो। कार्यक्रममा बोल्दै गोलरक्षक एन्जिलाले भनिन्, 'खेलाडीका लागि आफ्नै नामको टिसर्ट तयार हुनु विशेष हुन्छ। म भाग्यमानी रहेछु। यसले खेलमा अझै राम्रो गर्न प्रोत्साहन मिल्छ,' एन्जिलाले भनिन्। ली निङले एन्जिलालाई दुई वर्षका लागि ब्रान्ड एम्बासडर नियुक्त गरेको हो। नेपाली खेलाडीको नाममा कुनै पनि ब्रान्डले टिसर्ट नै बनाएको यो पहिलोपटक हो।

कार्यक्रममा राष्ट्रिय फुटबल टोलीका पूर्वकप्तान तथा अखिल नेपाल फुटबल संघ (एन्फा)का उपाध्यक्ष उपेन्द्रमान सिंह, नेपाल बास्केटबल संघका कार्यवाहक अध्यक्ष भीमसिंह गुरुङ, महिला राष्ट्रिय टोलीका मुख्य प्रशिक्षक बालगोपाल महर्जन र पूर्वराष्ट्रिय खेलाडी प्रदीप महर्जनसहित राष्ट्रिय महिला टोलीका २१ खेलाडीको उपस्थिति थियो। चाइना ट्रेड कम्पनीका अध्यक्ष राजन महर्जनले विश्वमा खेलाडीको नाममा पाँचजनाको मात्र टिसर्ट तयार पारेको र एन्जिला पाँचौं खेलाडी रहेको बताए। यसैगरी, एन्जिलाको बारेमा निर्माण गर्ने घोषणा भएको फिल्म 'अन्जिला'मा पनि ली निङकै खेल पोसाक प्रयोग गरिने महर्जनले बताएका छन्। शनिबारै एन्जिला र पूर्वकप्तान सिंहले दरबारमार्गस्थित दरबार मलमा ली निङको नयाँ सोरुमको औपचारिक उद्घाटन गरेका छन्।



नेपाल फाइनलमा

काठमाडौं/ दक्षिण एसिया यू-१५ ब्याडमिन्टन च्याम्पियनसिपको मिक्स टिम इभेन्ट्समा नेपाल र श्रीलंकाले उपाधिका लागि प्रतिस्पर्धा गर्ने भएका छन्। उपाधि भिडन्त आइतबार हुनेछ। हलचोकस्थित एपिएफको कभर्डहलमा नेपालले बंगलादेशलाई ३-२ सेटले हराउँदै उपाधिनजिक पुगेको हो।

पहिलो सेटमा बंगलादेशका मोस्तकिम होसेनले नेपालका सुविन श्रेष्ठलाई २१-७, २१-१० ले पराजित गरेका थिए। दोसो सेटमा नेपालकी रिहाना शेरचनले बंगलादेशकी अफिफा खान अरिनलाई २१-१६, २१-१५ ले पराजित गर्दै खेललाई १-१ को बराबरीमा ल्याएकी हुन्। अन्तिम तथा निर्णायक खेलमा नेपालका सुविन श्रेष्ठ र रिहाना शेरचनको जोडीले बंगलादेशका मोस्तकिम होसेन र तान्जिला महमुदको जोडीलाई २१-१५, २०-२२, २१-१३ ले पराजित गर्दै फाइनलमा स्थान बनाएका हुन्।

एसिया यू-२० रग्बी
नेपालका दुवै टोली बाहिरिए



काठमाडौं/ नेपालको महिला तथा पुरुष टोली घरेलु मैदानमा जारी एसिया यू-२० रग्बी सेभेन्सको समूह चरणबाटै बाहिरिएका छन्। शनिबारदेखि दशरथ रंगशालामा सुरु भएको प्रतियोगिताका तीनै खेलमा पराजित हुँदा नेपाल उपाधि जित्नबाट टाढा रहेको हो। यसअघि नेपाली टोलीले सेमिफाइलन पुग्न खेल्ने बताएको थियो।

पुरुषतर्फ समूह 'बी'को पहिलो खेलमा नेपाल भारतसँग २८-० ले पराजित भएको थियो। दोस्रो खेलमा मलेसियासँग ४४-० को भारी अन्तरले स्तब्ध भयो। लगातार दोस्रो हारपछि नेपालले नकआउटमा स्थान बनाउन सकेन। समूह चरणको अन्तिम खेलमा पनि नेपाल हङकङसँग ३६-० ले पराजित भयो। अब नेपालले पाँचौं स्थानका लागि आइतबार उज्वेकिस्तानसँग खेल्नेछ। आइतबार हुने सेमिफाइनलमा चाइनिज ताइपेईले मलेसिया र थाइल्यान्डले हङकङसँग प्रतिस्पर्धा गर्ने भएका छन्।

महिला टोलीले पनि तीनै खेलमा हार बेहोरेको छ। महिलातर्फ लिगमा प्राप्त अंकका आधारमा शीर्ष तीन टोली निर्धारण हुनेछ। पहिलो खेलमा हङकङसँग ३४-५ ले पराजित भएको नेपाल दोस्रो खेलमा मलेसियासँग २४-० ले पराजित भयो।

तेस्रो खेलमा नेपाल थाइल्यान्डसँग ४५-० को फराकिलो हार सामना गर्न बाध्य भयो। यद्यपि, आइतबार तीन खेलमा जित निकाल्दा दोस्रो र तेस्रो हुने अवसर छ। दुईदिने प्रतियोगितामा आइतबार नै सेमिफाइनल र फाइनलका खेल हुनेछन्।

उद्योग, व्यवसाय गरौं र आत्मानिर्भर बनौं
- स्थानीय श्रोत साधनको उपयोग गरी उद्योग गरौं, उद्यमी बनौं,
- आयातलाई प्रतिस्थापन गरौ र निर्यातलाई बढाऔं,
- उद्योगी र व्यवसायीको सम्मान गरौं,
- पूँजी निर्माणमा सहयोग गरौं,
- परनिर्भरता घटाऔं, आत्मानिर्भरता बढाऔं,
- देशको अर्थतन्त्रमा टेवा पुऱ्याऔं ।
नेपाल सरकार
विज्ञापन बोर्ड



नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com